डिसेम्बर २०२३

# नेपालमा बालबालिकाको सिकाइ उपलब्धिमा भाषाहरू र भाषिक नीतिहरूको प्रभावको बुझाइ



डा. प्रेमप्रसाद पौडेल
डा. ट्र्यासी कस्ट्ली

# आभार

यस अध्ययनमा प्रत्यक्ष र अप्रत्यक्षरूपमा सहभागी भएका र अध्ययनलाई सहयोग पुर्‍याउने सबै व्यक्तिहरूप्रति हामी डा. प्रेमप्रसाद पौडेल र डा. ट्र्यासी कस्ट्ली आभार व्यक्त गर्न चाहन्छौँ।

यो अध्ययन शिक्षा तथा मानव स्रोत विकास केन्द्र, भाषा आयोग, युनेस्को र ब्रिटिस काउन्सिलको सहकार्यमा युनिसेफले गरेको हो । उल्लिखित सङ्घ संस्थाको सहकार्य, सहयोग र दुरदृष्टि बिना यो अध्ययन सम्भव थिएन। त्यसैले हामी ती सङ्घसस्थालाई यो अध्ययनको सहकार्यका लागि मात्र नभई अध्ययनका सबै चरणहरूमा साझा गरिएका ज्ञान लागि पनि हार्दिकताका साथ धन्यवाद प्रकट गर्न चाहन्छौँ। हामी ती सङ्घसस्थालाई नेपालका सबै विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्ने प्रतिबद्धताका लागि धन्यवाद दिन चाहन्छौँ।

हामी शिक्षा तथा मानव स्रोत विकास केन्द्रका पूर्व महानिर्देशक चूडामणि पौडेल र निर्देशक समितिका सदस्य ( शिक्षा तथा मानव स्रोत विकास केन्द्रका श्रीप्रसाद भट्टराई, रुद्रप्रसाद अधिकारी र सविता दङ्गाल, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका फटिकबहादुर के सी, सल्लाहाकार डा. लवदेव अवस्थी, भाषा आयोगका कमला पाण्डे, पाठ्यक्रम विकास केन्द्रका टुकराज अधिकारी, युनेस्को काठमाडौँका प्रतिभा श्रेष्ठ र ब्रिटिस काउन्सिल काठमाडौँका भोगेन्द्र लामिछाने) प्रति यस अध्ययनका क्रममा सहयोग, ऊर्जा र पृष्ठपोषण प्रदान गर्नु भएकोमा आभारी छौँ।हामी निर्देशक समितिकै सदस्य युनिसेफ नेपालका वैशाली प्रधानलाई विशेष धन्यवाद दिन्छौँ जसले यस अध्ययनका लागि बढीभन्दा बढी व्यक्तिका विचार सङ्कलनका लागि समन्वय गर्नुका साथै महत्वपूर्ण पृष्ठपोषण प्रदान गर्नु भएको थियो।

धेरै विज्ञले यस अध्ययनलाई विभिन्न किसिमले योगदान पुर्‍याउनु भएको छ। सरोकारवाला समिति सदस्यका रूपमा सुझाव प्रदान गर्नुहुने प्राध्यापक डा. तारादत्त भट्टलाई हामी धन्यवाद दिन चाहन्छौँ। यसैगरी प्रतिवेदनको विभिन्न मस्यौदामा पृष्ठपोषण तथा टिप्पणी प्रदानगर्नु हुने सबै मित्रलाई धन्यवाद दिन चाहन्छौँ। यी उपयुक्त  पुनरवलोकन तथा प्राप्त रचनात्मक पृष्ठपोषणले प्रस्तुत प्रतिवेदनको सुधार र विकासमा सहयोग पुगेको छ।

विश्व बैङ्क, विकास साझेदारहरू र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका महत्त्वपूर्ण व्यक्तित्त्वप्रति हामी उत्तिकै आभारी छौँ जसले अनुसन्धानका सवाल र नेपालको शिक्षा क्षेत्रमा उहाँहरूको संलग्नतासम्बन्धी बुझाइ प्रदान गर्नुभएको थियो।यस प्रतिवेदनमा हामीले पहिल्यै प्रकाशित दस्तावेजहरू जस्तै विभिन्न कानुनी दस्तवेज, नीति, योजना, र अध्ययन प्रतिवेदनलाई सन्दर्भ सामग्रीका रूपमा सिफारिस गरेका छौँ।प्रस्तुत अध्ययन कार्यमा संलग्न हुने संस्था तथा व्यक्तिहरूप्रति हामी आभारी छौँ जसका अनुसन्धान प्रतिवेदन र नीतिगत मार्गदर्शनले यो अनुसन्धानात्मक कार्यका लागि एक ठोस आधार प्रदान गरेको छ।

यस अनुसन्धानमा सहयोग पुर्‍याउनु हुने सहभागी सरोकारहरूलाई पनि हामी प्रशंसा गर्न चाहन्छौँ। उहाँहरूले हामीलाई आफ्नो विद्यालयमा गर्नु भएको स्वागत, प्रदान गर्नु भएको समय र व्यक्त अन्तर्दृष्टिलाई हामी कदर गर्छौं। उहाँहरूको सहयोग बिना यो अनुसन्धान सम्भव हुने थिएन।

प्रेमप्रसाद पौडेल
ट्र्यासी कस्ट्ली

# कार्यकारी सारांश

'नेपालमा बालबालिकाको सिकाइ उपलब्धिमा भाषाहरू र भाषिक नीतिहरूको प्रभावको बुझाइ' नामक यो अध्ययन नेपालका विद्यालयमा भाषाहरूको प्रयोग कसरी गरिएको छ र यी प्रभावले कसरी विद्यार्थीको सिकाइ र शिक्षाको अनुभवमा सकारात्मक र नकारात्मक प्रभाव पारेका छन् भनी थाहा पाउन गरिएको थियो। यो अध्ययनले विद्यालय, शिक्षक र विद्यार्थीबाट विद्यालयमा गरिने भाषाको प्रयोगलाई प्रभाव पार्ने नेपालमा विकास भएका शिक्षा नीतिमा भाषासम्बन्धी व्यवस्था (LIEPs) अथवा सरकारबाट तय गरिएका नियम र सुझावमा चाख राखेको थियो। यसका साथै शिक्षण माध्यम (MOI) का सम्बन्धमा के कस्ता मुख्य प्रवृत्तिहरू रहेका छन् भन्ने सम्बन्धमा यो अध्ययन केन्द्रित छ।

यो महत्त्वाकाङ्क्षी अध्ययन शिक्षा तथा मानव स्रोत विकास केन्द्र, भाषा आयोग, युनेस्को र ब्रिटिश काउन्सिलको समन्वयमा सन् २०२३ को जनवरीदेखि जुनसम्मको अवधिमा युनिसेफ नेपालले गरेको थियो।यस अध्ययनका क्रममा विभिन्न प्रकारका तथ्याङ्क सङ्कलन विधि जस्तै प्रश्नावली, अन्तर्वार्ता, लक्षित समूह छलफल, कक्षा अवलोकन र दस्तावेज विश्लेषणको प्रयोग गरिएको थियो। नेपालका सबै प्रदेशका मुख्य सरोकारवाला जस्तै, स्थानीय सरकारका कर्मचारीहरू, प्रधानाध्यापकहरू, शिक्षक तथा अभिभावकहरू, मन्त्रालय तथा शिक्षा तथा मानवस्रोत विकास केन्द्रका कर्मचारीहरूबाट तथ्याङ्क सङ्कलन गर्न यी साधन तथा विधिहरूको प्रयोग गर्‍यौँ।

साथै, यस अध्ययनको निर्देशक समिति र नेपालका भाषा शिक्षा विज्ञहरूसँग पटक पटक बैठक तथा छलफल गरिएको थियो। फिल्डमा आधारित तथ्याङ्क बाहेक, अघिल्ला नीतिगत प्रतिबद्धता थाहा पाउनका साथै वर्तमान नीतिगत लक्ष्यहरू र प्रक्षेपणका लागि पृष्ठभूमि प्रदान गर्नः (१) राष्ट्रिय भाषिक नीति सिफारिस आयोग-१९९४ र (२) शिक्षणको माध्यम र सिकाइको भाषा (MILE) अध्ययनको प्रतिवेदनमा विशेषरूपमा केन्द्रित रहेर नेपालका शिक्षा नीतिमा भाषासम्बन्धी व्यवस्था (LIEPs) को पुनरवलोकन गरिएको थियो। यो अध्ययनको मुख्य लक्ष्य देशमा बहुभाषिक शिक्षाको कार्यान्वयनमा भएको प्रगति सम्बन्धमा अन्तर्दृष्टि प्रदान गर्न नेपालमा पहिल्यै भएका महत्त्वपूर्ण कार्यलाई विकसित र मजबुत पार्नु हो । यो अध्ययन तिनओटा अन्तरसम्बन्धित प्रश्नबाट निर्देशित छ जुन यस प्रकार रहेका छन्।

१.शिक्षण माध्यमका सम्बन्धमा नेपालका विद्यालयहरू र कक्षाकोठामा के भएको छ र यसले विद्यार्थीको कक्षाकोठामा हुने सहभागिता र उनीहरूको सिकाइ उपलब्धिमा कसरी प्रभाव पार्छ?
२.सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले विशेषगरी प्रारम्भिक कक्षाका बालबालिकालाई आफू सबै भन्दा बढी परिचित भाषामा सिक्न पाउने आवश्यकता पूरा गर्न कसरी सम्बोधन गरिरहेका छन् ?
३.नेपालका विद्यालयमा बहुभाषिक शिक्षाको प्रभावकारी प्रवाह गर्ने सन्दर्भमा अर्थपूर्ण परिवर्तन ल्याउन र सबै विद्यार्थीको सिकाइ उपलब्धि उकास्नका लागि हस्तक्षेपका मुख्य क्षेत्रहरू के के हुन सक्छन्?

हामीले गरेको अध्ययनलाई यी प्रश्नहरूले निश्चित आकार दिएका छन् र यी प्रश्नहरू अध्ययन प्रतिवेदनमा उल्लेख गरिने नतिजा र सिफारिस बुझ्नका लागि आवश्यक छन्।

# सन्दर्भको सारांश

नेपालमा लगभग १२४ भाषा बोलिने भएकाले यसको मुख्य विशेषता भनेको बहुभाषिकता र भाषिक विविधता हो (National Statistics Office [NSO], 2023)। भाषिक विविधतालाई संविधानमा समेटिएको छ। संविधानले नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन् भनी परिभाषित गरेको छ । नेपालको कुल जनसङ्ख्याको ठिक आधाभन्दा अलि कम (लगभग ४५%), जनसङ्ख्याले बोल्ने नेपाली भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्राथमिकता दिइएको छ। अङ्ग्रेजी भाषा नेपालको स्वदेशी भाषा नभएता पनि नेपालमा यसको लामो इतिहास छ। विश्वको जुनसुकै ठाउँमा पनि विशेष गरी शैक्षिक सन्दर्भमा अङ्ग्रेजी भाषाको प्रयोग स्पष्टरूपमा बढ्दै गएको देखिन्छ। अङ्ग्रेजी माध्यममा गरिने शिक्षण (EMI) लाई प्रायः शैक्षिक गुणस्तरको सङ्केतका रूपमा मानिन्छ। त्यसैले गर्दा विद्यालय, समुदाय र व्यक्तिहरूमा एक किसिमको दवाव सिर्जना भएको छ, अङ्ग्रेजी भाषा बालबालिका र विद्यार्थीको सिकाइका लागि बढी मूल्यवान भइरहेको देखिन्छ।

सन् २०३० सम्ममा मध्यम आय भएको देश हुने नेपालको लक्ष्यलाई पूरा गर्नका लागि शिक्षामा समतामूलक पहुँच र सबैका लागि समतामूलक सिकाइ उपलब्धिको सुनिश्चितता एक आधारशिला हो (Nepal Ministry of Education, 2016)।अन्य मुलुकले जस्तै नेपालले पनि विभिन्न किसिमका नीतिहरू, योजना र कार्यक्रम विकास गरेको छ जसले विद्यालयीय शिक्षामा भाषाको भूमिका बुझ्न तथा सामाजिक आर्थिक र सांस्कृतिक वा जातीय भाषिक पृष्ठभूमि जे भएता पनि विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्न खोजेको छ। नेपालका राष्ट्रिय भाषालाई हदैसम्म प्रभावकारी तरिकाले सम्मान र संरक्षणका गर्ने उपायहरू पत्ता लगाउने चुनौतीसँग यी नीतिहरूले सामना गरेका छन्।यससँगै सरकारी कामकाजको भाषामा सबै सिकारुको दक्षता सुनिश्चित गर्नुका साथसाथै आधुनिक र बढ्दै गइरहेको अन्तर्राष्ट्रिय श्रम बजारको माग पूरा गर्न समर्थ हुनुपर्ने चुनौती पनि रहिरहेको छ।

नेपालको सम्पूर्ण विद्यालयीय शिक्षामा देशलाई नै चित्रण गर्ने बहुभाषिकतालाई गुणस्तरीय शिक्षामा सबै बालबालिकाको पहुँच हुने गरी र त्यसबाट सबै बालबालिका लाभान्वित हुने तवरले सम्बोधन गरिनुपर्ने एक समस्या वा चुनौतीका रूपमा लिने गरिएको छ। बहुभाषिकतालाई सिकाइको स्रोतका रूपमा नभई समाधान गर्नुपर्ने समस्याका रूपमा राखिएका कारण शिक्षा क्षेत्रमा यसको उपस्थितिका वास्तविक परिणामहरू देखिन्छन् । सर्वत्र अवलम्बन गरिएको तथा सबैभन्दा बढी साझा उपागम भनेको 'सरलीकरण' र/अथवा तोकिएको शिक्षण माध्यम (MOI) को प्रयोगबाट विविधता (भाषिक) लाई व्यवस्थापन गर्न कोसिस गर्नु हो। यी दृष्टिकोणहरूले विद्यार्थीको बहुभाषिकतालाई कक्षामा भूमिका खेल्ने अथवा उनीहरूको सिकाइ सङ्गठित गर्न प्रयोग गर्न सकिने प्रवृत्तिमा नभई कक्षाकोठा बाहिर हुने भूमिका खेल्नेका रूपमा मात्र हेरिएको छ।

अन्तर्राष्ट्रिय  क्षेत्रमा जस्तै नेपालको सन्दर्भमा विद्यालय शिक्षाको विभिन्न तहमा तोकिएको शिक्षण माध्यम (MOI) मा परिवर्तन हुने सम्भावना रहिरहेको हुन्छ। उदाहरणका लागि प्रारम्भिक कक्षाहरूमा प्रयोग भएको शिक्षण माध्यम (MOI) त्यसपछिका आधारभूत र माध्यमिक तहको शिक्षा भन्दा फरक हुन्छ। विद्यालय शिक्षाको विभिन्न तहमा प्रयोगमा रहेको शिक्षण माध्यम (MOI) शिक्षक विद्यार्थीका लागि परिचित भाषा पनि हुनसक्छ नयाँ सिक्दै गरेको पनि हुनसक्छ।  सन् २०१५ देखि नेपालका विद्यालयहरूलाई तिनीहरूको शिक्षण माध्यम (MOI)  छनोट गर्ने स्वायत्तता बढ्दै गएको छ र आफ्नो नीति अनुसार शिक्षण माध्यमका रूपमा अङ्ग्रेजी भाषा (EMI) तिर जाने वा सोबाट वाहिरिने विद्यालयहरूको सङ्ख्या बढ्दै गएको देखिन्छ। यसका विरुद्धमा धेरै प्रमाणहरू भएता पनि शिक्षण माध्यमका रूपमा अङ्ग्रेजी भाषा (EMI) शैक्षिक गुणस्तरको चिह्नका रूपमा लिइएको छ। यसबाट विद्यालय, समुदाय र व्यक्तिहरूमा एक किसिमको छुट्टै दवाव सिर्जना भएको छ (Dearden 2015; Erling 2014, Erling et al 2014; Sah & Li 2017; Phyak 2016)। शिक्षण माध्यमका रूपमा अङ्ग्रेजी भाषा (EMI) को प्रयोगको सन्दर्भमा धेरै सामुदायिक विद्यालयहरूले निजी विद्यालयसँग प्रतिस्पर्धाको दवाव महसुस गरेका छन्।यस अध्ययनका सहभागीले भनेअनुसार यी परिवर्तनका मुख्य विशेषता भनेको छिटो छिटो प्रायः परिवर्तन भइरहनु र त्यस्ता परिवर्तनलाई समर्थन गर्न प्रायः थोरै प्रक्रिया तथा विधि  हुनु हो।

विश्वमा रहेको अन्य बहुभाषिक सन्दर्भमा जस्तै नेपालका विद्यालयबाट सङ्कलन गरेको तथ्याङ्कमा हामीले प्राप्त गरेको कुरा के हो भने शिक्षण माध्यम (MOI) का सम्बन्धमा भएका निर्णयबाट बालबालिका आफू परिचित नभएको भाषाका माध्यमबाट शिक्षित हुने वा सिक्ने सम्भावनाको वृद्धि हुनु हो। हालसालै भएको विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको प्रतिवेदन (NASA, 2020) ले प्राथमिक वा सबैभन्दा बढी परिचित भाषाका रूपमा नेपाली भाषा बोल्ने बालबालिका र नेपालीभन्दा अन्य भाषासँग सबैभन्दा बढी परिचित रहेका बालबालिकाबिचको सिकाइ उपलब्धिमा स्पष्ट फरक देखाएको छ (Khanal et al., 2020)। विश्वव्यापीरूपमा पाइएका नतिजाहरूले पनि विद्यालयमा प्रयोग गरिने शिक्षणको भाषाभन्दा फरक भाषा प्रयोग गर्ने बालबालिकालाई सुविधाबिहीन र कम सिकाइ उपलब्धि हासिल गर्ने वर्गमा राखिएको देखाएको छ (Dearden 2015; Erling 2014, Erling et al 2014; UNICEF 2019)। यसको विपरीत परिचित भाषामा शिक्षण गरिएका बालबालिकाले तुलनात्मक रूपमा उच्च सिकाइ उपलब्धि हासिलगर्ने सम्भावना रहन्छ।

यसको महत्त्वपूर्ण प्रतिउत्तरका रूपमा बहुभाषिक कक्षाकोठाहरूमा गरिएको तथ्याङ्क सङ्कलन ( नेपाल र अन्तर्राष्ट्रिय जगत् दुबैमा) ले देखाएको छ कि तोकिएको शिक्षण माध्यम (MOI)  को पर्वाह नगरी शिक्षक र विद्यार्थी नियमित रूपमा बहुभाषिक कक्षाकोठाको अभ्यासमा तल्लीन रहन्छन् र कक्षाकोठाका दिनानुदिन हुने अभ्यासले तोकिएको शिक्षण माध्यम (MOI) को अनुसरण नगरेको अवस्था छ। यस अर्थमा तोकिएको शिक्षण माध्यम (MOI) नीति र वास्तविक अभ्यास बिच स्पष्ट फरक देखिन्छ।बहुभाषिक व्यवस्थामा भाषिक अभ्यास लचिलो र गतिशील हुन्छन् र    एकल भाषा अभ्यासभन्दा धेरै भाषाको प्रयोगको उदाहरण बन्छन् भन्ने प्रमाणले देखाएका छन् (Bagwasi & Costley, 2022; García, 2009; García & Kleyn, 2016; García & Wei, 2014; McSwan, 2017; Pennycook, 2007)। यसको अर्थ यो हो कि जब हामी उदाहरणका लागि अङ्ग्रेजी माध्यमको शिक्षण (EMI) अथवा नेपाली माध्यमको शिक्षण (NMI) अभ्यास एक भाषीय हुन्छन् र  तिनीहरूलाई यस तरिकाले उल्लेख गरिनु गलत र भ्रामक हुनसक्छ भन्ने कुरा हामीले स्वीकार्नु पर्छ । हाम्रो अध्ययनका सहभागी शिक्षक तथा विद्यार्थीले यी अभ्यास केही हदसम्म बेकम्मा भएको बताए। अनुभवी साथीहरू कक्षामा भएको वेलामा वा उनीहरूको औपचारिक रूपमा कक्षा अवलोकन भएका समयमा शिक्षकले कडाइका साथ एक भाषीय तरिकाबाट शिक्षण गरेको बताए।

एक भाषिकताले विश्वका धेरै जसो शिक्षा नीतिमा भाषासम्बन्धी व्यवस्था (LIEPs) को विकासलाई टेवा दिने र लाखौँ विद्यार्थी र शिक्षकले विद्यालयभित्र गर्ने अभ्यासलाई निर्धारण गर्छ । यसले त्यस्ता उपाय वा तरिकाहरूलाई नियन्त्रणमा राख्छ जसमा  भाषाका तथ्याङ्कको मापन र सङ्कलनका लागि अनुसन्धान (विशेषगरी प्रायोगिक भाषा विज्ञानको क्षेत्रमा) परम्परागत तरिकाले अगाडि बढेको हुन्छ (Costley & Reilly, 2022; May 2013; Reilly et al., 2023)।विद्यालय तथा कक्षाहरू बहुभाषिकरूपमा सञ्चालनमा रहनुको अर्थ परीक्षा नतिजा जस्ता ज्ञान र अभ्यासको एकभाषिक उपायहरू सावधानीका साथ लागु गरिनुपर्छ भन्ने हो किनभने यिनीहरूले वास्तविकताको आंशिक प्रतिविम्बन गर्ने सम्भावना हुन्छ।

# मुख्य निष्कर्षहरू

हामीसँग यस अध्ययनका प्रमुख नतिजाहरू छन् जसलाई यसप्रकार प्रस्तुत गरिएको छ। यसको विस्तृतीकरण र छलफल पूर्ण प्रतिवेदनमा दिइएको छः

- विशेषगरी प्रारम्भिक कक्षाका बालबालिका उनीहरूको मातृभाषा वा परिचित भाषामा अन्तरक्रिया गर्न र सिक्न सक्षम भएमा उनीहरू कक्षामा सक्रिय सहभागी हुन्छन् र पाठहरूमा व्यस्त हुन्छन्।यस नतिजालाई अभिभावक, प्रधानाध्यापक, शिक्षक र अन्य सरोकारवालाले अन्तर्वार्ताका क्रममा दाहोर्‍याएर जोड दिए र यो नतिजा विभिन्न साहित्यमा प्रतिध्वनित भएको छ। धेरै सहभागीले शिक्षण माध्यम (MOI) प्रावधानमा गरिएको परिवर्तनका कारणले कक्षामा बालबालिका वा विद्यार्थीको मनोवृत्ति/ सहभागितमा आएको महत्त्वपूर्ण परिवर्तनलाई उद्‌धत गरे। अङ्ग्रेजी माध्यमको शिक्षण (EMI) लागु गरिएको कारणबाट कक्षामा बालबालिकाले कम सञ्चार गरेको र उनीहरू कम अन्तरक्रियात्मक भएको जस्ता सबैभन्दा बढी साझा विचारहरू हामीले प्राप्त गर्‍यौँ।

- विशेषगरी प्रारम्भिक कक्षाका बालबालिका उनीहरूको मातृभाषा वा परिचित भाषामा सिक्न पाएमा सिकाइका लागि वलियो जग स्थापना गर्छन् र उनीहरूको सिकाइ बढी सुरक्षित हुन्छ। अभिभावक, प्रधानाध्यापकहरू, शिक्षक, र सरोकारवालाले अङ्ग्रेजी माध्यमको शिक्षण (EMI) का सम्बन्धमा प्रत्यक्ष रूपमा उठाइएको चासोका रूपमा सिकाइ गुणस्तरलाई दोहोर्‍याएर जोड दिए। धेरैले आफ्ना बालबालिकाको सिकाइ र उत्कृष्ट कार्यसम्पादनमा अङ्ग्रेजी भाषा सहायक नभएको बताए। यसका पछाडि विद्यार्थीको भविष्यको उपलब्धि र सिकाइ उपलब्धिमा दीर्घकालीन प्रभावका सवाल रहेका थिए।यसका अतिरिक्त धेरै शिक्षकले बालबालिकालाई उनीहरूको आफ्नै भाषामा भनिदिएमा विद्यार्थीले विषयवस्तुको धारणा राम्रोसँग ग्रहण गर्ने र आफ्नै भाषामा वा परिचित भाषामा बोल्न अनुमति दिएमा कुनै विषयवस्तुका सम्बन्धमा राम्रोसँग अभिव्यक्ति दिनसक्ने भनी बताए।

- मातृभाषा वा आफू परिचित भाषाका माध्यमबाट सिकेका बालबालिकाले मूल्याङ्कन तथा परीक्षामा राम्रो उपलब्धि हासिल गर्छन्। विद्यालयमा आधारित उपलब्धि नतिजा (सानो स्केलको भए तापनि) ले नेपाली माध्यममा शिक्षण गरिएका बालबालिका (जहाँ बहुसङ्ख्यक विद्यार्थीका लागि नेपाली सबैभन्दा बढी परिचित भाषा थियो) नेपाली, अङ्ग्रेजी र विज्ञान विषयमा अङ्ग्रेजी माध्यममा शिक्षण गरिएका बालबालिकालेभन्दा राम्रो सिकाइस्तर प्राप्त गरेको देखाएको थियो। यस नतिजाबाट प्राप्त मुख्य कुरा के हो भने बालबालिकालाई एउटा निश्चित भाषामा गरिने शिक्षण र मूल्याङ्कनले ज्ञान र बुझाइका हिसावले उनीहरूले देखाउन सक्ने क्षमतालाई सीमित गर्छ। बहुभाषिक तरिकाले मूल्याङ्कन गरिने विद्यार्थीका लागि अवसरहरूको सिर्जना गर्नु (उदाहरणका लागि विद्यार्थीलाई मातृभाषामा वा उनीहरू परिचित रहेको भाषामा बोल्ने र लेख्ने अनुमति दिएर विद्यार्थीको ज्ञानको परीक्षण गर्नु) अभ्यासमा गरिने एक परिवर्तन हो र यसले विद्यार्थीले जे जानेका र बुझेका छन् त्यसलाई पूर्णरूपमा प्रदर्शन गर्न मौका प्रदान गर्छ।

- बहुभाषीय अभ्यासभन्दा एकलभाषीय अभ्यासलाई प्राथमिकतामा राख्दा शिक्षक, विद्यायार्थी, र अभिभावकहरू/ परिवारहरू सुविधा बिहीन हुन्छन् र सिकाइ प्रभावित हुन्छ। यस अध्ययनको नतिजाहरूले एकभाषिक कक्षा शिक्षणका लागि प्रयोगका हुने एक विशिष्ट र शिक्षणको एकल माध्यम (चाहे त्यो नेपाली माध्यम वा मातृभाषा माध्यम वा अङ्ग्रेजी माध्यम नै किन नहोस्) लाई बल पुर्‍याउने एकभाषीय बुझाइलाई चुनौती दिन्छ। हाम्रो तथ्याङ्कले विद्यार्थी परिचित रहेको भाषाका माध्यमबाट र धेरै अवस्थामा दुई वा सोभन्दा बढी भाषाका माध्यमबाट शिक्षण गरिएका विद्यार्थीको सिकाइ र कक्षाकोठाको सहभागिता अझ राम्रो भएको देखाउँछ।

- शिक्षकले आफ्नै र विद्यार्थीको भाषा को पूर्ण रूपमा प्रयोग गरेमा विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुन्छ। धेरै शिक्षक तथा विद्यार्थीले कक्षाकोठामा विविध भाषिक अभ्यासको प्रयोग गर्छन् र एकल भाषीय शिक्षण माध्यम (MOI) मा मात्र शिक्षण गर्न मिल्दैन। उदाहरणका लागि अङ्ग्रेजी माध्यमा शिक्षण गरिने कक्षाहरूमा शिक्षक तथा विद्यार्थीले अङ्ग्रेजी बाहेक अन्य भाषाको प्रयोग भएको पनि हामीले देख्यौँ। यो अभ्यास नेपाली र मातृभाषामा शिक्षण गरिने कक्षाकोठामा पनि उस्तै नै थियो। शिक्षक विद्यार्थीले आफ्नै विविध किसिमका भाषिक स्रोत प्रयोग गरेको कक्षाकोठामा भाषाका अभ्यास लचिलो, गतिशील र कक्षाकोठाको आवश्यकतालाई सम्बोधन गर्ने किसिमका थिए। मातृभाषामा आधारित शिक्षणले शिक्षकले विद्यार्थीलाई नयाँ भाषा शिक्षण गरिरहेका छन् भन्ने कुराको अर्थ राख्दैन।यसले त सिकाइलाई टेवा पुर्‍याउन र सहयोग गर्न शिक्षकले विद्यार्थीको हाल अस्तित्वमा रहेको भाषा र भाषिक ज्ञानको प्रयोग गरेको भन्ने अर्थ राख्दछ।

- विद्यालयको शिक्षण सिकाइको माध्यम (MOI) मा गरिने परिवर्तन शिक्षण सिकाइको सहजीकरणको उद्देश्यले गरिदैन भने समग्रमा विद्यार्थीको सिकाइ, सहभागिता र सिकाइ उपलब्धि घट्छ। यस अध्ययनले पत्ता लगाएको कुरा के हो भने शिक्षण माध्यम (MOI) लाई अङ्ग्रेजी माध्यमको शिक्षण (EMI) मा रुपान्तरण गर्न विद्यालयहरू प्रायः आर्थिक कारणले दवावमा रहेका थिए । यस्ता परिवर्तनहरू शिक्षकलाई तालिम प्रदान गर्ने वा उपयुक्त सामग्रीको विकास गर्ने कम समय वा समय नै नभई हतारमा कार्यन्वयन भएको पाइयो। यस्ता परिवर्तनको सम्बन्धमा अध्ययनका बहुसङ्ख्यक सहभागीहरूको नकारात्मक अनुभव रहेको थियो र सहभागीहरूले विशेष गरी विद्यार्थीको सिकाइ उपलब्धिमा नकारात्मक प्रभाव परेको कुरालाई जोड दिए।

- विद्यालयहरूलाई स्पष्ट सहयोग, मार्गदर्शन र स्रोतसाधन दिएमा तिनीहरूले विद्यार्थीलाई अझ गुणस्तरीय शिक्षा दिने स्थानमा पुग्न सक्छन्। जहाँ स्रोतसाधनहरू (उदाहरणका लागि पाठ्यक्रमसँग सम्बन्धित सामग्रीहरू, शिक्षक तालिम, सुझाव, मार्गदर्शनहरू, र अनुवाद) को पहुँच थियो त्यस्ता विद्यालय, शिक्षक र समुदाय आफ्ना विद्यार्थीलाई सहयोग गर्न र राम्रो उपलब्धि हासिल गराउन सकिएको भन्ने विषयमा सकारात्मक थिए। अन्य सहभागीले सहयोग र/वा मार्गदर्शनको अभावका साथै चालु नीतिका बारेमा र प्राप्त भएका स्रोत साधन र सहयोगका हिसाबले त्यस्तो नीतिको बारेमा थाह नभएको बताए। विशेषरूपमा यो पाठ्यक्रम र सम्बन्धित सामग्रीहरूको अनुवादसँग सम्बन्धित भएको घटना थियो तर उनीहरूको अधिकार वा हक के हो र/वा विद्यालय, शिक्षक र विद्यार्थीलाई के उपलब्ध गराइनु पर्छ भन्ने सम्बन्धमा कम स्पष्टता थियो।तथ्याङ्कले देखाए अनुसार स्थानीय सरकार र प्रधानध्यापकहरूमा शिक्षाको भाषाका सम्बन्धमा भएका नीतिहरूका बारेमा सीमित ज्ञान थियो र यी नीतिलाई कार्यान्वयन गर्न आवश्यकपर्ने सिप र मार्गदर्शनको कमि थियो वा त्यो छँदैथिएन।

# मुख्य सिफारिस

उल्लिखित नतिजा वा प्राप्तिहरूका आधारमाहामीले निम्नानुसारका बृहत् सिफारिस प्रस्ताव गरेका छौँ। यी अन्तरसम्बन्धित सिफारिस नीतिगत तहमा मात्र नभई शिक्षक तालिम, स्रोत परिचालनका साथै भाषालाई देशभित्र अझ वृहतरूपमा लिइएको र मूल्य प्रदान गरिएको भन्ने मनोवृत्तिप्रति पनि निर्देशित हुन्छन्। हामीले यहाँ यी सिफारिसको मुख्य रूपरेखा मात्र प्रस्तुत गरेका छौँ र यी सिफारिस कसरी लिन सकिन्छ र व्यवहारमा कसरी उतार्न सकिन्छ भन्ने कुराको विशिष्ट उदाहरणहरूपूर्ण प्रतिवेदनमा विस्तृतीकरण गरिएको छः

पैरवी गर्ने र सम्वाद सिर्जना गर्ने – वर्तमान संविधानले सबै भाषाको मूल्यमान्यतालाई पहिचान र प्रवर्धन गर्न सफल भएको छ तर सबै भाषालाई खासगरी शिक्षा क्षेत्र र विद्यालयका सन्दर्भमा समान स्थान दिइएको छैन।मातृभाषासम्बन्धी सचेतना कार्यक्रमको विस्तार गरेर सामुदायिक तहमा बहुभाषिकता अनुमोदन त्यस्तो दवाव कम गर्न तथा हटाउनका लागि आवश्यक छ जुन विद्यालयहरू, परिवारहरू, विद्यार्थी र नागरिकले सामान्यतया कुनै निश्चित भाषिक अभ्यास वाध्य भएर अपनाउनुपर्ने (जस्तै, अङ्ग्रेजी भाषाको चाहनामा मौलिकभाषाबाट टाढा रहनु) अवस्था हो।सङ्घीय, प्रादेशिक र स्थानीय सरोकारवालाले बहुभाषिकताको फाइदा र सबै विद्यार्थीको समग्र सिकाइको अभिवृद्धि गर्नका लागि यसले कसरी शैक्षिक अभ्यासको जानकारी दिन्छ भन्ने सम्बन्धमा  पैरवी र सचेतना वृद्धि क्रियाकलापहरूलाई प्राथमिकता दिनु पर्छ। कुनै एक प्रदेश वा समुदाय भित्रको पनि विविधतालाई विचार गर्दा मातृभाषामा आधारित शिक्षाबाट बहुभाषिक शिक्षातर्फको प्रस्थान अथवा बालबालिका सबै भन्दा बढी परिचित भएको भाषामा दिइने शिक्षा महत्त्वपूर्ण हुन्छ। यसको प्रभावकारी कार्यान्वयन गर्न सबै तहका सरकारबाट बजेटको सुनिश्चितता आवश्यक हुन्छ। यस अनुसन्धानबाट संकलित प्रमाणहरू, MILE प्रतिवेदन र धेरै अन्य अध्ययनहरूमा प्रदर्शित बहुभाषिक सिकाइका फाइदा स्थानीय सरकार, समुदाय र विद्यालय तहमा प्रबोधीकरण र बुझाइ हुन आवश्यक छ, शिक्षकले आफ्नो कक्षा कोठामा अभ्यास गरेका बहुभाषिक शिक्षाका सफल उदाहरणहरूको प्रदर्शन गरी यो गर्न सक्छन्। अध्ययनमा सिफारिस गरिएअनुसार स्थानीय तहमा बहुभाषिक शिक्षा कार्यान्यन एकाइहरूको स्थापनाले विशेषगरी बहुभाषिक शिक्षाको पैरवी गर्ने सम्बन्धमा सम्बद्ध सरोकारवालका बिचमा हुने महत्त्वपूर्ण सम्वादलाई सहजीकरण गर्न सहयोग गर्ने छ। मातृभाषा वा विद्यार्थीले सबैभन्दा बढी जानेको भाषामा हुने शिक्षणा तथा सिकाइ र मूल्याङ्कनका फाइदाको प्रमाण सिर्जना गर्ने अनुसन्धान र सान्दर्भिक बहुभाषिक सामग्री विकास गर्न समुदाय परिचालनले बहुभाषिक शिक्षाका प्रयासको दिगोपनाका लागि योगदान गर्ने छ।

विद्यार्थीले बुझ्ने भाषालाई शिक्षणको माध्यमका रूपमा प्रयोग गर्ने – बालबालिकाको सिकाइमा सहयोग पुर्‍याउने गरी उपयुक्त शिक्षण माध्यम छनोट समतामूलक सिकाइ वातावरणका लागि एक मूख्य पक्ष हो। सबै विद्यालयले विद्यार्थीले बुझ्ने भाषालाई शिक्षण माध्यमका रूपमा प्रयोग गर्ने लक्ष्य राख्नु पर्छ। विद्यालय शिक्षाका साथसाथै जीवनपर्यन्त सिकाइमा सफलता प्राप्तगर्ने हिसाबले सिकाइ कक्षाकोठाको कुनै पनि हस्तक्षेपमा न कि शिक्षण सिकाइ हुने भनी ठानिएको भाषामा। स्थानीय सरकारसँग समुदायमा रहेको भाषिक विविधताको स्पष्ट धाराणा र नक्साङ्कन हुनु पर्छ। स्थानीय सरकारको सहयोगमा अभिभावक र बालबालिकाको आधारभूत साक्षरताको सुधार उनीहरूकै मातृभाषामा भएमा विषयका रूपमा मातृभाषाको शिक्षण वा शिक्षण माध्यमकारूपमा मातृभाषाको प्रयोगलाई सजिलो बनाउने छ।यसको  अर्थ कक्षा शिक्षणका लागि एउटै मात्र भाषा छनोट गर्ने भनेको होइन तर स्षस्टरूपमा भन्नुपर्दा यसको अर्थ सिकाइ प्रक्रियालाई अगाडि बढाउन र सहजीकरण गर्नका लागि शिक्षक तथा विद्यार्थीलाई आवश्यकताअनुसार बहुभाषाको प्रयोग गर्नका लागि वातावरण सिर्जना गर्नु हो। यस दृष्टिकोणले एकभाषिक मूल्याङ्कन अभ्यासबाट टाढा रहने गरी मूल्याङ्कनका अभ्यासलाई टेवा पुर्‍याउनु पर्छ जसमा विद्यार्थीले आफूले वास्तविकरुमा जानेको भन्दा निश्चित भाषामा उनीहरूले केका बारेमा सक्छन् भनी मूल्याङ्कन गरिन्छ। विशेषगरी प्रारम्भिक कक्षाहरूमा विद्यार्थीलाई त्यस्ता मूल्याङ्कनका अवशरहरू प्रदान गरिनुपर्छ जसले उनीहरूलाई आफ्ना ज्ञान र सिकाइलाई आफू सबैभन्दा परिचित भाषामा अभिव्यक्त गर्ने अनुमति दिन्छ। यसका अतिरिक्त शिक्षण माध्यमका रूपमा अङ्ग्रेजी भाषा (EMI) तर्फ योजना बिहीन किसिमले जानु भन्दा अङ्ग्रेजीलाई विषयका रूपमा शिक्षण गर्नुले बहुभाषिक शैक्षिक सन्दर्भमा विद्यार्थीलाई सिकाइका हिसाबले फाइदा हुने छ।

बहुभाषिक शिक्षाका कार्यक्रमहरूको परीक्षणका लागि लागानी गर्नुपर्ने – बहुभाषिक शिक्षा कार्यक्रमहरू कार्यान्वयन गर्न सरकार, विकास साझेदार संस्था र दातृ समुदायहरूले गुणस्तरीय स्रोतहरू सहित शिक्षक र विद्यालयहरूलाई सहयोग गर्नुपर्छ। यी कार्यक्रमहरू स्थानीय भाषाको शिक्षण र स्थानीय भाषामा शिक्षणको मूल्यमान्यता र बालबालिकाले यस अभ्यासबाट कसरी लाभान्वित हुन्छन् भन्ने कुरा प्रदर्शन गर्न प्रभावकारी हुनसक्छन्।  शिक्षणको भाषा (हरू) का साथसाथै गुणस्तरीय शिक्षाका अन्य विशेषताहरू जस्तै उपयुक्त स्रोतसाधनहरू र शिक्षक विकास लाई प्राथमिकतामा राखिनु पर्छ। सम्भव भएसम्म यी कार्यक्रमहरूले कक्षाकोठाका बालबालिकाले बुझ्ने भाषा बोल्न र बुझ्नसक्ने शिक्षक नियुक्ति गर्ने अभ्यासलाई प्रवर्धन गर्नुपर्छ तैपनि नेपालको सन्दर्भमा यो सम्भव नहुनसक्छ। यस्ता अवस्थाहरूमा यी परीक्षण कार्यक्रमहरूसँग विविधतायुक्त र बहुभाषिक कक्षाकोठा प्रभावकारीरूपमा व्यवस्थापन गर्ने

सिप प्रदान गर्न शिक्षकको क्षमता विकासका पक्षहरू हुनु पर्छ। यसको कार्यान्वयन गर्नका लागि बहुभाषिक शिक्षणविधिहरूको ज्ञान र सिप अभिवृद्धि गर्न पूर्व सेवाकालीन र सेवाकालीन शिक्षक विकास गर्ने संस्थाहरूसँग सहकार्य गर्न सकिन्छ। साथै बहुभाषिक शिक्षण विधिको प्रभावकारी कार्यान्वयनमा सहयोग पुर्‍याउन प्रदेश तहमा शिक्षक तालिम प्रशिक्षक समूहको विकासले बहुभाषिक शिक्षा कार्यक्रमको दिगोपनालाई प्रवर्धन गर्छ।बालबालिकाको सिकाइमा भाषाले कसरी सकारात्मक प्रभाव पार्छ भन्ने कुरा देखाउन सक्ने तथ्याङ्क सिर्जना गर्न अनुसन्धान र प्रमाणहरूको उत्पत्ति (उदाहरणका लागि अनियमित नियन्त्रण परीक्षण, आधार रेखा र अन्तिमरेखा अध्ययनको तुलना र/ वा लम्बीय अध्ययनहरू) लाई एकीकृत गरिनुपर्छ।

बहुभाषिक शिक्षालाई सहयोग पुर्‍याउन मार्गदर्शनहरू र स्रोतसाधनहरूको विकास गर्ने **-** हाल स्थानीय सरकार र विद्यालयहरूलाई वर्तमान समयमा अभ्यासमा रहेको बहुभाषिक शिक्षा कक्षाकोठा, कार्यस्थल र समाजमा कस्तो देखिन्छ भनी जानकारी दिन मार्गदर्शनहरूको सुसङ्गत समूह छैन।यसका लागि सरकारी निकायहरूबाट समन्वय हुने गरी समुदाय, विद्यालयहरू, शिक्षक, भाषा विज्ञहरू र विकास साझेदारहरूको सामूहिक सहभागिताबाट मार्गदर्शनको विकास आवश्यक हुन्छ। प्रत्येक स्थानीय तहमा एक प्राविधिक कार्यदलको गठन र मार्गदर्शनको प्रबोधीकरण गर्न यस कार्यदलको परिचालन र यसको प्रयोगको अनुगमनले बहुभाषिक शिक्षालाई प्रभावकारी रूपमा गतिशील बनाउन सक्छ। सबै भाषाको मूल्यमान्यतालाई प्रवर्धन गर्न र शिक्षक तालिम, पाठ्यक्रम विकास, सामग्री विकास र शिक्षाको सबै तहमा मूल्याङ्कन तथा परीक्षण र पेसागत विकासको प्रयोगका लागि स्पष्ट सिद्धान्त विकास गर्न आवश्यक छ। बहुभाषिक शिक्षण विधिको मार्गदर्शनहरू र दायराहरू नेपालका सबै विद्यालयभरि विस्तार गरिन र बहुभाषिकता सिकाइका लागि बाधाभन्दा एउटा सकारात्मक स्रोत हो भन्ने सिद्धान्तमा आधारित हुन आवश्यक छ। नेपालको सुक्ष्म सामाजिक सन्दर्भमा भाषिक तथा सांस्कृतिक विविधताका फरकलाई ध्यान दिँदा बहुभाषिक स्रोत सामग्रीहरू विकास गर्ने उत्तरदायित्व स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने हुन्छ । यसले सिकाइ सामग्रीहरूको अनुवाद गर्नुका साथसाथै अझ सान्दर्भीकरण गरिएका र सांस्कृतिक रुपले सम्बोधित बहुभाषिक सिकाइ सामग्रीहरूको विकासलाई समेट्छ।

# सिफारिसको कार्यान्वयन

यस प्रतिवेदनमा प्रस्तुत गरिएका नतिजाहरू र सिफारिसले एक बलियो आधारको प्रतिनिधित्व गर्छन् जसमा नेपालका विद्यार्थीको समग्र सिकाइ अनुभव र उपलब्धि सुधारका लागि महत्त्वपूर्ण र यथेष्ट परिवर्तन ल्याउन सकिन्छ। प्रभावकारी परिवर्तन हुन र यस अध्ययनमा विस्तृतीकरण गरिएका कामलाई आधार बनाउन नेपालका सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले एक राष्ट्रिय कार्यढाँचा विकास गर्न एकै ठाउँमा उभिनु आवश्यक छ। यस कार्यढाँचाले यसप्रकारका कुराहरूलाई न्युनतमरूपमा समेटेको हुनु पर्छः

- बहुभाषिकता के हो यसको स्पष्ट परिभाषा र यो शिक्षाका लागि मात्र नभई समाजका लागि पनि कसरी वृहतरूपमा फाइदाजनक छ। राष्ट्रिय कार्यढाँचा र/ वा स्पष्ट सुसङ्गत मार्गदर्शन विकास गरिनु आवश्यक छ जसले सिकाइ स्रोतका रूपमा भाषाको महत्त्वको साझा बुझाइ बनाउनका लागि सहयोग गर्छ र यसले आफू परिचित भाषामा सबै विद्यार्थीको शिक्षामा पहुँचको सुनिश्चितता प्रदर्शन गर्नुपर्छ। यो प्रतिबद्धता विशेष गरी प्रारम्भिक उमेरका बालबालिकाका लागि सबै विद्यालयमा विस्तार गरिनु आवश्यक छ।

- स्रोत वितरणका लागि एक स्पष्ट र प्रतिबद्ध बजेट र समय तालिका आवश्यक छ ।परिवर्तनहरूका लागि कसरी लगानी गरिन्छ र स्रोतसाधनहरू कोबाट कसरी वितरण गरिन्छ भन्ने कुराका लागि राष्ट्रिय कार्यढाँचाले विस्तृत योजनाहरू प्रदान गर्नु आवश्यक छ। यसका लागि शिक्षक तालिम कार्यक्रमहरूमा लगानी प्रतिबद्धताको आवश्यकता छ। यस्ता तालिम कार्यक्रमहरूले बहुभाषिक शिक्षणको प्रयोगसम्बन्धी तालिम मात्र नदिएर वहुभाषिक स्रोत सामग्रीहरूको विकासमा समेत लगानी गर्नुपर्छ। यस कार्यका लागि मुख्य कुरा भनेको बहुभाषिक परीक्षण तथा मूल्याङ्कन अभ्यासको विकास हो। यस्ता अभ्यास विद्यार्थीको ज्ञान र बुझाइको पूर्ण प्रदर्शनका लागि अवसर सुनिश्चित गर्ने कार्यका लागि मात्र नभई परीक्षण नतिजा वा उपलब्धिका तथ्याङ्कहरूले कक्षाहरूमा के भइरहेको छ भन्ने कुरालाई प्रतिविम्बन गर्नका लागि पनि हो।

- अनुगमन र असल अभ्यासहरूको अभिलेखीकरण र सफल अभ्यासहरूको साझा गर्ने कार्यको प्रतिबद्धता। प्रस्तावित परिवर्तन वा सुधारको विकास र कार्यान्वयन गर्न समय लाग्दछ र यहाँ एक महत्त्वपूर्ण कुरा के छ भने कुनै पनि राष्ट्रिय कार्यढाँचाले असल अभ्यास विकासका लागि स्पष्ट समय सीमा र संयन्त्र प्रदान गर्न आवश्यक छ। असल अभ्यासको अभिलेखीकरण गर्न र यसको शिक्षक सञ्जाल र पेसागत सङ्घसङ्गठनबाट साझा गर्न प्रतिबद्धताको आवश्यक छ।यसको अर्थ विभिन्न विद्यालयहरू र जिल्लाहरूबिच तुलनागर्न सकिने र सबै सरोकारवालाका लागि सहज पहुँच तथा पर्याप्तता हुने गरी तथ्याङ्क सङ्कलनका लागि प्रक्रिया र विधिहरू तय गर्नु हो। हामी यस प्रतिवेदनमा भएका मुख्य प्राप्तिहरू र सिफारिस माथि विश्वास गर्छौं तर तिनीहरूको समग्र सफलताका लागि कुनै नीतिगत सिफारिस र अनुसन्धानका प्राप्तीहरूलाई कसरी लिइएको छ र कसरी अभ्यास गरिएको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। हामी आशा गर्छौं कि आवश्यक साहस र विश्वासका साथ नेपालको शिक्षा क्षेत्रमा अर्थपूर्ण परिवर्तन ल्याउन ती सिफारिस कार्यान्वयनमा ल्याउन सकिन्छ।

# छोटकरी रूपहरू

BC: ब्रिटिश काउन्सिल
CEHRD: शिक्षा तथा मानव स्रोत विकास केन्द्र
ECE: प्रारम्भिक बाल शिक्षा
ECED: प्रारम्भिक बाल शिक्षा तथा विकास
EME: अङ्ग्रेजी माध्यमका  शिक्षा
EMI: शिक्षण माध्यमकारूपमा अङ्ग्रेजी भाषा
LEOs: स्थानीय शिक्षा अधिकृतहरू
LIEPs: शिक्षा नीतिमा भाषासम्बन्धी व्यवस्था
MEOs: स्थानीय तहका शिक्षा अधिकारीहरू
MOE: शिक्षा मन्त्रालय
MILE: शिक्षणको माध्यम र सिकाइको भाषा
MOI: शिक्षणको माध्यम
MoEST: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
MTB-MLE: मातृभाषामा आधारित बहुभाषिक शिक्षा
MTMOI: शिक्षण माध्यमका रूपमा मातृभाषा
NCF: राष्ट्रिय पाठ्यक्रम ढाँचा
NEGRP: राष्ट्रिय प्रारम्भिक कक्षा पठन कार्यक्रम
NFE: अनौपचारिक शिक्षा
NLPRC: राष्ट्रिय भाषा नीति सिफारिस आयोग
NMI: शिक्षण माध्यमकारूपमा नेपाली भाषा
NSO: राष्ट्रिय तथ्याङ्क कार्यालय
SESP: विद्यालय शिक्षा क्षेत्र  योजना
SSDP: विद्यालय क्षेत्र विकास योजना
SSRP: विद्यालय क्षेत्र सुधार योजना
UNESCO: संयुक्त राष्ट्र सङ्घ शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन
UNICEF: संयुक्त राष्ट्र सङ्घ बालबालिका कोष

# शब्दावली

- द्विभाषिकता**:** सामाजिक तथा शैक्षिक सन्दर्भमा दुईओटा भाषाहरूको ज्ञान र प्रयोग।
- शिक्षणको द्विभाषिक माध्यम**:** सिकाइका लागि विद्यालयमा दुईओटा भाषाहरूको प्रयोग। केही कक्षाहरू र विषयहरू तोकिएको भाषाका माध्यमबाट शिक्षण तथा मूल्याङ्कन गरिन्छन् र अन्य विषयहरू फरक भाषामा शिक्षण तथा मूल्याङ्कन गरिन्छन्। उदाहरणका लागि कुनै विद्यालयले तोकिएका विषयको शिक्षण तथा मूल्याङ्कन नेपाली भाषामा गर्न सक्छन भने अन्य विषयहरू अङ्ग्रेजी भाषामा। युरोप र उत्तरी अमेरिकाका धेरै विद्यालयहरूले द्विभाषिकताको विकास गर्न यो अवधारणाको अवलम्बन गर्छन्।
- परिचित भाषा**:** यो त्यस्तो भाषा हो जुन व्यक्तिहरूले प्रयोग गर्दा सबैभन्दा सहज महसुस गर्छन्।यो परिवार तथा साथीहरूसँग अन्तरक्रिया गर्दा प्रयोग गरिने र घरको प्रमुख भाषा हुन्छ। परिचित भाषा भनेको रैथाने वा मौलिक भाषा हुनसक्छ वा मौलिक पहिचानको भाषाभन्दा फरक हुनसक्ने वा नहुन पनि सक्ने बालबालिकाको पहिलो भाषा हो। यो विभिन्न प्रकारका साक्षरताका अभ्यास लागि प्रयोग हुने भाषा हो।यो विद्यालयमा प्रयोग हुने भाषा जस्तै हुन पनि सक्छ नहुन पनि सक्छ।
- भाषिक विचारधारा**:** भाषा र यसको कामप्रति हाम्रो मनोवृत्ति, विश्वास र विचारहरू। यसले प्रायः निश्चित भाषाको मूल्यमान्यताप्रतिको मनोवृत्ति र भाषा प्रयोग कर्ताहरूका लागि हुने उपयोगितालाई समेट्छ। भाषाका विचारधाराहरूले मानिसले भाषाको विविधताहरू र भाषाका विभिन्न उच्चारण (उदाहरणका लागि स्थापित अमेरिकन अङ्ग्रेजीका विरुद्ध नेपाली अङ्ग्रेजी)प्रति कस्ता दृष्टिकोणहरू राख्छन् भन्ने कुरालाई निर्धारण गर्छन्।साथै प्रायः सत्य र तथ्यका रूपमा प्रेषित हुन्छन् तर यी वास्तवमै समान्यतया व्यक्तिका सोच र विचारहरू नै हुन्।
- भाषिक अल्पसङ्ख्यकीकरण**:** त्यस्तो प्रक्रिया (सामाजिक तथा राजनैतिक) जसमा निश्चित भाषा माथि  अन्यभाषाहरूले प्रभुत्व जमाउँछन् र प्रायः मूल्यको अनुभूति वा अवधारणाका आधारमा भाषालाई विभिन्न सोपानहरूमा राखिन्छ। यसले प्रायः भाषाको अल्पसङ्ख्यकीकरण र तिनीहरूको प्रयोगलाई साँघुरो र कम गराउँदै लैजान्छ।
- भाषिक नीति**:** त्यस्ता उपायहरू जसका धारमा भाषालाई सङ्गठित गर्ने र बुझ्ने गरिन्छ।यो राष्ट्रिय तहमा हुनसक्छ जहाँ भाषा के हो र यसलाई कसरी प्रयोग गरिनुपर्छ भन्ने विषयमा देशको निश्चित नीति हुन्छ साथसाथै अन्य सन्दर्भहरू जस्तै राष्ट्रिय तहका साथसाथै विद्यायलहरू र कार्यस्थलहरूमा पनि। भाषिक नीतिहरूले कुन भाषाको प्रयोग कसरी गरिनुपर्छ र केका लागि गरिनुपर्छ भन्ने विषयमा सामान्य अपेक्षाहरू तय गर्छन्।
- भाषिक पुनरुत्थानः शिक्षा र सार्वजनिक स्थानहरूमा पहिले सीमान्तकृत भएका भाषालाई पुन: दावी गर्ने र पुनः स्थापित गर्ने प्रक्रिया।
- भाषिक विविधता**:** त्यस्तो अवस्था जसमा तोकिएका उद्देश्यहरूका लागि बहुभाषा र भाषिका प्रयोग गरिन्छन्।
- शिक्षणको माध्यम**:** त्यस्तो भाषा जसलाई शिक्षक र विद्यार्थीले प्रयोग गर्ने भाषाका रूपमा घोषणा गरिएको र जुन शिक्षण र मूल्याङ्कनको भाषा हुने छ। शिक्षण माध्यमको भाषा निश्चित कक्षा, तहमा वा विषयमा हुनसक्छ र विद्यालयका पुरै कक्षामा प्रयोग गर्न सकिन्छ।
- मातृभाषामा आधारित बहुभाषिकता**:** त्यस्तो शैक्षिक प्रक्रिया जसमा माध्यमकारूपमा मातृभाषासँगै शिक्षाको सुरुवात हुन्छ र विस्तारै शिक्षणको माध्यम भाषाका रूपमा अरु भाषाको प्रयोगतर्फ प्रस्थान गर्छ।
- बहुभाषिकता**:** सामाजिक तथा शैक्षिक सन्दर्भहरूमा दुइभन्दा बढी भाषाको प्रयोग
- अन्तरभाषिकीकरण**:** सञ्चार कार्यमा दुई वा दुईभन्दा बढी भाषाको एकै साथ गतिशील प्रयोगको प्रक्रिया । यो सञ्चारका लागि भाषाहरूको झन् गतिशील र प्राकृतिक प्रयोग हो।

# परिचय

'नेपालमा बालबालिकाको सिकाइ उपलब्धिमा भाषा र भाषिक नीतिहरूको प्रभावको बुझाइ' नामक यो अध्ययन नेपाल भरिका कक्षाकोठाहरूमा वर्तमान भाषा नीतिको अभ्यासका बारेमा जानकारी दिन र भाषिका नीतिहरू र अभ्यासले विद्यार्थीको सिकाइ, सहभागिता र उपलब्धिमा कसरी प्रभाव पारेको छ भनी खोजी गर्न गरिएको हो। यस अध्ययनले शिक्षामा भाषा नीतिहरूका अघिल्ला नीतिगत प्रतिबद्धताहरू र सिफारिस कुन हदसम्म कार्यान्वयन भएका छन् वा छैनन् भनी खोजी गर्छ।

यो अध्ययन सन् २०२३ को जनवरी देखि अप्रिलसम्मको समयावधिमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, भाषा आयोग, युनेस्को र ब्रिटिस काउन्सिल नेपालसँगको समन्वयमा युनिसेफले गरेको हो। यस अध्ययनका लागि राष्ट्रिय विज्ञका रूपमा डा. प्रेम प्रसाद पौडेल र डा. ट्रेसी कस्ट्लीको समूह बनाइएको थियो। यो अध्ययनलाई वैशाली प्रधानले निकट अनुगमन र सहयोग गर्नु भएको थियो भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रका पूर्व उपमहानिर्देशक श्रीप्रसाद भट्टराईको नेतृत्वमा गठित राष्ट्रिय तहको निर्देशक समितिले बारम्बार सुझाव दिएको थियो।उक्त निर्देशक समितिमा चूडामणि पौडेल, रुद्रप्रसाद अधिकारी, डा लवदेव अवस्थी, सविता दङ्गाल, टुकराज अधिकारी, कमला पाण्डे, वैशाली प्रधान, प्रतिभा श्रेष्ठ र भोगेन्द्र लामिछाने रहनु भएको थियो। डा. लवदेव अवस्थीले निर्देशक समितिलाई प्राविधिक सहायता प्रदान गर्नुभएको थियो। यसका अतिरिक्त डा. लवदेव अवस्थीले संयोजन गर्नु भएको डा. गंगाराम गौतम र डा. तारादत्त भट्ट सम्मिलित सरोकारवाला समितिका सदस्यहरूको सुझाव प्राप्त भएको थियो।

औचित्य, लक्ष्यहरू र उद्धेश्यहरू

व्यापक रूपमा दस्तावेजीकरण गरिए अनुसार नेपाल लगभग १२४ भाषाको घर हो। यसको अर्थ बहुभाषिकता र भाषिक विविधता हाम्रो दैनिक जीवनको मुख्य विशेषता नै हो (NSO, 2023)। देशभर तथा विभिन्न भाषिक परिदृश्य जस्तै पसल, विज्ञापन, पत्रपत्रिका, रेडियो र टेलिभिजनमा विभिन्न किसिमका भाषा देख्न र सुन्न पाइन्छ जुन बहुभाषिक जस्तै छ। नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्रिय भाषाका रूपमा मान्यता दिएको संविधानमा भाषिक विविधता समेटिएको भए पनि कुल राष्ट्रिय जनसङ्खयाको आधाभन्दा कम (लगभग ४५%) ले मातृभाषाकारूपमा प्रयोग गर्ने नेपाली भाषालाई सरकारी कामकाजको भाषाकारूपमा प्राथमिकता दिइएको छ। नेपालमा अङ्ग्रेजी भाषाको लामो इतिहास छ, संसारका विभिन्न ठाउँमा जस्तै नेपालमा पनि अङ्ग्रेजीको प्रयोग बढ्दो क्रममा छ र शिक्षा क्षेत्रमा पनि सोही अवस्था छ। ऐतिहासिकरूपमा निजी विद्यालयको सन्दर्भमा शिक्षण माध्यम (MOI) अङ्ग्रेजी स्वत: एक यथार्थ हो भन्ने बुझिन्छ। नेपाली वा अन्य स्थानीय भाषाको प्रयोगलाई धेरै हदसम्म निरुत्साहित गरिएको छ। चाखलाग्दो कुरा के छ भने नेपालको रैथाने भाषा नभए पनि अङ्ग्रेजी भाषालाई राष्ट्रिय भाषाका रूपमा समावेश गरिएको छ (Brown 2018)। सन् 2015 मा विद्यालय क्षेत्र सुधार योजना (SSRP) मा भएका परिवर्तनहरूले सबै सामुदायिक विद्यालयहरूलाई शिक्षण माध्यम (MOI) चयन गर्न सक्षम बनायो।यसबाट शिक्षण माध्यमका रूपमा अङ्ग्रेजी (EMI) तर्फ लाग्ने विद्यालयहरूको सङ्ख्यामा द्रुत गतिमा वृद्धि भयो।

यस नीतिगत सन्दर्भको परिणामस्वरूप विश्वव्यापी रूपमा रहेका अन्य बहुभाषिक सन्दर्भ जस्तै हामीले नेपालमा पाएको कुरा के हो भने बालबालिका आफू अपरिचित रहेको भाषामा शिक्षा लिने सम्भावना बढ्दै गइरहेको छ। हालसालैको विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA, 2020) को प्रतिवेदनले मुख्य भाषाकारूपमा वा सबैभन्दा बढी परिचित भाषाकारूपमा नेपाली बोल्ने[1] र नेपालीभन्दा अन्य भाषासँग बढी परिचित विद्यार्थीबिचको सिकाइ उपलब्धिमा स्पष्ट फरक देखिएको छ (Khanal, et al., 2020)। विश्वव्यापीरूपमा रहेका नतिजा वा प्राप्तिहरूले विद्यालयको शिक्षणको भाषाभन्दा प्राय: फरक भाषा प्रयोग गर्ने बालबालिका परिणाम स्वरुप सुविधाबिहीन र कम उपलब्धि हासिल गर्ने वर्गमा परेका छन् भनी औँल्याएका छन् (Dearden 2015; Erling 2014, Erling et al 2014)।तसर्थ परिचित भाषामा शिक्षण गरिएका बालबालिकाले तुलनात्मक रूपमा झन् राम्रो सिकाइ उपलब्धि हासिलगर्ने सम्भावना रहन्छ।

[1] यस अध्ययनमा हामीले  'परिचित भाषा' भन्ने शव्द उल्लेख गरेका छौ जसको अर्थ बालबालिकाहरूले सबैभन्दा सहज महसुस गर्ने र उच्चस्तरको प्रवीणता भएको भाषा हो। त्यसकारण यस शब्दको अर्थ बालबालिकाहरुको जातीय समुदायसँग सम्बन्धित् मातृभाषाहरुको समावेशीता वा उनीहरु निपुर्ण भएको भाषा हो। तसर्थ  हामीले यस शब्दलाई 'मातृभाषा' सँग अदली बदलीरुपमा प्रयोग गरेका छौँ र विद्यालयका बालवालिकाहरुसँग जे सान्दर्भिक हुन्छ त्यही बुभिनु पर्दछ।

पाठ्यक्रममा भाषाको भूमिका कायम गर्न र सामाजिक आर्थिक र जातीय भाषिक पृष्ठभूमिलाई वास्ता नगरी सबै सिकारुको सिकाइ उपलब्धिमा सुधार गर्न नेपालले विभिन्न योजना र नीतिको विकास पहल गरेको छ। शिक्षामा सबै सिकारुको पहुँच र यसबाट हुने फाइदाको सुनिश्चितताका लागि देशको विशेषता झल्काउने बहुभाषिकतालाई सम्बोधन गरिनुपर्ने 'चुनौती' वा 'समस्या' का रूपमा लिइएको छ । बहुभाषिकतालाई सिकाइको स्रोतका रूपमाभन्दा समाधान गरिनुपर्ने समस्याका रूपमा लिइनुले बहुभाषिकताको शिक्षामा कसरी उपस्थिति हुन्छ भन्ने सवाल रहेको हुन्छ। बहुभाषिकताका यस्ता दृष्टिकोणहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका सम्बन्धमा गरिएको छलफलसँग प्रायः समरूप हुने गर्छन्। जसमा शैक्षिक प्रणालीको मुख्य काम राष्ट्रिय तहमा महत्त्वपूर्ण ठानिएको र आकांक्षा गरिएको ज्ञान, मूल्य र सिपहरू अभिवृद्धि गर्ने र विकास गर्ने हो। नेपाललाई सन् २०३० सम्ममा मध्यम आय भएको देशमा पुर्‍याउनका लागि आधारभूत पक्ष वर्तमानमा शिक्षामा समतामूलक पहुँच र सबैका लागि समतामूलक सिकाइ उपलब्धिको हो (Ministry of Education 2016)। यस प्रतिवेदनले यी लक्ष्यहरूलाई अनुभूत गर्न बहुभाषिक शिक्षाले खेल्ने मुख्य भूमिकालाई प्रस्तुत गर्छ।

यस अध्ययनको मुख्य लक्ष्य देशमा बहुभाषिक शिक्षा कार्यान्वयनमा भएको प्रगतिको अन्तरदृष्टि प्रदान गर्न नेपालमा पहिल्यै भएका महत्त्वपूर्ण कार्यहरूको जगमा टेक्नु हो र यो अध्ययन यसप्रकारका तीन ओटा अन्तर्सम्बन्धित प्रश्नहरूद्वारा निर्देशित भएको छः
१)नेपालका विद्यालय र कक्षाकोठामा शिक्षण माध्यमको सम्बन्धमा के भएको छ, र यसले कक्षामा विद्यार्थीको सहभागिता र उनीहरूको सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ?
२)विशेष गरी प्रारम्भिक कक्षाहरूका बालबालिकाको आफू सबैभन्दा बढी परिचित भाषामा सिक्न पाउने आवश्यकतालाई पूरा गर्न सङ्घीय, प्रदेश र स्थानीय सरकारले कसरी सम्बोधन गरेका छन्?
३)नेपालका विद्यालयमा प्रभावकारी बहुभाषिक शिक्षाको प्रवाह गर्ने र सबै विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्ने सम्बन्धमा अर्थपूर्ण परिवर्तनको कार्यान्वयनका लागि हस्तक्षेपका प्रमुख क्षेत्रहरू के के हुन् ?

*[1]* यस अध्ययनमा हामीले 'परिचित भाषा' भन्ने शव्द उल्लेख गरेका छौ जसको अर्थ बालबालिकाहरूले सबैभन्दा सहज महसुस गर्ने र उच्चस्तरको प्रवीणता भएको भाषा हो। त्यसकारण यस शब्दको अर्थ बालबालिकाहरुको जातीय समुदायसँग सम्बन्धित् मातृभाषाहरुको समावेशीता वा उनीहरु निपुर्ण भएको भाषा हो। तसर्थ हामीले यस शब्दलाई 'मातृभाषा' सँग अदली बदलीरुपमा प्रयोग गरेका छौँ र विद्यालयका बालवालिकाहरुसँग जे सान्दर्भिक हुन्छ त्यही बुभिनु पर्दछ।

# प्रतिवेदनको संरचना

यो प्रतिवेदन नेपलको हालको शिक्षा नीतिमा भाषासम्बन्धी व्यवस्था (LIEP) को सिंहावलोकनका साथसाथै बृहत् अन्तर्राष्ट्रिय सन्दर्भको छलफलबाट सुरु हुन्छ।यसले अध्ययनका लागि सङ्कलित तथ्याङ्कको छलफल गर्न पृष्ठभूमि प्रदान गर्छ। त्यसपछि हामी नेपालमा भएका अघिल्ला अध्ययनको बृहत् सन्दर्भभित्र रहेका नतिजाहरूको सारांश छलफल प्रस्तुत गर्छौं जसमा हामीले तथ्याङ्कसँग अन्तरसम्बन्धित मुख्य विषयहरू र ढाँचाहरू निकाल्छौँ।नीतिगत प्रावधानहरू, भावी अभ्यासका लागि मुख्य नतिजाहरू र सिफारिसको सारांशसहित हामीले प्रतिवेदनलाई विट मारेका छौँ।हामीले यी मुख्य नतिजा तथा सिफारिसलाई शैक्षिक सफलता र नेपालका विद्यार्थीको गुणस्तरीय सिकाइ उपलब्धि अनुभूत गर्न चालिनुपर्ने प्रमुख कदमका रूपमा पस्कन्छौँ (SESP, 2022)।

# भाग १: नेपालको सन्दर्भ

प्रतिवेदनको यस भागको उद्देश्य नेपालका विभिन्न भाषालाई शिक्षामा कसरी स्थान दिइएको छ भनी सिंहावलोकन गर्नु हो। भाषाका विषयमा राष्ट्रिय तहमा के कस्ता प्रावधान तय गरिएका छन् र विद्यालयहरूमा दिनानुदिन के भएको छ भन्ने कुरालाई यसले कसरी निर्धारण गर्छ भन्ने विषयलाई हामीले हेरेका छौँ। यो हेरिएका विषयले छलफलको महत्त्वपूर्ण सन्दर्भ मात्र नभएर नेपालमा भाषाका विषयमा रहेका विभिन्न मनोवृत्ति र अनुभवहरूलाई व्याख्या गर्न सहयोग गर्छ। यस भागमा हामीले उठाइएका मुख्य बुँदाको सारांश प्रदान गरेका छौँ। Poudel, Jackson and Choi (2022) का अनुसार दिइएको तालिका १ ले सन् १९४७ देखि भएका संवैधानिक र शिक्षा नीतिमा भएका मुख्य परिवर्तनहरूको एक उपयोगी सिंहावलोकन प्रदान गरेकोले यसलाई पछिका छलफलका क्रममा सन्दर्भका रूपमा प्रयोग गर्न सकिन्छ ।

| वर्ष(सन्) | नीति | विशेषताहरू |
|---|---|---|
| १९४७ | नेपाल सरकारको वैधानिक कानुन | यो नेपालको पहिलो संविधान हो।राजा त्रिभुवन वीरविक्रम शाह र राणा शासनबिचको समझदारीमा आएको यो संविधानले नेपाली राष्ट्रियतालाई जगेर्ना गर्दै नेपाली भाषालाई राष्ट्रिय भाषाका रूपमा तोकेको थियो। |
| १९५६ | नेपाल राष्ट्रिय शिक्षा योजना आयोग (नेराशिपयो) | पहिलो राष्ट्रिय शिक्षा योजना आयोग( जसलाई उड आयोग भनेर पनि चिनिन्छ) को प्रतिवेदन संयुक्त राष्ट्र सहयोग नियोगसँगको सहकार्यमा विकास गरिएको थियो। यसले अङ्ग्रेजी र नेपाली भाषा बाहेक अन्य भाषालाई प्रतिवन्ध गरेको थियो। |
| १९६१ | सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति | यो पञ्चायती व्यवस्थाकोराजनैतिक लक्ष्यहरूका अधारमा राष्ट्रवादी शिक्षा नीति विकास गर्न राजा महेन्द्रले स्थापना गरेको शिक्षा समिति थियो।यो समितिले नेपाली भाषालाई शिक्षणको माध्यम भाषाका रूपमा तोकेको थियो। |
| १९६२ | नेपालको संविधान | यो पञ्चायती सरकारबाट जारी गरिएको संविधान थियो।यस संविधानले पहिलाका सरकारले गरे जस्तै राष्ट्रिय भाषाको सिद्धान्त र शिक्षणको माध्यम अबलम्बन गरेको थियो। |
| १९७१ | राष्ट्रिय शिक्षा पद्धतिको योजना (राशिपयो) | यो पञ्चायती सरकार अन्तर्गत नेपालको शिक्षालाई आधुनिकीकरण गर्न ल्याइएको पञ्चवर्षीय योजना थियो। यस योजनाले विद्यालय शिक्षाको पढाइको माध्यम नेपाली हुने छ भनी निश्चित गर्नुका साथै अङ्ग्रेजी माध्यमका विद्यालयलाई नेपाली माध्यम का विद्यालयहरूमा परिणत हुनका लागि प्रोत्साहन गरेको थियो। |
| १९९० | नेपाल अधिराज्यको संविधान | यो बहुदलीय प्रजातन्त्रको घोषणा भएपछिको संविधान हो जसले आधारभूत मानव अधिकारको सुनिश्चित गरेको थियो। यसले नेपाली भाषा सरकारी कामकाजको भाषा हुने भनेको थियो र नेपालका विभन्न भागमा मातृभाषाका रूपमा बोलिने सबै भाषा नेपालका राष्ट्रिय भाषा हुन् भनी उल्लेख गरेको थियो। यसका साथै प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो भाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउने कुरा उल्लेख गरेको थियो। |

| | | |
|---|---|---|
| १९९२ | राष्ट्रिय शिक्षा आयोग | सन् १९९० मा बहुदलीय प्रजातन्त्रको घोषणा भएपछि यो शिक्षा आयोग गठन गरिएको थियो। यसमा पनि मातृभाषालाई शिक्षण माध्यमका रूपमा प्रयोग गर्न प्रोत्साहित गरिएको थियो तर नेपाली भाषालाई विद्यालयहरूमा शिक्षण माध्यमको प्रमुख भाषाका रूपमा प्रयोग गर्न र सोको निरन्तरताका लागि अनुमति दिइएको थियो।नीतिगत प्रावधानहरू समताका विषयवस्तुद्वारा प्रभावित भए। |
| १९९४ | राष्ट्रिय भाषा नीति सिफारिस आयोग | नेपालको संविधान अनुसार श्री ५ को सरकारले एघार सदस्यीय आयोग गठन गरेको थियो जसले नेपाली भाषाका सम्बन्धमा अघिल्ला प्रावधानहरूलाई नै निरन्तरता दिन सिफारिस गर्दै निम्न वा उच्च माध्यमिक सम्म मातृभाषामा विद्यालय सञ्चालन गर्न अनुमति प्रदान गरेको थियो। यसले विशेष गरी शिक्षामा सामुदयिक भाषाको प्रयोग सम्बन्धमा सिफारिस गरेर भाषिक मानव अधिकारको मुद्धालाई सम्बोधन गरेको थियो। |
| २००७ | राष्ट्रिय पाठ्यक्रम प्रारुप | यो नेपालको विद्यालय शिक्षाको पहिलो बृहत् पाठ्यक्रम प्रारुप थियो। यसले प्राथमिक विद्यालयमा शिक्षण माध्यमका रूपमा मातृभाषालाई तोकेको थियो र त्यसपछिका तहमा नेपाली र अङ्ग्रेजी भाषालाई शिक्षण माध्यमका रूपमा प्रयोग गर्न सकिने उल्लेख गरेको थियो। जातीय पहिचान र राष्ट्रवादका साथै विश्व्यापीकरणको प्रभाव शिक्षामा भाषानीतिसम्बन्धी निर्णयमा देखियो। |
| २००७ | नेपालको अन्तरिम संविधान | मातृभाषालाई सरकारी कामकाजको भाषा र शिक्षाको भाषाका रूपमा मातृभाषा प्रयोग गर्ने अधिकारको सुनिश्चितता गरेको थियो। |
| २०१५ | नेपालको संविधान | नेपाल शासनको केन्द्रीय प्रणालीबाट सङ्घीय गणतन्त्रात्मक देशमा परिणत भएपछि यो संविधान जारी गरिएको थियो। यसमा भाषा आयोगबाट सिफारिस भएअनुसार र स्थानीय सन्दर्भअनुसार 'शिक्षामा भाषा नीतिसम्बन्धी निर्णय लिन विद्यालयहरू र स्थानीय सरकारलाई स्वायत्तता दिइएको थियो र मातृभाषाको संरक्षण गर्नपाउने अधिकारलाई सुनिश्चित गरिएको थियो। |
| २०१९ | राष्ट्रिय पाठ्यक्रम प्रारुप | नेपाल सङ्घीय राज्यमा परिणत भएपछिको पहिलो राष्ट्रिय पाठ्यक्रमा प्रारुप हो । आधारभूत तहमा शिक्षण माध्यमका भाषा मातृभाषा वा नेपाली हुने प्रावधान राखिएको थियो। राष्ट्रिय पहिचानसँग सम्बन्धित विषय (उदाहरणका लागि नागरिक शिक्षा)बाहेक अन्यमा अङ्ग्रेजीलाई शिक्षण माध्यमका रूपमा प्रयोग गर्न सकिन्छ। |

तालिका  १. मुख्य वैधानिक र शैक्षिक नीतिमा भएका परिवर्तनहरूको सिंहावलोकन

# १.१. नेपाल सन्दर्भ: संवैधानिक र शैक्षिक भाषा नीति विकास

नेपालमा शिक्षामा बहुभाषिकतासम्बन्धी छलफल हुँदै आइरहेको भएता पनि नेपालको संविधान २०४७ जारी भएपछि मात्र विभिन्न भाषालाई विद्यालय शिक्षामा कसरी समावेश गर्ने भन्ने समबन्धमा योजनाबद्ध र प्रणालीगत रूपमा केन्द्रित हुन थालिएको हो। यसले नै भाषिक विविधता र बहुभाषिकताको सम्मान गर्ने एक ठोस वैधानिक आधार प्रदान गर्‍यो। सन् १९९० मा बहुदलीय प्रणालीको पुनरुत्थान भएपछि नेपालको विद्यालय शिक्षामा बालबालिकाले उनीहरूको आफ्नै मातृभाषामा शिक्षाको पहुँच हुने व्यवस्था भयो।[2].

सन् १९९० को संविधानले बोलिने सबै भाषालाई मातृभाषाका रूपमा लिएको छ र त्यसकारण नीतिगतस्तरमा नेपालको राष्ट्रिय भाषा र ती सबै भाषाहरूलाई शिक्षामा र बृहत् सार्वजनिक क्षेत्रमा समानस्तरमा सम्बोधन सुनिश्चित गर्न नीतिगत स्तरमा प्रयासहरू गरिएका थिए। विशेषरूपमा शिक्षासँग सम्बन्धित भएर हेर्दा संविधानमा केही मुख्य धाराहरू छन् जुन विद्यालय शिक्षामा तिनीहरूको प्रभावका हिसाबले महत्त्वपूर्ण छन्। यी संविधानका धाराहरू ६, १८, २५ र २६ हुन् जसमा भएको व्यवस्था यस प्रकार छः

धारा ६**:** राष्ट्र भाषा
(१) देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्रभाषा हो। नेपाली भाषा सरकारी कामकाजको भाषा हो।
(२) नेपालका विभिन्न भागमा मातृभाषाका रूपमा बोलिने सबै भाषा नेपालका राष्ट्रिय भाषा हुन्।

धारा १८**:** संस्कृति तथा शिक्षासम्बन्धी हक
(१) नेपाल अधिराज्यमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्बर्धन गर्ने अधिकार हुने छ।
(२) प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यायलय सञ्चालन गर्न पाउने छ।

धारा २५**(**३**):** राज्यका निर्देशक सिद्धान्तहरू
सबै किसिमका आर्थिक एवं सामाजिक असमानता हटाई विभिन्त जात, जाति, धर्म, भाषा, वर्ण र सम्प्रदायका बिच सामन्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको समाजिक उद्देश्य हुने छ।

धारा २६**(**२**):** राज्यका नीतिहरू
विभिन्न धर्म, जात, जाति, सम्प्रदाय र भाषाभाषीहरूका बिच स्वस्थ एवम् सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको विकासद्वारा देशको सांस्कृतिक विविधता कायमै राखी राष्ट्रिय एकतालाई सुदृढगर्ने नीति राज्यले अवलम्बन गर्ने छ।

उल्लिखित सबै प्रावधानले विविधता खास गरी भाषिक विविधतको संरक्षण र सम्वर्धनमा जोड दिएका छन्। तैपनि सरकारी कामकाजको भाषा भने नेपालीमात्र रह्यो। यस सम्बिधानले जातीय/ रैथाने भाषाको पहिचानमा केही प्रगति भएको भए तापनि र मातृभाषामा शिक्षाको पहुँचको हकको सुनिश्चितको बाटोमा गए तापनि सरकारी कामकाजको भाषाका रूपमा नेपाली भाषालाई घोषणा गर्ने पञ्चायती विरासतालाई निरन्तरता दिएर विभिन्न भाषाबिच द्वन्द्व वा सोपानका साथसाथै अन्य भाषालाई फस्टाउनबाट रोक्ने संरचनागत वाधा सिर्जना गरेको छ।

नेपालको अन्तरिम संविधान**-**२०६३
नेपालको अन्तरिम संविधान-२०६३ ले पनि नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक राष्ट्रका रूपमा प्रवर्धन गरेको छ। ती भाषासम्बन्धि प्रावधानहरू धारा ५, १३, १७, ३३, ३४ र ३५ मा राखिएका छन्।यी धारामा भएको व्यवस्था यस प्रकार उल्लेख गरिएको छः

*[2]* अन्यथा उल्लेख नभए सम्म यो प्रतिवेदनमा हामीले नीति दस्तावेजमा उल्लेख भएका शब्दहरूसँग मिल्ने गरी 'मातृभाषा" भन्ने शव्द प्रयोग गर्छौं। हाम्रो रोजाइ चाँहि 'परिचित भाषा/हरु' हो जुन हामीले मातृभाषाको सट्टा यस प्रतिवेदनको उपयुक्त स्थानमा उल्लेख गरिरहने छौं। मातृभाषाको अवधाराणासम्बन्धी समालोचनात्म छलफलका लागि उदाहरणकारुपमा *Leung, Harris & Rampton's 1997 and Rampton 1990* अध्ययन गर्नुहोस्।

धारा ५**:** राष्ट्र भाषा
(१) नेपालमा बोलिने सबै मातृभाषा राष्ट्र भाषा हुन्।
(२) देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुने छ।
(३) उपधारा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकाय तथा कार्यालयमा मातृभाषा प्रयोग गर्न कुनै बाधा पुर्‍याएको मानिने छैन। त्यसरी प्रयोग गरिएको भाषालाई राज्यले सरकारी कामकाजको भाषामा रूपान्तर गरी अभिलेख राख्ने छ।

धारा १३**:** समानताको हक
(२) सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।
(३) राज्यले नागरिकहरूका बिच धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।

धारा १७**:** शिक्षा तथा संस्कृतिसम्बन्धी हक
(१) प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने छ।
(२) प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुने छ।
(३) नेपालमा बसोवास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्धन गर्ने हक हुने छ।

धारा ३३ **(**घ**):**राज्यको दायित्व
राज्यको दायित्व देहाय बमोजिम हुने छः
(घ) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्र लगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने

धारा ३४**(**५**):** राज्यका निर्देशक सिद्धान्त
सबै किसिमको आर्थिक एवम् सामाजिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा, वर्ण, समुदाय र सम्प्रदायका बिच सामन्जस्यता स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुने छ।

धारा ३५**:** राज्यका नीतिहरू
(३) विभिन्न धर्म, संस्कृति, जाति, समुदाय, सम्प्रादय, उत्पत्ति र भाषा भाषीकाहरूका बिच समानता र सहअस्तित्वका आधारमा स्वस्थ र सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको समान विकासद्धारा देशको सांस्कृतिक विविधता कायम राखी एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्ने छ।

यी छानिएका धाराहरूले देखाए बमोजिम यो संविधानले भाषिक विविधताको उत्सव मनाउने महत्त्वपूर्ण काम गर्छ र यी सबैको गुणस्तर मातृभाषाको पहुँच र प्रयोगसँग कसरी जोडिएको छ भनेर देखाउँछ। यस संविधानमा अधिकारका रूपमा मातृभाषामा शिक्षा प्राप्त गर्ने विषय सम्बोधन भए तापनि मातृभाषालाई कसरी परिभाषित गर्ने र/ वा समुदायमा मातृभाषाको कसरी निर्णय गर्ने भन्ने विषयमा कुनै परिभाषा दिइएको छैन। न त यसले पाठ्यक्रमको कति मात्रा मातृभाषाका माध्यमबाट शिक्षण गरिन्छ भनी उल्लेख गरेको छ। यस्तै महत्त्वपूर्ण बुँदाहरू छन् कि संविधानले नेपाली भाषालाई सरकारी कामकाजको प्रमुखभाषाका रूपमा प्रवर्धन निरन्तररूपमा गर्छ। यसको अर्थ राज्यको सरकारी कामकाजको भाषाका रूपमा विद्यालयमा प्रयोग भएको नेपाली भाषा र समुदायको भाषाकारूपमा मातृभाषा शिक्षा बिच अदृश्य तनाव हुनु हो।

नेपालको संविधान- २०७२

यो संविधानले अघिल्लो अन्तरिम संविधानका प्रावधानहरूलाई समायोजन गर्ने कार्य जारी राख्यो।यहाँ परिवर्तनको मुख्य क्षेत्र भनेको नेपाली भाषाको साथसाथै प्रदेशको सरकारी कामकाजको भाषा बनाउने नेपाल भित्रका प्रदेशहरूलाई अधिकार दिएको कुरा थियो। भाषालाई सरकारी कामकाजको भाषा बनाउने यो प्रक्रिया (धारा ७ हेर्नुहोस्) ले भाषिक विविधताप्रतिको बढ्दो प्रतिबद्धतालाई प्रतिविम्बन गर्छ जुन बहुभाषिक नीतिको अनुसरण गर्ने प्रतिबद्धतामा पनि प्रतिविम्बित हुन्छ। यस संविधान भित्र जोड दिइएका मुख्य धाराहरू यस प्रकार छन्:

धारा ६**:** राष्ट्र भाषा: नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन्।

धारा ७: सरकारी कामकाजको भाषा:
(१) देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने छ।
(२) नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानून बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्नसक्ने छ।
(३) भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरे बमोजिम हुने छ।

धारा १८**:** समानताको हक
(२) सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै कुनै आधारमा भेदभाव गर्ने छैन।

धारा ३१**:** शिक्षासम्बन्धी हक
(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ।

धारा ३२**:** भाषा र संस्कृतिको हक
(१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने छ।
(२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको साँस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ।
(३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने छ।

धारा ५१**:** राज्यका नीतिहरू
राज्यले देहायका नीतिहरू अबलम्बन गर्ने छ:
(ग) सामाजिक र सांकृतिक रुपान्तरणसम्बन्धी नीति:
(६) देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पादाको संरक्षण र विकास गर्ने
(७) बहुभाषिक नीति अवलम्बन गर्ने

धारा २८७**:** भाषा आयोग
(६) भाषा आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छन्:
(क) सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी नेपाल सरकार समक्ष भाषाको सिफारिस गर्ने
(ख) भाषाको संरक्षण, संवर्धन र विकासका लागि अवलम्बन गर्नुपर्ने उपायहरूको नेपाल सरकार समक्ष सिफारिस गर्ने
(ग) मातृभाषाको विकासको स्तर मापन गरी शिक्षामा प्रयोगको सम्भाव्यताका बारेमा नेपाल सरकार समक्ष सुझाव पेस गर्ने
(घ) भाषाको अध्ययन, अनुसन्धान र अनुगमन गर्ने
(९) भाषा आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि सङ्घीय कानुन बमोजिम हुने छ।

यस संविधानमा अझै पनि नेपालका भाषाबिच स्पष्टरूपमा द्वन्द्व देखिएता पनि नेपाली शैक्षिक प्रणालीमा बहुभाषिकतालाई सहयोग, संरक्षण र प्रवर्धन गर्न महत्त्वपूर्ण ध्यान दिइएको छ र प्रतिबद्धता जनाइएको छ। यसका लागि संवैधानिक पहिचान भएको निकाय महत्त्वपूर्ण संयन्त्रकारूपमा भाषा आयोगको गठन हो जसले शिक्षा क्षेत्र र शासन व्यवस्थामा प्रयोग हुने जातीय/ रैथाने भाषाका लागि बढी स्थान सिर्जना गरेको छ।

शिक्षा क्षेत्रमा मात्र नभएर शासन व्यवस्थामा समेत राज्यले अँगालेको बहुभाषिक नीतिको सन्दर्भमा हालसालै भाषा आयोगले सरकारी कामकाजको भाषाका रूपमा प्रयोग हुने एघारओटा भाषाको सिफारिस गरेको छ जुनचाहिँ राज्यले अबलम्बन गरेको सङ्घीय गणतन्त्रात्मक राजनैतिक संरचनाको एक महत्त्वपूर्ण परिणाम हो।नेपाली भाषाका साथसाथै प्रदेश तहको सरकारी कामकाजका भाषाहरूको सूची तालिका २ मा देखाइएको छः

| **प्रदेश** | सरकारी कामकाजको भाषा | **विशिष्ट उद्देश्य र क्षेत्रका लागि कामकाजको भाषा** |
|---|---|---|
| कोशी | मैथली, लिम्बू | थारु, तामाङ, मगर, वान्तवा, उर्दु, राजवंशी, राई, नेवार (नेपाल भाषा), चाम्लिङ, शेर्पा, सन्थाली |
| मधेश | मैथली, भोजपुरी, बज्जिका | उर्दु, थारु, तामाङ् |
| बागमती | तामाङ, नेवार (नेपाल भाषा) | मगर, थारु, मैथली |
| गण्डकी | मगर, गुरुङ, भोजपुरी | थारु, नेवार (नेपाल भाषा), तामाङ |
| लुम्बिनी | थारु, अवधि | भोजपुरी, उर्दु, मगर, मैथली |
| कर्णाली | मगर | |
| सुदूरपश्चिम | डोटेली, थारु | बैतडेली, अछामी, बझाङी |

*(Himalayan News Service, 2021)*

तालिका २. नेपालको प्रादेशिक तहमा सरकारी कामकाजका लागि सिफारिस गरिएका भाषाहरू

नेपालको संविधान, २०७२ ले नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन् भनेको छ। देवनागरी लिपिको नेपाली भाषाले विशेषरूपमा सरकारी कामकाजको भाषाको मान्यता पाउँदै आएको छ। नेपाली भाषा बाहेक प्रदेश सरकारले सम्बन्धित प्रदेशका बहुसङ्ख्यक मानिसले बोल्ने (अल्पसङ्ख्यकले होइन) एक वा सोभन्दा बढी भाषालाई सरकारी कामकाजको भाषाका रूपमा छनोट गर्न सक्छन्। यस संविधानले बालबालिकाको मौलिक हकको रूपमा मातृभाषामा विद्यालय तहको शिक्षाको सुनिश्चित गरेको छ र हरेक समुदायलाई आफ्नो भाषा, संस्कृति र सांस्कृतिक कलाकृतिहरूको प्रयोग, प्रबर्दधन र संरक्षण गर्ने हक दिएको छ।

नेपालको संविधान, २०७२ र अन्य कानुनी प्रमाणहरूको भावनालाई अनुसरण गर्दै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तरगतको पाठ्यक्रम विकास केन्द्रले मातृभाषामा आधारित शिक्षण सिकाइलाई प्रवर्धन गर्न २६ भाषामा पाठ्यसामग्री तयार गरेको छ। यसले भाषिक विविधतालाई संरक्षण गर्ने र नेपालको शिक्षामा विभिन्न भाषालाई प्रवर्धन गर्ने स्थानमा नीतिगत प्रतिबद्धता देखाए तापनि विभिन्न कारकहरू जस्तै स्रोतसाधनको सीमितता, सरोकारवाको सहभागिताको अभाव, र सैद्धान्तिक तथा वैचारिक बाधाविघ्न ले यी असल मनासय भएका नीतिहरूको कार्यान्वयनमा ढिलाइ भएको छ (Awasthi, 2011; Phyak, 2016; Poudel & Choi, 2021)।

विद्यालय शिक्षा र सार्वजनिक शासनमा अङ्ग्रेजी र नेपाली भाषाको बढ्दो प्रयोग नै क्षेत्रीय र रैथाने भाषाको संरक्षण र सम्बर्धनमा देखिएको मुख्य वाधा वा चुनौती हो। नेपालको रैथाने भाषा नभएता पनि नेपालमा अङ्ग्रेजी भाषाको लामो इतिहास छ। संसारमा जहाँसुकै भए जस्तै यहाँ विशेषगरी शिक्षाको सन्दर्भमा अङ्ग्रेजीको प्रयोग स्पष्ट रूपमा बढ्दै गएको छ। निजी विद्यालयहरूमा पहिलेदेखि नै अङ्ग्रेजीलाई स्वतः शिक्षण माध्यमको भाषाका रूपमा चिनिने गरिन्थ्यो र नेपाली वा अन्य स्थानीय भाषालाई धेरै ने निरुत्साहित गरिएको छ। अचम्मको कुरा के छ भने अङ्ग्रेजी नेपालको रैथाने भाषा नभए तापनि यसलाई राष्ट्रिय भाषा मध्ये एकको रूपमा समावेश गरिन्छ (Brown 2018)।

सन् २०१५ मा विद्यालय क्षेत्र सुधार योजना (SSRP) मा भएका परिवर्तनहरूले सबै सरकारी/ सामुदायिक विद्यालयहरूलाई आआफ्नो शिक्षण माध्यमको भाषा छान्ने बढी अधिकार दियो र यसको फलस्वरुप शिक्षण माध्यमको भाषा (EMI) का रूपमा अङ्ग्रेजी भाषातर्फ जाने विद्यायल सङ्ख्यामा वृद्धि भयो। यसका विरुद्धमा थुप्रै प्रमाणहरू भएता पनि शैक्षिक गुणस्तरको चिह्नकारूपमा शिक्षण माध्यमको भाषा अङ्ग्रेजीलाई लिने गरिन्छ।त्यसकारण यसबाट विद्यायल, समुदाय र व्यक्तिहरूमा अनौठो किसिमको दवाव सिर्जना गरेको छ (Dearden 2015; Erling 2014, Erling et al 2014; Sah & Li 2017; Phyak 2016)।शिक्षण माध्यमका रूपमा अङ्ग्रेजी भाषाको प्रयोग गर्ने सवालमा धेरै सरकारी विद्यालयहरूले निजी विद्यालयहरूसँग प्रतिस्पर्धा गर्न दवाव महसुस गरेका छन् र शिक्षण माध्यमको भाषा अङ्ग्रेजीमा परिवर्तन गरेपछि विद्यार्थी सङ्ख्यामा महत्त्वपूर्ण वृद्धि भएको धेरै विद्यालयहरूले बताएका छन्। यस्ता परिवर्तनले सिकाइ र शिक्षाको भाषाका रूपमा रैथाने भाषालाई मूल्य प्रदान गर्ने उपायहरूका लागि स्पष्ट प्रभाव पारेका छन्।

# १.२ नेपालको सन्दर्भ: राष्ट्रिय भाषा नीति सिफारिस आयोग

संवैधानिक परिवर्तनहरू र भाषा, शिक्षाको भाषा र समाज कसरी एक आपसमा बाँधिएका हुन्छन् भनी जोड दिइएकोमा अव भने राष्ट्रिय भाषा नीति सिफारिस आयोग (NLPRC) को केही कामहरूका बारेमा छलफल गर्ने छौँ। यो आयोग सन् १९९४ मा पछिल्लो भाषा आयोग जस्तै गठन गरिएको थियो र यो विभिन्न संवैधानिक सिफारिसको व्याख्या गर्ने र यी सिफारिसलाई कार्यान्वयन योग्य कार्यनीतिमा बदल्ने यस आयोगको उत्तरदायित्व थियो।

सन् १९९४ देखि राष्ट्रिय भाषा नीति सिफारिस आयोग (NLPRC) ले नेपालका भाषाको संरक्षण र सम्बर्धनका सन्दर्भमा धेरै सिफारिस गरेको थियो। शिक्षासम्बन्धी केही प्रावधानहरू यहाँ उल्लेख गर्न लायकका छन् किनकि तिनीहरूले शिक्षण माध्यमका रूपमा मातृभाषाको अवधारणालाई नीतगत तहमा कसरीलिइन्छ भन्ने कुरा देखाउँछन्। राष्ट्रिय भाषा नीति सिफारिस आयोग (NLPRC) ले गरेका धेरै जसो सिफारिस व्यावहारिक देखिन्छन् र तिनीहरूले शिक्षा नीतिमा भाषासम्बन्धी व्यवस्था (LIEP) व्यवस्थापनका लागि आजको दिनमा भएको उपायहरूलाई अझैसम्म पनि निर्धारण गरिरहेकै छन्।

राष्ट्रिय भाषा नीति सिफारिस आयोग (NLPRC) ले विद्यालय र विभिन्न सरोकारवालालाई पाठ्यक्रमसँग सम्बन्धित सामग्रीहरूको ढाँचा तय र विकास कसरी गर्ने र विभिन्न शिक्षण माध्यमका भाषाको चरणबद्ध रूपमा विस्तारै लागु गर्ने सम्बन्धमा महत्त्वपूर्ण भूमिका खेलेको छ। शिक्षण सिकाइको विभिन्न उपागमहरूको विकासमा लगानी गर्न तथा स्रोत जुटाउन र शिक्षक तालिम र विकाससम्बन्धी सिफारिस प्रदान गर्न तिनीहरूको संलग्नता निकै देखिन्छ। अन्य कुराहरू मध्ये तिनीहरूले मातृभाषी विद्यायलहरू कसरी खोलिनु पर्छ र तिनीहरूको स्रोत कसरी व्यवस्थापन गरिनुपर्छ भन्ने विषयका साथसाथै विद्यालय सेवा क्षेत्रहरू र समुदायहरूको आफ्नै आवश्यकताहरू र अभ्यास अनुसारका प्रावधानहरू कसरी सङ्गठित गर्नुपर्छ भनेर मार्गदर्शन प्रदान गरेका छन्।

मातृभाषी विद्यालय खोल्ने सम्बन्धमा दिइएको सुझाव अनुसार राष्ट्रिय भाषा नीति सिफारिस आयोग (NLPRC) ले त्यस्ता विद्यालयहरूलाई स्थानीय क्षेत्रहरूमा बोलिने भाषाका आधारमा मुख्य तिन समूहमा वर्गीकरण गरेको छ जुन यस प्रकार रहेका छन्:
क) मातृभाषी प्राथमिक विद्यालयहरू
ख) द्विभाषिक प्राथमिक विद्यालयहरू
ग) राष्ट्रिय भाषी प्राथमिक विद्यालयहरू

ठुलो सङ्ख्यामा एकभाषी विद्यार्थी भएका विद्यालयहरूलाई मातृभाषी प्राथमिक विद्यालयहरूमा वर्गीकरण गरिएका छन् र त्यसकारण ती विद्यालयहरूले स्थानीय मातृभाषालाई शिक्षण माध्यमको प्रमुख भाषाकारूपमा छानेका छन्। द्विभाषिक विद्यालयहरूमा नेपाली भाषाका साथसाथै कुनै अर्को राष्ट्रिय भाषामा कक्षा सञ्चालन गर्ने गर्छन्। राष्ट्रिय भाषामा शिक्षण सिकाइ गर्ने गराउ प्राथमिक विद्यालयहरू बढी मात्रामा  बहुभाषिकता भएको र जहाँ नेपाली भाषा साझा वा सम्पर्क भाषाका रूपमा प्रयोग हुने स्थानमा कामयावी हुन्छन्। यसमा नेपाली भाषालाई शिक्षण माध्यमकारूपमा प्रयोग गरिन्छ। विभिन्न भाषाको प्रयोगका कारण आइ परेका विभिन्न चुनौतीहरूलाई निराकरण गर्नका लागि नेपाली भाषाको प्रयोग गरिन्छ।

## १.३ नेपालको सन्दर्भ: शिक्षण माध्यम र सिकाइको भाषा (MILE) अध्ययन

माथि छलफल गरिए अनुसार विद्यालयहरूमा भाषाका प्रावधान सुधार गर्न धेरै प्रयासहरू गरिएका छन् तर विद्यार्थीको सिकाइ उपलब्धि भने कमजोर नै रहेको छ। सन् २०१५ मा शिक्षा मन्त्रालयले शिक्षण माध्यम र सिकाइको भाषा (MILE)सम्बन्धी एक प्रतिवेदन निकालेको थियो।नेपालको सघन भाषा नीतिका लागि आधार निर्माण गर्न नीतिहरू र अभ्यासको सिंहावलोकन गर्नु त्यस प्रतिवेदनको एक प्रमुख लक्ष्य थियो।शिक्षण माध्यम र सिकाइको भाषा (MILE) अध्ययनले नेपालका सार्वजनिक विद्यालयहरूमा शिक्षण माध्यम कार्यान्वयनको सम्बद्ध अवस्था र मुद्दाहरू उजागर गर्यो र शैक्षिक नीति, योजना र अभ्यासका लागि अबलम्बन गर्नु पर्नेबाटाहरू सुझायो। प्रतिवेदनले साहित्य अध्ययन, बैठक तथा भेटघाट र अध्ययनका लागि छनोट भएका जिल्ला र विद्यालयहरूको भ्रमण गरेर तथ्याङ्क सङ्कलन गरिएको थियो।

शिक्षण माध्यम र सिकाइको भाषा (MILE) अध्ययनले सफल शिक्षण माध्यम र सिकाइको भाषा (MILE) नीति र अभ्यासका लागि मुख्य तत्त्वहरू पहिचान गर्यो। यसले विद्याSलयका विभिन्न कक्षाहरूमा भाषाको स्पष्ट श्रृङ्खलाको आवश्यकता माथि जोड दिएको थियो र साथै यसले बहुभाषिक नीति कार्यान्वयन सम्बन्धमा नेपालको प्रस्तावहरू अनुभूत गर्न प्रभावकारी शिक्षण विधि, पाठ्यक्रम अनुसारका सामग्री र प्राविधिक तथा संस्थागत सहयोगका लागि सुझाव दिएको थियो। अध्ययनले तर्क गरेको थियो कि बहुभाषिक उपागमले शक्ति र अवसरका भाषाका रूपमा बालबालिकाको नेपाली र अङ्ग्रेजीको पहुँचको सुनिश्चिततालाई योगदान पुर्‍याउने छ । यसका अतिरिक्त प्रतिवेदनले बालबालिकालाई उनीहरूकै मातृभाषामा वा उनीहरू परिचित भाषामा शिक्षण नगरिनुको परिणामा स्वरूप उनीहरू सुविधाबिहीन बन्ने खतराको चेतावनी दिएको छ र विशेष गरी प्रारम्भिक वर्षहरूमा मातृभाषा/ परिचित भाषामा शिक्षा दिइने प्रावधानको पक्षमा तर्क गरेको छ। यस प्रतिवेदनले यो पनि पत्ता लगाएको छ कि मातृभाषामा आधारित बहुभाषिक शिक्षा (MTB-MLE)सम्बन्धी विद्यालय स्तरमा भएका प्रयासहरू र परियोजनाहरूले विद्यालयमा बालबालिकाको सिकाइ र अभिरुचिमा सकारात्मक प्रभाव रहेको देखिन्छ।

शिक्षण माध्यम र सिकाइको भाषा (MILE) प्रतिवेदनले शिक्षण माध्यमको भाषामा भएका परिवर्तनहरूले बालबालिकाको सिकाइ उपलब्धिमा कसरी प्रभाव पार्छन् भन्ने सन्दर्भमा मुद्दाहरू पहिचान गरेको छ र साथै प्रतिवेदनले सार्वजनिक विद्यालयहरूको अङ्ग्रेजी माध्यम प्रतिको योजना बिहीन प्रस्थानप्रति सचेत गराएको छ। जस्तै:

धेरै विद्यालयहरूले शिक्षण माध्यमको भाषा अङ्ग्रेजीलाई छनोट गर्नु अभिभावकहरूको मागको सम्बोधन र विद्यार्थी भर्नामा वृद्धि कायम राख्नका लागि भएको देखिन्छ। पाठ्यपुस्तक र सामग्रीहरूको कमी तथा अङ्ग्रेजी बोल्ने शिक्षकको पनि कमीले विद्यालयहरूलाई शिक्षण माध्यमको भाषा परिवर्तनबाट टाढा रहन भनी सचेत गराएको देखिदैन। द्विभाषिक शिक्षणको योजनाबद्ध उपागमका फाइदाहरूलाई ध्यानमा नराख्दा पनि वास्तवमा धैरै जसो अङ्ग्रेजी माध्यमका विद्यालयहरूले अङ्ग्रेजी भाषाको साथसाथै अत्याधिक मात्रामा नेपाली प्रयोगगरेको देखिएको छ। अङ्ग्रेजी माध्यमका लागि तालिम र स्रोतको परिचालनले विषयकारूपमा अङ्ग्रेजीको प्रभावकारी शिक्षण हुने कुरा पनि कमजोर बन्दै गएको छ *(Seel et al., 2017, p. x)*।

शिक्षण माध्यम र सिकाइको भाषा *(MILE)* का केही मुख्य सिफारिस निम्नानुसार रहेका छन्। दिइएका सिफारिसले विभिन्न आवश्यकताहरूलाई औँल्याएका छन् *:*

- सङ्घीयताको मर्मअनुसार र नेपालमा एकनासको बहुभाषिक नीतिको सुनिश्चित गर्न बृहत् शिक्षण माध्यम र सिकाइको भाषा *(MILE)* नीति विकास गर्नुपर्ने
- बहुभाषिक शिक्षामा मातृभाषा, नेपाली र अङ्ग्रेजीको शिक्षणलाई समेट्न ढाँचा प्रदान गर्ने
- मातृभाषा, नेपाली, अङ्ग्रेजी र सम्पदा/ धार्मिक भाषालाई शिक्षण माध्यम भाषाकारूपमा कि विषयका रुपामा शिक्षण गर्ने विषयमा विद्यालयलाई मार्गदर्शन प्रदान गर्ने र यी भाषाको सफलता पूर्वक कार्यान्वयन गर्न विद्यालयको प्राविधिक क्षमता सुनिश्चित गर्ने

शिक्षण माध्यम तथा सिकाइको भाषा (MILE) अध्ययन प्रतिवेदनले आवश्यकताको महत्त्वलाई यस प्रकार जोड दिए:

- मातृभाषा, नेपाली, अङ्ग्रेजी र सम्पदा/ धार्मिक भाषा शिक्षणको असल अभ्यासका मुख्य तत्त्वहरू पहिचान गर्ने
- भाषाका पाठ्यक्रम, पाठ्यपुस्तक, सामग्री र प्रविधिहरूको छनोट तथा शिक्षक शिक्षा सम्बन्धमा विद्यालयहरूलाई प्रत्यक्ष सहयोग पुर्‍याउने
- बहुभाषिक नीति र रणनीतिहरूको कार्यान्वयनलाई पूरा गर्न तथा मजबुत पार्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, विकास साझेदार र अन्य निकायहरूको भूमिका खोजी गर्ने

# १.३.१. शिक्षण माध्यम तथा सिकाइको भाषा (MILE) अध्ययनको सिफारिस र वर्तमान अवस्थाका केही प्रतिवेदनहरू

नेपालका विद्यालयहरूका वर्तमान प्रावधानको निर्धारण गर्न शिक्षण माध्यम तथा सिकाइको भाषा (MILE) अध्ययनले महत्त्वपूर्ण भूमिका खेलेको छ र माथि उल्लेख गरिए अनुसार प्रतिवेदनले नीति र अभ्यासका लागि स्पष्ट सिफारिस अगाडि सारेको छ । यस अध्ययनको एक उद्धेश्य शिक्षण माध्यम तथा सिकाइको भाषा (MILE) को सिफारिसमा भएका प्रगतिको मूल्याङ्कन गर्नु हो। शिक्षामा भाषा नितिलाई अभ्यासमा ल्याउन संलग्न हुने शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्र जस्ता कार्यान्यन गर्ने सम्बद्ध नियकायका पदाधिकारीसँगको छलफल तथा परामर्शको माध्यमका साथसाथै प्राप्त साहित्यको पुनरवलोकन गरेर हामीले यो गरेका छौँ।

नीतिहरू, योजनाहरू र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अधिकारीहरूसँग लिइएको अन्तर्वार्ताका आधारमा शिक्षण माध्यम तथा सिकाइको भाषा (MILE) प्रतिवेदन विविध तथा महत्त्वपूर्ण तरिकाले प्रभावशाली रहेको छ । हाम्रो दृष्टकोणबाट शिक्षण माध्यम तथा सिकाइको भाषा (MILE) प्रतिवेदनले यस प्रकार उल्लेख गरेको छ:

- विशेष गरी मातृभाषीहरूको बहुमत रहेको स्थानमा अवस्थित विद्यालयहरूमा मातृभाषामा आधारित लचिलो बहुभाषिक शिक्षा कार्यान्वयन गरी शिक्षामा सहयोगी भाषिक उपागमहरू अबलम्बन गरेका विद्यालयहरूलाई वित्तीय सहयोगसम्बन्धी निर्णय गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्र जस्ता सम्बद्ध निकायहरूलाई प्रेरित गरिएको ,
- धेरै स्थानीय ठाउँमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनमा सहयोग गरिएको र स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयको बढ्दो प्रतिबद्धतालाई प्रोत्साहन गरिएको र सांस्कृतिक विषयवस्तु र सामुदायिक भाषालाई पाठ्यक्रमको अंशकारूपमा शिक्षण गर्न आवश्यक रहेको भनी जोड दिइएको ,
- राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (NEGRP) परियोजना कार्यान्वयनमा सहयोग गरेको ,
- शिक्षाको भाषासम्बन्धी निर्णय गर्ने अधिकार स्थानीय सरकारलाई प्रत्यायोजन गर्न सहयोग गरेको ,
- कक्षाकोठामा विद्यार्थी सिकाइका लागि भाषिक लचकताको माध्यमबाट हुने सहयोगको प्रबर्द्धन गरेको जहाँ विद्यार्थीको विषयवस्तुको बोधलाई सहयोग गर्न नेपाली र मातृभाषाको लचकताका साथ प्रयोग गर्न शिक्षकलाई प्रोत्साहित गरिएको हुन्छ।

शिक्षण माध्यम तथा सिकाइको भाषा (MILE) प्रतिवेदनका सिफारिसलाई शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र बृहत् निकाय तथा सरोकारवालाद्वारा गम्भीरतापूर्वक लिइएको भए तापनि सिफारिसको पूर्ण कार्यान्वयन हुन अझै बाँकी छ। अझै पनि अनुभूत गर्न वाँकी रहेका थुप्रै सिफारिस छन् जुन यसप्रकार रहेका छन्:

- यद्यपि अध्ययनले सघन बहुभाषिक भाषा नीति विकासका लागि आह्वान गरे तापनि हालसम्म कुनै विशिष्ट नीति बनेको छैन,
- अध्ययनले शिक्षाको बहुभाषिक उपागमलाई सहयोग गर्न कार्यान्वयन प्राविधिक इकाइहरू र समितिहरू गठन गर्न सिफारिस गरे तापनि यस्ता कुनै पूर्वाधारहरू गठन भएनन् र विद्यालय तथा स्थानीय सरकारले निर्णयहरू स्वीकृत गराउन र नीतिहरू कार्यान्वयन गर्न कठिनाइ भएको बताएका छन् ,
- विद्यालयहरूमा बहुभाषिक उपागमहरूको प्रयोग र शिक्षक तालिम, पाठ्यक्रम सामग्री र स्रोतहरूको विकाससम्बन्धी असल अभ्यासको पहिचान र प्रबोधीकरणको आवश्यकलाई अध्ययनले जोडदिएको थियो। यसले काम भइरहेको देखाउँछ र केही जिल्ला र विद्यालयहरू पाठ्यक्रम सामग्रीहरू पाएका छन् भने धेरैले पाएका छैनन् ,
- पूर्व सेवाकलीन तालिम कार्यक्रमले पाठ्यक्रम र शिक्षणमा बहुभाषिक उपागमहरू समावेश गरेका वा सम्बोधन गरेका छन् भन्ने प्रमाणहरू छैनन् र सेवामा रहेका शिक्षकका लागि क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएको अवस्थामा पनि अधिकांश अवस्थामा अपर्याप्त रहेको बताइएको छ।

# सारांशका बुँदाहरू

नीतिगत तहमा भाषाप्रति कस्तो धारणा बनाइएको र यसले हामीलाई दैनिक जीवनका सम्बद्ध पक्षहरूका सम्बन्धमा जानकारी पाउन कसरी सहयोग गरेको छ भन्ने यथार्थ तस्बिर प्रदान गर्ने हिसावले विभिन्न संवैधानिक र नीतिगत मार्गहरूको प्रतिविम्बन गरिनु महत्त्वपूर्ण कार्य हो। यस सिंहावलोकनबाट हामीले देखेको सकारात्मक कुरा के हो भने  एकपछि अर्को गरी जारी भएका संविधानले नेपाली समाज र दैनिक जीवनको मुख्य विशेषताका रूपमा रहेको भाषिक विविधता र बहुभाषिकतामा अर्थपूर्ण तरिकाले सहभागिताको खोजी गरेको छ। कक्षाकोठामा फरक फरक भाषाको प्रयोगको स्पष्ट प्रतिबद्धता र सबै सिकारुहरूको शिक्षामा समतामूलक पहुँचको सुनिश्चितताको प्रतिबद्धता रहेको छ (e.g., in School Sector Reform Plan [SSRP]- 2009-15), School Sector Development Plan [SSDP]-2016-23, and School Education Sector Plan [SESP] – 2022/23-2031/32)।विद्यालय क्षेत्र सुधार योजना (SSRP) र विद्यालय क्षेत्र विकास योजनाले जुनसुकै जात, जाती, भाषा, क्षेत्र, लिङ्ग र अन्य पृष्ठभूमिका किन नहुन् सबै बालबालिकालाई समतामूलक सिकाइ अवसरको पहुँचको सुनिश्चितता खोजेका छन्। त्यस्तै गरी विद्यालय शिक्षा क्षेत्र योजनाले पनि सन् २०३० सम्ममा सबै बालबालिकाको गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइमा समतामूलक पहुँचको प्रवर्धन गरेको छ (MOEST, 2022)।  समावेशी र विविधता युक्त सिकाइ वातावरण सिर्जना गर्न आधारभूत शैक्षिक स्रोत सामग्री र साधन प्रदान गरेर, बढी स्तरीकृत सान्दर्भिक र समावेशी पाठ्यक्रम विकास गरी प्रभावकारी शिक्षण विधिहरूको प्रयोग मार्फत् सबै बालबालिकाको सिकाइको गुणस्तर उकास्न हरेक बालबालिकाको आधारभूत सिकाइ र गुणस्तरीय सिकाइ उपलब्धि सुनिश्चित गरी समग्र विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्नका लागि  विद्यालय क्षेत्र सुधार योजना  (SESP) ले लक्ष्य राखेको छ।

यी उद्देश्य र रणनीतिहरूलाई व्यवहारमा उतार्नका लागितिनै तहका सरकार (सङ्घीय, प्रादेशिक र स्थानीय) र शैक्षिक संस्थाहरूलाई योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन कार्यमा सक्षम बनाउन क्षमता विकासमा ध्यान जानु पर्छ (MOEST, 2022)।यस योजनाले घरको भाषाभन्दा विद्यालयमा प्रयोग गरिने शिक्षण माध्यम भाषा फरक रहेका बालबालिकाको सिकाइमा रहेको भाषिक बाधाहरूलाई कम गर्ने आवश्यकतालाई सम्बोधन गर्नेतर्फ स्पष्ट प्रतिबद्धता जाहेर गरेको छ।  अन्य रणनितिहरू मध्येको एउटा मुख्य रणनीति प्रारम्भिक कक्षाहरूमा समतामूलक सिकाइको सुनिश्चितता गर्नु हो।
आवश्यकता अनुसार विद्यार्थीको भाषिक विकास र सञ्चार सिपलाई प्रवर्धन गर्नका लागिप्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रहरूमा बालबालिका परिचित भाषालाई शिक्षण माध्यमको भाषाकारूपमा प्रयोगका लागि सहजीकरण गर्न मातृभाषा र/ वा बालबालिकाको परिचित भाषामा स्रोत सामग्रीहरू विकास गर्ने (MOEST, 2022, p. 32)।


शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (MOEST) र अन्य नीतगत व्यवस्थाहरूले अँगालेका कार्यहरू प्रशंसनीय भए तापनि हालसालैका नीतिगत प्रावधान र उपागमहरूमा भएको हाम्रो सर्वेक्षणले बृहत् नीतिहरू र सूक्ष्म अभ्यास दुबैमा केही सतही परिवर्तन भएको पाएको छ तर समग्र विद्यालय प्रणाली भने प्रभावकारी देखिदैन र यथास्थितिमा नै रहेको छ। देशका सार्वजनिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाको प्रगतिको अभाव व्यापक चासोका रूपमा अहिलेसम्म पनि छ।यो कुरा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रकाशन गरेको विद्यालय शिक्षा क्षेत्र योजना २०२१-२०३० मा प्रतिविम्बित भएको छ। यस प्रतिवेदनले शैक्षिक चक्रभर र विशिष्ट सामाजिक आर्थिक तथा जातीय भाषिक अल्पसङ्ख्यक पृष्ठभूमि भएका विद्यार्थीमा रहेको न्यून सिकाइउपलब्धिको चासोलाई जोड दिएको छ। यद्यपि सिकाइमा न्यून उपलब्धि र विद्यालय छाड्ने कारणको खोजी गर्ने कार्य यस अध्ययनको क्षेत्र बाहिर छ तापनि भाषिक अल्पसङ्ख्यक पृष्ठभूमि भएका बालबालिकालाई सरकारी कामकाजको भाषा नेपालीमा शिक्षा दिइने भएकाले त्यस्ता बालबालिकामा शिक्षण माध्यमले प्रभाव पारेको हुनसक्छ। विशेष समूहका विद्यार्थीको कक्षा छाड्ने दर कम गर्नु र प्रभावकारी शिक्षक तालिमबाट गुणस्तरीय शिक्षाको समग्र प्रावधान र निरन्तर पेसागत विकास कार्यक्रमहरू सरकारका मुख्य चासोका रूपमा रहेका छन्।

# मुख्य बुँदाहरू

- नेपालको विविधतायुक्त जनसङ्ख्या, जात/ जाति समूह र स्थानीय भाषाको महत्त्व क्रमिकरूपमा जारी भएका नेपालका संविधानको एकै किसिमको विशेषता भएको ,
- नेपालका मातृभाषालाई संवैधानिक मान्यता दिइएको छ र यी भाषाको संरक्षण र सम्बर्धन गर्न प्रयासहरू हुँदै आएका छन् ,
- नेपालका सबै भाषालाई संवैधानिक मान्यता दिइएको छ तर अन्य मातृभाषाभन्दा नेपाली बढी सम्मानित अवस्थामा छ ,
- नेपालका स्थानीय भाषा मध्ये ११ ओटा भाषालाई विशेष दर्जा दिइएको छ र प्रदेशहरूले नेपाली भाषाका साथसाथै बहुसङ्ख्यकले प्रयोग गर्ने स्थानीय भाषालाई सरकारी कामकाजको भाषाका रूपमा चयन गर्न सक्छन् ,
- शैक्षिक सन्दर्भमा नेपाली र अङ्ग्रेजी भाषा प्रायः सम्मानित भाषा भएका छन् र हालका वर्षहरूमा शिक्षण माध्यमकारूपमा प्रायः उपयुक्त योजना बिना नै अङ्ग्रेजी भाषाको प्रयोग बढ्दै गएको छ ,
- बहुभाषिक शिक्षा कार्यान्वयनका लागि एक सुसङ्गत मार्गदर्शन नभएको अवस्था छ ,
- विद्यार्थीको कमजोर सिकाइ उपलब्धि अहिले सम्म पनि उच्च छ र यो शिक्षण माध्यम र विद्यालयमा भाषाको प्रयोगसँग सम्बन्धित छ।

# १.४ अन्तर्राष्ट्रिय सन्दर्भ: विद्यालयमा बहुभाषिकताको वैकल्पिक उपागमहरू

धेरै जसो साहित्यहरूले के देखाउँछन् भने (García, 2009; García & Kleyn, 2016; García & Wei, 2014; McSwan, 2017; Pennycook, 2007) विश्वका सबैजसो मानिसहरूको मूल्य मान्यता र दैनिक जीवनको वास्तविकता बहुभाषिकता भएता पनि नीति अझ विशेषगरी भन्नु पर्दा भाषिक नीतिको विकास र प्रवाहमा यो स्वभावैले प्राकृतिक रुपमै एकभाषीय किसिमको छ।व्यवहारमा यसको अर्थ शिक्षक र विद्यार्थीलाई उनीहरू अभ्यस्त र सजिलो लाग्ने भाषा अभ्यासलाई प्रतिबिम्बन नगर्ने र सिकाइलाई सहयोग नगर्ने शिक्षण माध्यमको विशिष्ट भाषाका माध्यमबाट शिक्षण सिकाइ गर्न लगाइन्छ। यस्ता नीतिगत परम्परा र दृष्टिकोणको मुख्य परिणाम भनेको तिनीहरूले बहुभाषिकतालाई सिकाइ बाधाका रूपमा लिएका हुन्छन्।साथै कक्षाकोठाको सकारात्मक स्रोतको रूपमा भन्दा पनि विद्यालय शिक्षामा बालबालिकाको सफलताका लागि समाधान गरिनुपर्ने विषयका रूपमा बहुभाषिकतालाई लिइएको हुन्छ। विद्यालय शिक्षाको सन्दर्भमा देखिएका यी विचारधारहरूको एउटा उदाहरण दिइएको चित्रमा स्पष्ट पारिएको छ जुन चित्र काठमाडौँको एक माध्यमिक विद्यालयको कक्षाकोठा बाहिर प्रदर्शन गरिएको थियो:



चित्र १: काठमाडौँमा रहेको एक अङ्ग्रेजी माध्यमको विद्यालयको भाषासम्बन्धी सिद्धान्त

नेपालका लागि यस्ता पोष्टरहरू अनौठा होइनन्।यस्ता पोष्टरहरू नेपालका मात्र नभएर विश्वका विद्यालय र कोक्षाकोठाहरूमा पनि पाइन्छन्।यिनीहरूले भाषिक प्रभुत्ववादको सिद्धान्त(जस्तो कि अङ्ग्रेजी मात्र भएको एकलभाषीय विचारधाराहरू) लाई पुनर्वल प्रदानगर्ने भाषिक नीति र अभ्यासको कार्यान्वयन गर्न सहयोग गर्छन् ।तिनीहरूले शिक्षक र विद्यार्थीलाई एउटा स्पष्ट सन्देश दिन्छन् कि केही भाषा कक्षाकोठाको सन्दर्भमा अनुपयुक्त ठानिन्छन् तर अन्यभाषाहरू ठानिन्नन् (Cushing 2020; Makalela, 2015; 2016, 2017; Makoni & Pennycook, 2007, 2012; Pennycook, 2007, 2017)।यस्ता नीतिगत परम्पराहरू औपनिवेशिक सोच र विरासताले ओतप्रोत छन्।साहित्यले देखाएका धेरैजसो कुरा हामीले भन्ने गरेको एकभाषी मानसिकता अथवा ‘एकभाषी वानीमा’ विकसित भएका छन् (Gogolin, 1997)।

यस्ता अभ्यासको केन्द्रमा रहेको दृष्टिकोण के हो भने शिक्षण सिकाइ एकभाषीयरूपमा सबैभन्दा राम्रो तरिकाले गर्न सकिन्छ जस्तो कि लक्षित भाषाको सबैभन्दा प्रभावकारी सिकाइ लक्षित भाषामा र लक्षित भाषाकै माध्यमबाट हुन्छ। दशकौँदेखि, यो दृष्टिकोणले अङ्ग्रेजी भाषा शिक्षण (ELT) विधिका धेरै जसो साहित्यलाई आड दिएको छ।यसको अर्थ शिक्षक र विद्यार्थीलाई एकभाषिकरुपले (उल्लिखित पोष्टरमा देखाइए जस्तै) शिक्षणसिकाइ गर्न भनिनु हो। धेरै सन्दर्भमा त शिक्षक र विद्यार्थीले भाषा मिसाएर प्रयोग गरेमा र लक्षित भाषा तथा विद्यालयले तोकेको भाषा प्रयोग नगरेमा दण्डित हुन्छन्। यो अभ्यास एकभाषिकता मात्र होइन कि सामाजिक न्यायका दृष्टिकोणबाट 'बहिस्करण' पनि हो। यसको अर्थ यो कक्षाकोठा बाहिर दिनानुदिन प्रयोगमा आउने तरल, गतिशील एवम् सफल भाषा अभ्यास कक्षाकोठाभित्र अपमानित र काम नलाग्ने हुन्छन्।

शिक्षा नीतिमा भाषासम्बन्धी व्यवस्था (LIEPs) मा रहेको यस किसिमको सोचाइ र अभ्यासको प्रभावशाली परिणाम भन्नु नै विश्वका ४०% बालबालिकाले आफूले जानेको भाषामा शिक्षा पाएका छैनन् (UNESCO, 2016) भन्नु हो।यसको अर्थ आफूलाई सबैभन्दा बढी परिचित र/ वा प्रयोग गर्न सजिलो भाषा होस् या नहोस्  शिक्षक र विद्यार्थीलाई त्यस्ता भाषाका माध्यमबाट शिक्षण सिकाइ गर्न लगाइन्छ। यसको अर्थ शिक्षक विद्यार्थीले आफूसँग कक्षाकोठामा ल्याएको भाषिक स्रोतहरूको पूर्ण दायरा वा विवधताको प्रयोग प्रभावकारी र उपयुक्त ढङ्गबाट भइरहेको छैन भन्ने पनि हुन्छ।शिक्षक तथा विद्यार्थी कक्षामा सिर्जनात्मक तवरले भन्दा सङ्कुचित तवरले कार्य गर्न वाध्य छन् भन्ने बुझिन्छ। यस विरुद्धको महत्त्वपूर्ण र अत्यावश्यक जवाफ भनेको भाषिक तरलता र बहुभाषिक शिक्षण विधिका क्षेत्रमा भएका कामहरू नै हुन्। Lewis, Jones, and Baker (2012), García (2009), García and Wei (2014), García and Kleyn (2016), McSwan (2017), Pennycook (2007) जस्ता विद्वानको काम व्यवहारमा भाषिक प्रयोगको तरलता र लचिलो प्रकृतिलाई जोडदिन महत्त्वपूर्ण सावित भएका छन् जसलाई अन्तर्भाषिकीकरण भनिन्छ।

भाषाहरूलाई छुट्टाछुट्टै रूपमा वाधिएका वस्तुका रूपमा बुझ्नु एक समस्या हो।यसका अतिरिक्त भाषा भनेको भाषा प्रयोग कर्ताका दिनानुदिन हुने जीवित अनुभव (जस्तै हामी भाषालाई कसरी प्रयोग गर्छौं र यसले के गर्छ) लाई अभिलेखीकरण गर्नु हो भन्ने दृष्टिकोणबाट अन्तर्भाषिकीकरणको सुरुवात हुन्छ। अन्तर्भाषिकीकरणसम्बन्धी विद्वानहरूले हाम्रो मानसिकतामा भाषा अलग अलग अस्तित्वका रूपमा अनुभूत हुँदैनन् तर स्पष्टरूपमा कुनै सिमाना नभएका स्रोतका रूपमा भाषाको अस्तित्व हुन्छ भन्ने दृष्टिकोण राखेका छन्। त्यसकारण भाषा स्वभावैले अङ्ग्रेजी वा नेपाली भने जस्तै छुट्टा छुट्टै वर्गमा रहँदैनन्।यी त राष्ट्र निर्माण कार्यसँग सम्बन्धित सामाजिक सोच र साधनहरू हुन्। अन्तरभाषिकीकरणका दृष्टिकोणबाट हेर्दा ढाँचा र प्रवाहमा एक भाषिक प्रकृतिका र कुनै एक भाषाको सट्टा कुनै अर्को विशेष भाषालाई शिक्षण माध्यमका रूपमा प्रयोग गर्न अधिकार दिने शिक्षा नीतिमा भाषासम्बन्धी व्यवस्था (LIEPs) विद्यालय र कक्षाकोठाका अभ्यास समस्याग्रस्त छन् । त्यस्तै अन्तर्भाषिकीकरण दृष्टिकोणले के तर्क गर्छ भने मानिसहरूलाई एक भाषीरूपमा सोच्न लगाउनु भाषा र बहुभाषिकताले कसरी काम गर्छ भन्ने विचारको विरुद्धमा जानु हो।

शैक्षिक  अन्तर्भाषिकीकरण जस्ता कुराहरूको सम्बन्धमा शैक्षिक सन्दर्भमा धेरै सकारात्मक कार्य भइरहेका छन् (Cenoz & Gorter, 2020; García, 2009; García & Kleyn, 2016, García & Wei, 2014; Guzula, 2021)।यस्तो कार्यले विद्यालयमा बहुभाषिकाको बुझाइलाई राम्रोसँग प्रवर्धन गर्न सहयोग गरिरहन्छ। यसका साथै अन्तर्भाषिकीकरणले यस्तो तालिम विकास गर्न सहयोग गर्छ जसले ज्ञान र बुझाइलाई प्रवाह, रचना र प्रदर्शन गर्न कक्षामा भएका सबै भाषिक स्रोतको प्रयोग गर्नका लागि शिक्षक र विद्यार्थीलाई अनुमति प्रदान गर्छ। बहुभाषिकता, अन्तर्भाषिकीकरण शिक्षण विधिका साथसाथै शिक्षाको बहुभाषिकताका उपागमहरूको (भाषाले सहयोग गर्ने शिक्षण विधिहरू Erling et al., 2021, उदाहरणका लागि) प्रयोगका लागि शिक्षक र विद्यार्थीलाई निषेध र दण्डित गर्नुभन्दा उनीहरूलाई सिकाइमा पहुँच र सहभागी हुने भाषा र साक्षरताका अभ्यासको सुरुवात गर्न सामर्थ्यवान हुने गरी स्वतन्त्र बनाउनु पर्छ। यस्ता उपागमहरू सामाजिक न्यायका हिसावले मात्र महत्त्वपूर्ण नभइ भाषिक पृष्ठभूमिलाई र अभ्यासलाई प्रवाह नगरी सबै विद्यार्थीको शैक्षिक सफलताको समान पहुँचलाई प्रवर्धन गर्ने शैक्षिक अभ्यासको सुनिश्चितता गरेर पाठ्यक्रमलाई कुनै विचारको औपनिवेशिकताबाट स्वतन्त्र बनाउने हिसाबले पनि महत्त्वपूर्ण छ।

कक्षाकोठाका बढ्दो अनुभवजन्य प्रमाणहरूले के देखाउछन् भने बहुभाषिकता उपागमहरू जस्तै शैक्षिक  अन्तर्भाषिकीकरण प्रायः शिक्षक र विद्यार्थीको प्राकृतिक रूपमा स्वतः आउने प्रतिक्रिया हुन्।यो फरक विशिष्ट तरिका शिक्षण माध्यमकारूपमा तोकिएको अवस्था भएता पनि  विश्वभरका कक्षाकोठाहरूमा वास्तिकरूपमा नियमित तवरले भएको हुन्छ (Bagwasi & Costley, 2022)।निश्चित शिक्षण माध्यम भएको कक्षाबाट सङ्कलित तथ्याङ्कले प्रायः मौजुदा नीतिसँग विरोधाभास हुने व्यवहार र अभ्यासमा शिक्षक र विद्यार्थीको नियमित संलग्नता भएको देखाउछ। यसको अर्थ हामी उदाहरणका लागि अङ्ग्रेजी माध्यम शिक्षण वानेपाली माध्यम शिक्षणको कुरा गर्छौ यी अभ्यास विरलै एकभाषीय हुन्छन् भन्नु हो। एकभाषीय अभ्यास जबरजस्त गरिएमा वा कार्यान्वयनमा गएमा एकदमै कम प्रभावकारी सिकाइ हुने सम्भावना रहन्छ।

अन्तर्भाषिकीकरण भाषाको अर्थ र यसको कामका सम्बन्धमा हामीले कसरी बुझ्छौ भन्ने हिसावले मात्र नभई हामीले भाषाको अध्ययन र अनुसन्धान कसरी गर्छौं, भाषिक प्रवीणता हामी कसरी परीक्षण र मूल्याङ्कन गर्छौं भन्ने विषयमा भाषाको के कस्तो प्रभाव छ भन्ने हिसावले पनि महत्त्वपूर्ण छ। विश्वमा भएका प्रायः शिक्षा नीतिमा भाषासम्बन्धी व्यवस्था (LIEPs) को विकासमा सहयोग गर्ने र विश्वमा

भएका लाखौँ शिक्षक र विद्यार्थीको विद्यालय अभ्यासलाई मूर्तरुप दिने बहुभाषिकताले परम्परागत रूपमा सञ्चालन हुने भाषासम्बन्धी तथ्याङ्क मापन तथा सङ्कलनका सम्बन्धमा अनुसन्धान विशेषगरी प्रयोगात्मक भाषा विज्ञानका क्षेत्रमा हुने अनुसन्धानका विधिहरूमा प्रभुत्व जमाउँछ (Costley & Reilly, 2022; May 2013; Reilly et al., 2023)। विद्यालय र कक्षाकोठाहरू प्रायः बहुभाषिक रूपमा सञ्चालित हुनुको अर्थ ज्ञान र अभ्यासको एकभाषिक मापन जस्तै परीक्षा अङ्क सावधानी पूर्वक लागु गरिनुपर्छ भन्नु हो।यसको कारण तिनीहरू के भइरहेको छ र के हुनेवाला छ भन्ने कुराको आंशिक प्रतिबिम्बन हुनसक्छन्।

# मुख्य बुँदाहरू

- वर्तमानका धेरै अनुसन्धान र विचार भाषिक तरलता र गतिशील हुन्छन्।भाषाबिच कुनै पनि सिमाना हुँदैन भन्ने दृष्टिकोणमा आधारित हुन्छ
- बहुभाषिक व्यक्तिहरूलाई एकभाषिकरूपमा व्यवहार गर्न लाउनु जस्तै अङग्रेजीमा सोच अङग्रेजीमै बोल समस्याग्रस्त विषय हो। बहुभाषिक व्यक्तिहरूले एकभाषी रूपमा सोच्न र व्यवहार गर्दैनन् उनीहरूले त बहुभाषिक रुपमै सोच्ने र व्यवहार गर्ने गर्छन्
- भाषा एकभाषिक रूपमा सिकिनु पर्दैन
- भाषा बोधका लागि स्रोतहरू हुन्छन् र भाषा कक्षाकोठामा लचिलो तरिकाले प्रयोग गर्न सकिन्छ
- बहुभाषिक कक्षाकोठामा शिक्षण, सिकाइ र मूल्याङ्कन बहुभाषिक रुपमै सञ्चालित हुन आवश्यक छ
- बहुभाषिक अभ्यासलाई समावेश गर्नका लागि शिक्षण माध्यमको धारणालाई विस्तार गरिनु आवश्यक छ। हामीले हाम्रो सोच शिक्षणबाट सिकाइतर्फ परिवर्तन गर्न आवश्यक छ।

# भाग २: विधि- तथ्याङ्क सङ्कलन र विश्लेषण

प्रस्तुत समग्र अध्ययन यी तीन प्रमुख प्रश्नहरूद्वारा निर्देशित थियो।

१.शिक्षण सिकाइको माध्यमका रूपमा प्रयोग गरिएको भाषाका सन्दर्भमा विद्यालयहरू र कक्षाकोठामा के भएको छ, यसले विद्यार्थीको कक्षाकोठामा हुने सहभागिता र उनीहरूको सिकाइ उपलब्धिमा कसरी प्रभाव पारेको छ ?

२.सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले विशेषगरी प्रारम्भिक कक्षाका बालबालिकाको आफू सबैभन्दा बढी परिचित भाषामा सिक्नपाउने आवश्यकता पूरा गर्न कसरी सम्बोधन गरिरहेका छन् ?

३.नेपालका विद्यालयमा प्रभावकारी बहुभाषिक शिक्षा प्रवाह गर्ने सन्दर्भमा अर्थपूर्ण परिवर्तन कार्यान्वयन गर्न र सबै विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि लागि हस्तक्षेपका मुख्य क्षेत्रहरू के के हुन्?

उल्लिखित प्रश्नहरूलाई सम्बोधन गर्न यस अध्ययनले मिश्रित विधि अँगालेको थियो जसमा सङ्ख्यात्कम र गुणात्मक विधिहरूका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको थियो।साथै सर्वेक्षण, अन्तर्वार्ता र कक्षाकोठा अवलोकनका साथसाथै विद्यालयको तथ्याङ्क (उदाहरणका लागि विद्यार्थी उपलब्धिको नतिजा) बाट सङ्कलन गरिएको तथ्याङ्कलाई प्रयोग गरिएको थियो। नेपालका सातै प्रदेशबाट हामीले तथ्याङ्क सङ्कलन गर्‍यौँ।यस अनुसन्धानका विशिष्ट क्षेत्र नेपालका तिनओटै भौगोलिक क्षेत्रमा रहेका भाषिक क्षेत्रका आधारमा उद्देश्यमूलक ढङ्गबाट छानिएका थिए।शिक्षामा भाषाको भूमिकाप्रति रहेको हाम्रो रुचिलाई दृष्टिगत गर्दै सम्भव भएसम्म धेरैभन्दा धेरै भाषिक समूहबाट तथ्याङ्क सङ्कलन गर्‍यौँ। तालिका ३ ले यस अध्ययामा समावेश गरिएका भाषा र तिनीहरूसँग सम्बन्धित भौगालिक क्षेत्रहरू देखाउँछ।

| **क्र. सं.** | समेटिएका भाषा | **जिल्लाहरू** |
|---|---|---|
| १ | वान्तवा राई | पाँचथर |
| २ | मेचे, राजवंशी | झापा |
| ३ | मैथिली, भोजपुरी, बज्जिका | सप्तरी, रौतहट, बारा |
| ४ | खाम मगर, गुरुङ, मगर | लमजुङ, स्याङ्जा पूर्वी रुकुम, सुर्खेत, पाल्पा |
| ५ | खस नेपाली | कालीकोट |
| ६ | राना थारु | कञ्चनपुर |
| ७ | तामाङ, नेवार, चेपाङ | धादिङ, काठमाडौँ, काभ्रे |

तालिका ३: भाषा र तिनीहरूको भौगोलिक सन्दर्भहरू

## २.१. सर्वेक्षण ढाँचा

स्थानी सरकारका शिक्षा अधिकृतहरूका लागि अनलाइन सर्वेक्षणहरू (अनुसूची १ हेर्नुहोस्) सञ्चालन गरिएको थियो। यसका लागि नेपालका सातै प्रदेश (कोसी, मधेस, वाग्मती, गण्डकी, कर्णाली, लुम्बिनी र सुदूरपश्चिम) मा विद्यालय शिक्षा नीतिहरूको विकास र कार्यान्वयनमा प्रत्यक्षरूपमा संलग्न पालिकास्तरका शिक्षा अधिकृतहरूसँग अनलाइन बैठक गरिएको थियो। स्थानीय तहमा काम गरिरहेका ७५३ शिक्षा अधिकृत मध्येबाट १६५ जनाले हाम्रो अनलाइन सर्बेक्षणमा पूर्णरूपमा प्रतिक्रिया दिएका थिए। प्रश्नावलीका माध्यमबाट प्राप्त सबै प्रतिक्रियालाई साङ्ख्यकीकरण हिसाबले विश्लेक्षण गरिएको थियो र मातृभाषा/ बहुभाषिक शिक्षामा अधिकृतहरूको धारणा र नेपालभर यसको कार्यान्वयनमा उनीहरूको संलग्नता खोजी गर्न चरहरूको प्रयोग गरिएको थियो।

## २.२. अन्तर्वार्ताहरू: वैयक्तिक र समूहमा

नेपालका सातै प्रदेशहरूका ३० विद्यायलयहरूबाट क्षेत्रमा आधारित तथ्याङ्क सङ्कलन गरिएको थियो। भाषिक क्षेत्रहरूलाई(तालिका ३ हेर्नुहोस्) पनि ध्यान दिँदै विद्यालयहरूलाई उद्देश्य मूलक तवरले छनोट गरिएको थियो।अभिभावकहरूसँगको समूह छलफल सँगसँगै शिक्षक र प्रधानाध्यापकहरूसँग अर्धसंरचित अन्तर्वार्ता सञ्चालन गरिएको थियो। यस अध्ययनमा क्षेत्रमा आधारित गुणात्मक तथ्याङ्क सङ्कलनका लागि अन्तर्वार्तालाई मुख्य विधिकारूपमा प्रयोग गरिएको थियो। सर्वेक्षण निर्वाचित जनप्रतिनिधिहरूका लागि गरिएको भए तापनि सम्भव भएका स्थानमा उनीहरू पनि अन्तर्वार्तामा सहभागी भएका थिए। यसबाट हामीलाई उनीहरूको प्रतिबद्धता र भावी नीति तथा योजनाका लक्ष्यहरूका सम्बन्धमा जानकारी पाउन सहयोग भयो। छनोट भएका प्रत्येक स्थानमा अभिभावकहरूसँग पनि हरेक समूहमा ३ देखि ६ जना सम्म हुने गरी विभिन्न समूहमा अन्तर्वार्ता लिइएको थियो। समूह अन्तर्वार्ता सञ्चालनका लागि प्रयोगमा ल्याउन मार्गदर्शन (अनुसूची २ हेर्नुहोस्) विकास गरिएको थियो।अन्तर्वार्ता दिने सहभागीहरूलाई उनीहरूले चाहेकै भाषामा उत्तर दिन लगाइएको थियो। अन्तर्वार्ताको ध्वनि अभिलेखीकरण र आवश्यकता अनुसार लेखन गरिएको थियो।

## २.३. कक्षा अवलोकन

अन्तर्वार्ता लिइएका प्रत्येक शिक्षकको एक एकओटा कक्षा अवलोकन गरियो यसबाट हामीलाई नेपाली भाध्यम, अङ्ग्रेजी माध्यम र मातृभाषा माध्यम शिक्षणमा प्रयोग गरिने भाषाको सामान्य ढाँचा बुझ्नलाई सहयोग पुर्‍याएको थियो। कक्षा अवलोकन फारम अङ्ग्रेजी भाषामा तयार गरिएको थियो र तथ्याङ्क सङ्कलन गर्न सजिलोका लागि नेपाली भाषामा अनुवाद गरिएको थियो (अनुसूची ३ हेर्नुहोस्)। सम्बन्धित शिक्षकको अनुमति लिएर कक्षाका कुनै कुनै अंशहरूको अडियो रेकर्ड रेकर्ड गरिएको थियो।

## २.४. तथ्याङ्क विश्लेषण

तथ्याङ्क विश्लेषणमा सावधानी पूर्वक निश्चित प्रक्रिया अपनाइएको थियो जसमा सुरुमा तथ्याङ्कलाई सङ्केत दिइएको थियो। यसका लागि सुरुमा अनलाइन सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई साङ्ख्यीय विश्लेषणका लागि एसपीएसएसमा सारिएको थियो र एसपीएसएस तथ्याङ्कमा रुपान्तरण गरिएको थियो।  साङ्ख्यीय विश्लेषणले औसत र स्तरीय भिन्नता (SD) को गणनालाई समावेश गरेको थियो। सर्वेक्षणका तथ्याङ्कले पालिकास्तरमा भाषिक नीतिहरूको वर्तमान अवस्था कस्तो छ भनी सरसर्ती हेर्न हामीलाइ सहयोग गरेको छ।

तथ्याङ्कहरूको प्रशोधन गर्नु अगावै अन्तर्वार्ता र समूह छलफललाई उतार गरिनुका साथै अङ्ग्रेजीमा अनुवाद गरिएको थियो। लेखकहरूद्वारा संयुक्तरूपमा तथ्याङ्कलाई सङ्केत दिइयो र सघनरूपमा छलफल गरियो। संकेत व्यवस्थापनका लागि लेखकहरूले सँगसँगै काम गरेर सामूहिकरूपमा विषयगत क्षेत्रहरू र नतिजाहरू तय गरिएका थिए। अध्ययनको क्षेत्र र अनुसन्धानका अन्तरसम्बन्धित प्रश्नहरू अनुसार तलका मूख्य चासोहरू समरूपमा विश्लेषण र छलफल गरिएका थिए:

-शिक्षण सिकाइमा मातृभाषा वा सबैभन्दा बढी परिचित भाषाको प्रयोगको औचित्यता

-राज्यका तिनै तहमा भाषिक नीतिले गरेका सम्बोधनहरू

-सिकाइका बाधाहरू

-सिकाइ उपलब्धि सुधारका लागि सर्तहरू
-शिक्षण माध्यम भाषाकारूपमा मातृभाषा/ बहुभाषिक शिक्षाको कार्यान्वयनमा सरकारी सम्बोधनहरू
-हस्तक्षेपका महत्त्वपूर्ण क्षेत्रहरू
- नेपालमा बहुभाषिक शिक्षा नीतिहरूको सम्बोधनमा संलग्न सरोकारवाला र निकायहरू

# मुख्य बुँदाहरू

- नेपालका सबै प्रदेशहरूबाट तथ्याङ्क सङ्कलन गरिएको थियो।
- शिक्षण सिकाइमा संलग्न विभिन्न किसिमका सरोकारवाला र व्यक्तिबाट तथ्याङ्क सङ्कलन गरिएको थियो।
- सर्वेक्षण, अन्तर्वार्ता, अवलोकनका साथसाथै विद्यालय तहको तथ्याङ्कको विश्लेषणबाट तथ्याङ्क सङ्कलन गरिएको थियो।
- फरक फरक शिक्षण माध्यम भएका विद्यालयबाट तथ्याङ्क सङ्कलन गरिएको थियो।

# भाग ३: नतिजाहरू र छलफल

।यस अध्ययनका लागि तथ्याङ्क सङ्कलन र विश्लेषणलाई स्वरूप र सूचना दिने परस्परसम्बन्धित तीन प्रश्नका वरिपरि रहेर दिइएको छलफललाई सङ्गठित गरिएको छ। हामीले छलफललाई पहिलो अनुसन्धान प्रश्नबाट सुरु गर्छौं जसले विद्यालय र कक्षाकोठाहरूमा के भइरहेको छ, शिक्षक र विद्यार्थीद्वारा दिनदनै भाषालाई कसरी प्रयोग गरिएको छ भन्ने विषयमा अन्तर्दृष्टि प्रदान गर्छ। दोस्रो अनुसन्धान प्रश्नले स्थानीय सरकारका जनप्रतिनिधि र शिक्षा अधिकृत जस्ता वाह्य सरोकारवालाद्वारा खेलिएको विभिन्न भूमिकाले छलफललाई अगाडि बढाउँछ। तथ्याङ्कले नीतिहरूको कार्यान्वयन र व्यवस्थापनमा को को संलग्न छन् उनीहरूको संलग्नताले विद्यालयमा हुने क्रियाकलापलाई कसरी स्वरुप दिने र निर्धारण गर्ने गर्छ भन्ने कुरा देखाउँछ। हाम्रो अन्तिम अनुसन्धान प्रश्न विद्यालयहरूमा बहुभाषिक शिक्षाको प्रभावकारी प्रवाहका लागि मुख्य क्षेत्रहरू पहिचानमा केन्द्रित छ।

३.१. शिक्षण माध्यमकारूपमा प्रयोग गरिएको भाषाका सन्दर्भमा विद्यालयहरू र कक्षाकोठामा के भएको छ**,** यसले कक्षाकोठामा विद्यार्थीको सहभागिता र उनीहरूको सिकाइ उपलब्धिमा कसरी प्रभाव पारेको छ**?**

शिक्षण माध्यम र सिकाइ उपलब्धिहरू

वैयक्तिक र सामूहिक दुबै किसिमका अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कबाट आएको मुख्य विषय के हो भने विद्यालयमा शिक्षण माध्यमको छनोट एक महत्त्वपूर्ण पक्ष हो।यसले बालबालिका र शिक्षकको दिनानुदिनको अनुभव र समग्र सिकाइ उपलब्धिमा एक महत्पूर्ण प्रभाव पारेको हुन्छ। तथ्याङ्कले देखाएअनुसार विद्यालय, विद्यार्थी, शिक्षक र अभिभावकहरूका लागि शिक्षण माध्यमले विशिष्ट समस्याहरू सिर्जना गरेको विषय सबै सहभागीले स्पष्टरूपमा व्यक्त गरेका थिए। सहभागीहरूले महसुस गरेअनुसार विद्यालयमा शिक्षण माध्यमको छनोट शिक्षण विधिको धरातलमा नभई व्यवहारिक धरातल (प्रायः विद्यार्थी भर्ना र आर्थिक पक्षसँग सम्बन्धित) मा हुने गरेको र यो अवस्था विशेष गरी अङ्ग्रेजी भाषासँग सम्बन्धित थियो।

विद्यालयमा हुने गरेको शिक्षण माध्यमको परिवर्तन प्रायः हतारमा र विशेषगरी राम्रोसँग योजना नबनाइकन गरिएको भनी सहभागीहरूले आफ्नो अनुभव व्यक्त गरे। धेरै जसो अवस्थामा विद्यालयहरूले शिक्षणमाध्यममा गरेको परिवर्तनसम्बन्धी निर्णय सावधानीपूर्वक तय गरेको योजनामा आधारित थिएन बरु यसलाई त विद्यार्थीलाई अङ्ग्रेजी शिक्षण माध्यम भएका स्थानीय स्तरका निजी विद्यालयहरूमा जानबाट रोक्नका लागि बनाइएको अनिवार्य सर्त थियो। हाम्रो तथ्याङ्कले मजबुतरूपमा देखाएको कुरा के थियो भने विद्यालयहरूमा शिक्षण माध्यमलाई अङ्ग्रेजीमा परिवर्तन गर्ने निर्णय गरिएको विषय अब्बल शिक्षण विधि र/वा सिकाइ उपलब्धिको प्रमाणबाट नभइ आय आर्जनको आवश्यकताद्वारा अभिप्रेरित थियो।यस अध्ययनका धेरै जसो सहभागीले गरेको अनुभव के थियो भने यस्ता परिवर्तन अङ्ग्रेजी भाषाका माध्यमबाट बालबालिकालाई प्रभावकारी सिकाइ अनुभव प्रदान गर्नेभन्दा अभिभावक र विद्यार्थीको विद्यालयप्रतिको आकर्षण बढाउन गरिएको थियो। यो विषयलाई नवलपुरमा रहेको कुनै विद्यालयका शिक्षक डम्बरले राम्रोसँग प्रस्तुत गरेका थिए। उनको भनाइ यसप्रकार थियो:

“अङ्ग्रेजी माध्यमको कक्षा र शिक्षण माध्यमका रूपमा अङ्ग्रेजी भाषाको अबलम्बन गरिनुको एक मात्र कारण समुदायलाई प्रभावमा पार्नु र सामुदायिक विद्यालयहरू छाडेर निजी विद्यालयहरूमा जाने विद्यार्थीलाई रोक्नु हो। सामुदायिक विद्यालयहरूसँग विद्यालय छाडेर अन्य विद्यालयमा जाने विद्यार्थीलाई रोक्न अरु कुनै वैकल्पिक उपायहरू थिएनन्। आश्चर्यजनकरूपमा यसले विद्यार्थीलाई टिकाइराख्न मात्र सहयोग गरेन बरु निजी विद्यालयका विद्यार्थीसमेतलाई सामुदायिक विद्यायलयमा आकर्षण गर्यो।”.

अङ्ग्रेजी भाषा शिक्षण माध्यम भएका सबै सामुदयिक विद्यालयहरूको साझा वास्तविकताका रूपमा शिक्षक डम्बरको विचार आएको थियो। पहिलेको नेपाली माध्यमको शिक्षणबाट अङ्ग्रेजी माध्यमको शिक्षणतर्फ सफलता पूर्वक अवतरण गर्न सामुदायिक विद्यालयहरू पूर्णतयारीको अवस्थामा रहेको देखियो र यसले शिक्षक र विद्यार्थीका लागि थुप्रै समस्याहरू सिर्जना गर्‍यो।यस्ता समस्याहरू आइपर्ने सम्बन्धमा, शिक्षक डम्बरले अगाडि भन्नु भयो:

“अङ्ग्रेजी माध्यमको शिक्षणका रूपमा अङ्ग्रेजी भाषाको प्रयोग गरेर कक्षा शिक्षण गर्न ठुलै कठिनाइ महसुस गरेका छन्। विद्यार्थीलाई कक्षा कार्य बुझाउन र शिक्षकबाट दिइएका निर्देशनहरू विद्यार्थीले बुझे नबुझेको थाह पाउन कठिनाइ भएको महसुस शिक्षकले गरेका छन्।”.

नेपाली माध्यमको शिक्षणबाट अङ्ग्रेजी माध्यमको शिक्षणमा परिवर्तन भएपछि दिइएको कक्षाकार्य नगर्ने वा पूरा नगर्ने विद्यार्थीको सङ्खया बढेको अन्य शिक्षकले व्यक्त गरे र सहभागीहरूले भने अनुसार यसको प्रमुख कारण कक्षा शिक्षणको माध्यम अङ्ग्रेजी बनाएपछि शिक्षकले अङ्ग्रेजीमा दिएका कक्षा कार्य वा निर्देशनहरू विद्यार्थीले नबुझ्नु नै हो। जति पनि विद्यालयहरूमा शिक्षण माध्यममा परिवर्तन गरिएको थियो त्यस्ता परिवर्तन योजना बिहीन र स्रोतसाधन तथा शिक्षक तालिमका हिसावले विद्यालयहरूमा आवश्यक तयारी पुगेको थिएन भनी शिक्षकले व्यक्त गरेका थिए।यस्ता परिवर्तनको अनुभूत गरेका एक जना गणित शिक्षकले भने:

“सुरुमा मलाई निकै गाह्रो लागेको थियो किनकि अङ्ग्रेजी माध्यमको शिक्षणमा जाने विषयमा भएको परिवर्तन अचानक भएको थियो। मैले नेपालीमा पढाउँदै आएको थिएँ। मेरो अङ्ग्रेजी पृष्ठभूमि बलियो थिएन त्यसैले त्यस्तो परिवर्तनले गर्दा मलाई निकै गाह्रो भयो। मेरो कक्षालाई व्यवस्थित गर्न र गणित विषय शिक्षण गर्न मैले नेपाली र अङ्ग्रेजी दुबै भाषा प्रयोग गरेँ”.

उस्तै मुद्धाहरू सामना गरेको लमजुङ को एउटा विद्यालयले नेपाली माध्यमको शिक्षणबाट अङ्ग्रेजी माध्यमको शिक्षणमा जाँदा विद्यार्थीको सिकाइको हिसावले कल्पना गरिएकोभन्दा बढी समस्या अनुभूत गर्‍यो।यसले विद्यालयलाई पूर्व निर्णयमा पुनर्विचार गर्नेतर्फ पुर्‍यायो र विद्यालय नेपाली माध्यमको शिक्षणतर्फै फर्कियो। नेपाली माध्यम शिक्षणमा पुनर्स्थापित हुने वित्तिकै सिकाइमा विद्यार्थीको कार्यसम्पादन र सहभागितामा स्पष्ट सुधार भयो। नेपाली माध्यममा गरिएको शिक्षणले पहिला अङ्ग्रेजी माध्यममा गरिएको शिक्षणले भन्दा सिकाइ उपलब्धि राम्रो देखियो किनकि समुदायबाट विद्यालयमा आएका विद्यार्थीले नेपाली राम्रोसँग बुझ्दथे। लमजुङका एक जना प्रधानाध्यापकले भन्नु भयो :


“यस अगाडि हामीले अङ्ग्रेजी माध्यमको कार्यान्वयन गर्‍यौँ तर यसबाट हामीले के पत्ता लगायौँ भने कक्षाका केही तीक्ष्ण विद्यार्थी बाहेक अरू धेरै जसोले न अङ्ग्रेजीमा न त नेपालीमा नै राम्रो गर्न सके। विशेषगरी प्रारम्भिक कक्षाहरूमा कुनै धारणालाई बोध गर्ने क्षमतामा नकारात्मक प्रभाव पर्‍यो। त्यसैले हामीले पहिलाको अभ्यासलाई फिर्ता लियौँ र नेपाली माध्यममा शिक्षण गर्न सुरु गर्यौं।”.

जहाँसम्म पहिलाका धेरै अध्ययनले पत्ता लगाएसम्म नेपालका अभिभावक र अन्य सरोकारवालाले अङ्ग्रेजी र उनीहरूका बालबालिकाको शैक्षिक सफलताको सङ्केतका रूपमा केवल अङ्ग्रेजी चाहन्छन्। यस अध्ययनबाट प्राप्त तथ्याङ्कले धेरै नै सूक्ष्म तस्बिर देखाउँछ।हाम्रो अध्ययनका बहुसङ्ख्यक सहभागीले गहिरो अनुभूति गरेका कुरा विद्यार्थीको भाषाको कम प्रयोग वा प्रयोग नै नहुने अवस्थालाई प्रोत्साहन गरिएको अङ्ग्रेजी र नेपाली माध्यममा शिक्षण गरिने कक्षाहरूमा जुनसुकै सिकाइ पनि सतहीरूपमा हुन्छन् भन्ने हो। समग्रमा हाम्रा अभिभावकले गहिराइमा अङ्ग्रेजी माध्यममा हुने शिक्षण सिकाइमा हुने वृद्धिलाई नेतृत्व गरेको महसुस गरेका छैनन्।यस चासोलाई बल प्रदान गर्नुको दृष्टिकोण विद्यार्थीले आफू सबैभन्दा बढी परिचित भाषाको प्रयोग गर्न सक्षम हुदैनन् भने उनीहरूमा पाठ्यक्रमको विषयवस्तु र ज्ञानको गहिरो र दिगो सिकाइको विकास हुँदैन केवल सतही धारणा मात्र हुन्छ भन्ने हो।

अभिभावकसँगको छलफलका क्रममा उनीहरूले आफ्ना बालबालिकाको अङ्ग्रेजीमा हासिल सक्षमता चाहे तापनि उनीहरूको आफ्नो भाषामा कमजोर हुने  र बालबालिकाको आधारभूत ज्ञान तथा सिकाइ सिपमा बाधा पुग्ने निश्चित हुने गरी भने अङ्ग्रेजी चाहेका रहेनछन्। तथ्याङ्कमा देखिएको एक विशेष किसिमको विषयले समग्र मनोवृत्तिमा नै परिवर्तन भएको सङ्केत गर्छ। बहुभाषिकता र बालबालिकाको परिचित भाषा अभिभावक र समुदायका लागि ठुलो गर्वको स्रोत थिए। ती बालबालिकाको विकासका लागि स्रोतकारूपमा देखिएका थिए।घर र समुदायका भाषा तल्लो दर्जामा देखिने र साँघुरिएको अवस्थामा देखिनुको सट्टा अभिभावक,  प्रधानाध्यापक र अन्य सरोकारवालाले ती भाषालाई सिकाइको महत्त्वपूर्ण र मूल्यवान स्रोतकारूपमा लिए।सामान्यतः जति बढी परिचित भाषाका माध्यमबाट शिक्षण गरिन्छ त्यति नै बढी सहभागितामूलक र अर्थपूर्ण सिकाइ हुन्छ भन्ने बुझाइ हो। साथै पाठ्यक्रमका ज्ञान तथा सिकाइ उपलब्धिको वलियो जग बालबालिकामा विकास गर्न  कक्षाकोठामा बहुभाषिक शिक्षाको आवश्यक छ भन्ने मान्यता रहेको छ।

शिक्षण माध्यमको प्रभाव र उपलब्धिमा शिक्षक र अन्य सरोकारवालाको टिप्पणी र अनुभवका अतिरिक्त हामीले विद्यार्थीको नतिजा र उपलब्धिको तथ्याङ्क विश्लेषण गरेका थियौँ। दिइएको स्तम्भ चित्र ३ एउटा उदाहरण हो जसले अङ्ग्रेजी माध्यममा अध्ययन गर्ने विद्यार्थीलेभन्दा नेपाली माध्यममा अध्ययन गरेकाले नेपाली, अङ्ग्रेजी र विज्ञान विषयको सिकाइ उपलब्धि तुलनात्मक रूपमा राम्रो रहेको देखाउँछ। गणित र सामाजिक अध्ययनको नतिजाले के देखायो भने अङ्ग्रेजी माध्यमका प्रारम्भिक कक्षाका विद्यार्थीले तुलनात्मक रूपमा यी विषयमा राम्रो गरेका तर नेपाली, अङ्ग्रेजी र विज्ञान विषयको नतिजाको तुलनामा यी विषयहरूको समग्र उपलब्धि अलि कम छ।

यसले अङ्ग्रेजी माध्यमको तुलनामा नेपाली माध्यमको प्रयोगले विद्यार्थीको सिकाइ अभिवृद्धि गर्न बढी सकारात्मक भूमिका खेलेको सङ्केत गर्छ।




चित्र ३: अङ्ग्रेजी शिक्षण माध्यम (EMI) र नेपाली शिक्षण माध्यम (NMI) भएका विद्यालयको विद्यार्थी उपलब्धिको तुलना

## शिक्षण माध्यम र वास्तविक भाषा अभ्यास

शिक्षकसँगको हाम्रो अन्तर्वार्तामा विद्यालय तहमा छनोट गरिएको शिक्षण माध्यम जे भए तापनि कक्षाकोठामा अङ्ग्रेजी, नेपाली र विद्यार्थी परिचित भाषा लचिलो तवरले प्रयोग गरेको विषय  उनीहरूले वारम्बार व्यक्त गरे। कुनै अवस्थामा भाषाको यस्तो लचिलो प्रयोग स्वस्फूर्तरूपमा भएको पाइयो भने कुनै अवस्थामा सञ्चारको रिक्ततालाई पूरा गर्न योजनाबद्ध तरिकाले गरिएको थियो। त्यस्तै गरी शिक्षणका क्रममा ८०% शिक्षकले वारम्बार भाषा परिवर्तन गरेको अङ्ग्रेजी माध्यम/ नेपाली माध्यममा शिक्षण गर्ने विद्यालयहरूका कक्षा अवलोकनका क्रममा पाइयो। उनीहरूका अनुसार त्यसो गर्नुको पछाडि विविध कारणहरू भएता पनि भाषा लचकता प्रायः शिक्षकले कुनै सूचना तथा जानकारी विद्यार्थीलाई दिन र प्रष्ट्याउन आवश्यक ठानेको अवस्थामा भएको पाइयो। तालिका ४ ले शिक्षकले कहिले, कसरी र किन कक्षाकोठामा बहुभाषिक/ अन्तर्भाषिक अभ्यासको प्रयोग गरे सो को मुख्यकारणहरूको सिंहावलोकन प्रस्तुत गरेको छ।

| कक्षामा बहुभाषिकता/ अन्तर्भाषिकीकरण तरलताको अभ्यास गर्नुपर्ने कारणहरू |
|---|
| कक्षाको बिचबिचमा कुनै कुराको व्याख्या गर्न |
| कक्षा शिक्षणका क्रममा कुनै कुरा प्रष्ट पार्न |
| कुनै कुराको व्याख्या गर्न |
| कक्षामा हुने द्वन्द्वको समाधान गर्न |

| |
|---|
| विषयवस्तुको व्याख्या गर्न |
| विषयवस्तुको व्याख्या गर्न र महत्त्वपूर्ण निर्देशनहरू दिन |
| विषयवस्तु बुझ्न विद्यार्थीलाई सहयोग गर्न |
| शिक्षणलाई प्रभावकारी बनाउन र विद्यार्थीको सहभागिता बढाउन |
| विषयवस्तुका सम्बन्धमा विद्यार्थीलाई प्रष्ट पारिदिन |
| विषयवस्तुहरू वुझ्नका लागि कठिन भएमा |
| कक्षामा सामग्रीको प्रस्तुतीकरण गर्नुपर्ने भएमा |
| विद्यार्थीले विषयवस्तु नबुझेको वेलामा |

तालिका ४: कक्षामा बहुभाषिक/ अन्तर्भाषिक अभ्यासका कारणहरू

अवलोकनका क्रममा कक्षामा विभिन्न भाषाको प्रयोगका तरिकाहरू र शिक्षकले कक्षामा विभिन्न कार्यहरू सञ्चालन गर्दा प्रयोग गरेका भाषा टिपोट गरेका थियौँ। तालिका ५ ले शिक्षकले कक्षाको सुरुवात र विद्यार्थीलाई अभिवादन कसरी गरे भन्ने सम्बन्भमा हामीले पहिचान गरेको ढाँचा प्रस्तुत गर्छ। तालिकामा देखाइएअनुसार शिक्षकले गरेका अभिवादन मध्ये ५०% अङ्ग्रेजीमा थिए र अभिवादनको विद्यार्थी प्रतिक्रिया झण्डै ६७% अङ्ग्रेजीमा थियो।शिक्षकको अङ्ग्रेजी प्रतिक्रिया भने १४.३% रहेको थियो। शिक्षकले गरेको अभिवादनप्रति विद्यार्थीले नेपाली वा मातृभाषामा गरेको प्रतिक्रिया सबैभन्दा कम रहेको थियो। अचम्मको कुरा त के छ भने स्थानीय भाषामा शिक्षकको प्रतिक्रिया विद्यार्थीको प्रतिक्रिया (२२.२%) को तुलनामा अलिकति मात्रै बढी (२८.६%) थियो।

| कार्य | अङ्ग्रेजी भाषाको **%** | नेपाली भाषाको **%** | अङ्ग्रेजी र नेपाली भाषाको **%** | **स्थानीय भाषाको %** |
|---|---|---|---|---|
| शिक्षकले कक्षामा विद्यार्थीलाई अभिवादन गरेको | ५० | २० | २० | १० |
| विद्यार्थीले शिक्षकलाई प्रतिक्रिया दिएको | ६७ | ११ | - | २२ |
| शिक्षकले विद्यार्थीलाई प्रतिक्रिया दिएको | १४ | ५७ | - | २९ |

तालिका ५: कक्षाको सुरुवातमा प्रयोग गरिएका भाषा

कक्षाको सुरुवातमा शिक्षकले प्रयोग गरेको भाषा जस्तै कक्षा समाप्तिमा पनि बहुभाषिक अभ्यास रहेको थियो। तालिका ६ ले कक्षा समाप्तिको छनक दिने अन्तरक्रिया र क्रियाकलापहरूको सिंहावलोकन प्रस्तुत गर्छ तर अङ्ग्रेजीमा हुने गरेको कक्षा सुरुवातीको ठिक विपरीत कक्षाको समाप्ति/ मूल्याङ्कन प्रायः नेपाली भाषामा (सँगसँगै मातृभाषामा पनि) भएका थिए:

| कार्य | अङ्ग्रेजी भाषाको % | नेपाली भाषाको % | अङ्ग्रेजी र नेपाली भाषाको % | **स्थानीय भाषाको %** |
|---|---|---|---|---|
| सङ्क्षेपीकरणकार्य | १० | ५० | २० | २० |
| मूल्याङ्कन कार्य | - | ६० | - | ४० |
| गृह/ कक्षाकार्य दिँदा | १० | ७० | १० | १० |
| गृह/ कक्षाकार्य प्रष्ट्याउँदा | - | ७० | २० | १० |

तालिका ६: कक्षा समाप्ति र मूल्याङ्कन कार्यमा शिक्षकबाट भाषा प्रयोग

तालिका ७ ले कक्षाका अन्य चरणहरूमा र कक्षाका फरक फरक समयमा के के हुन्छ भन्ने विषयमा जानकारी प्रदान गर्छ। बोर्डमा लेख्ने र विषयवस्तु प्रष्ट्याउने जस्ता कार्यहरूलाई हेर्दा अङ्ग्रेजीभन्दा नेपाली अति नै बढी प्रयोग भएको पाइयो। तथ्याङ्कले हामीले अवलोकन गरेका भाषा प्रयोगका केही मुख्य ढाँचाहरू देखाउँछ र कठिन विषयवस्तुहरू/ धारणाहरू वा कक्षाका क्षणहरू विद्यार्थीलाई बझाउनका लागि धेरै भाषाको प्रयोग आवश्यकपर्ने भनी शिक्षकले अन्तर्वार्ताका क्रममा बताएको र अङ्ग्रेजी यी उद्धेश्य पूरा गर्न निकै कम मात्रामा सहयोगी भएको कुरा समेत तथ्याङ्कले निश्चित गर्छ।

| कार्य | अङ्ग्रेजी भाषाको % | नेपाली भाषाको % | अङ्ग्रेजी र नेपाली भाषाको % | **स्थानीय भाषाको %** |
|---|---|---|---|---|
| बोर्डमा लेख्दा | २० | ६० | १० | १० |
| विषयवस्तुको व्याख्या गर्दा | १० | ४० | ३० | १० |

| | | | | |
|---|---|---|---|---|
| निर्देशन दिँदा | १० | ४० | १० | - |
| व्याख्या गर्दा | ४० | - | ६० | - |
| प्रश्न सोध्दा | १० | ५० | ३० | १० |
| जोडीकार्य गर्दा | १० | ६० | ३० | - |
| सिकाइ सामग्रीसम्बन्धी छलफल गर्दा | - | ६० | २० | २० |
| प्रष्टीकरण गर्दा | - | ७० | - | ३० |

तालिका ७: कक्षामा शिक्षकबाट भाषाको प्रयोग

समग्रमा यी तथ्याङ्कले कक्षाको बहुभाषिक र भाषाको लचकतालाई देखाउँछ र विषेशगरी अङ्ग्रेजी, नेपाली र विद्यार्थीको परिचित भाषा शिक्षकबाट हुने भाषाको गतिशील प्रयोगलाई प्रतिबिम्बित गर्छ।यहाँ महत्त्वपूर्ण कुरा आधिकारिक शिक्षण माध्यमको कुनै पर्वाह नगरी हामीले यी अभ्यास र भाषा प्रयोगको अवलोकन गर्यौं। अङ्ग्रेजी वा नेपाली भाषा मात्र माध्यम भएको कक्षा हामीले देखेनौँ।साथै यी कक्षाको विशेषता बहुभाषिक र भाषाको गतिशील अभ्यास नै थियो। ध्यान दिनुपर्ने अर्को महत्त्वपूर्ण कुरा शिक्षकले कक्षाकोठामा भाषा प्रयोग गर्ने विभिन्न तरिकाका बारेमा उनीहरूले खुलारूपमा छलफल गरे तापनि यस्ता धेरै अभ्यास विद्यालयहरूको आदर्शवान् र इच्छित अभ्यासभन्दा फरक किसिमले सञ्चालित छन् भन्ने अनुभूत गरिएको छ।शिक्षकले कक्षाकोठामा अबलम्बन गरेका बहुभाषिक अभ्यासलाई नलुकाए तापनि उनीहरूको कक्षा शिक्षणको औपचारिकरूपमा अवलोकन वा मूल्याङ्कन हुँदा अथवा विद्यालयमा अवलोकनकर्ता आएको बेलामा भाषिक अभ्यासमा परिवर्तन हुने गर्छ जस्तै कम व्यावहारिक हुने, बढी मात्रामा एकभाषिक प्रकृतिको हुने र तोकिएको शिक्षण माध्यम अनुसार हुने गर्छ।

दिइएको उदाहरण हामीले अवलोकन गरेको पूर्वी नेपालको अल्पसङ्ख्यक समुदायमा सञ्चालित  पूर्वप्राथमिक विद्यालयको कक्षाको हो। यस विद्यालयले आंशिक रूपमा मातृभाषालाई विषयका रूपमा शिक्षण गर्छ र अङ्ग्रेजी माध्यमको प्राथमिक विद्यालय भनेर आधिकारिकरूपमा घोषणा गरेको छ।यतिमात्र होइन यो विद्यालय यस्तो पनि विद्यालय हो जसले बहुभाषिकता र बहुभाषिक उपागमहरूलाई समर्थन गर्ने निर्णय गरेको छ। चित्र २ त्यस विद्यालयका कक्षा मध्येको एउटाको तस्बिर हो जसमा बहुसङ्ख्यक सामग्रीहरू अङ्ग्रेजीमा छन् त्यसपछिका नेपालीमा छन् भने स्थानीय भाषामा कुनै सामग्री प्रदर्शन गरिएका छैनन्। तैपनि कक्षामा बहुसङ्ख्यक विद्यार्थीले स्थानीय भाषा र नेपालीमा बोलेको पाइयो। गणित र सामाजिक अध्ययन शिक्षणकाक्रममा शिक्षकले सतही रूपमा प्रयोग गरेको अङ्ग्रेजीका साथै नेपाली र स्थानीय भाषा मिश्रित तवरले प्रयोग गरेको पाइयो:




चित्र २: प्रारम्भिक कक्षाकोठामा सामग्री प्रदर्शनी र भाषा प्रयोग

तपसिलको कक्षा शिक्षण सिकाइ भाषा प्रयोगका हिसाबले वास्तविकरूपमा कक्षाकोठामा भएको एक उदाहरण हो।यसले कक्षाको विभिन्न भाषाबिच र एकै भाषाभित्र हुने गतिशिलताबाट शिक्षकले सिकाइलाई कसरी टेवा पुर्‌याएको हुन्छ भन्ने देखाउँछः

शिक्षक: आजहामी के पढ्दै छौ ?

विद्यार्थी: शब्द (धेरै विद्यार्थीले शब्द भन्छन्)

शिक्षक: शब्दहरू है

विद्यार्थी: म्याडम एक एक करके उठाएके पढाबौ [म्याडम एक एक गरेर उठाएर पढ्न लगाउनुहोस्]

शिक्षक: ह, एक एक गरेर पढ्ने हो है ।

जाका हये? [यो के हो] (शिक्षकले 'थपडी' लेखेको शब्द पत्ति देखाउँछन् र लेख्छन्)

विद्यार्थी: (पढ्नका लागि कठिन भएको महसुस गर्दै पढ्छन् ) 'थ-प-डी' भन्छन्

शिक्षक: ह, केहो यो?

विद्यार्थी: थपडी

शिक्षक: सब सिख लय? जा का हये ?

विद्यार्थी: थपडी (सबै विद्यार्थीले सही जवाफ दिन्छन् र उनीहरूले यो राम्रैसँग सिकेको देखिन्छ)

शिक्षक: मा जसलाई सोध्छु उसले मात्र भन्ने हो है

विद्यार्थी: मै जानत हाओं [म ठिकसँग जान्दछु] (एकजना विद्यार्थीले उत्साहित हुँदै हात उठाएर भन्छिन्)

शिक्षक: लनिर्मन (विद्यार्थीको नामै बोलाएर 'चुचुरो' भएको कार्ड देखाउँदै).

निर्मन: 'चुचुरो'

शिक्षक: के हो यो? (त्यही कार्ड देखाएर पूरै कक्षालाई शिक्षकले प्रश्न सोध्छन्)

विद्यार्थी: चुचुरो

शिक्षक: चु-चु-रो. (विद्यार्थीले शिक्षकका पछि दोहोर्‌याउँछन्).

शिक्षक: चुचुरो भनेको के हुन्छ?

विद्यार्थी: पहाड (धेरै विद्यार्थीले भन्छन्).

शिक्षक: हो, पहाडको चुचुरो है. सप्पैले ध्यान दिनु होला, मा जसलाई सोध्छु उसले मात्र भन्ने हो है

शिक्षक: रुथ, जा का हये? [रुथ यो के हो?] (शिक्षकले रुथलाई वोर्डमा लेखिएको शव्द के हो भनेर सोध्छन्)

रुथ: (उठ्छ र शब्द पढ्न कोसिस गर्छ तर तुरुन्तै सक्दैन।).

शिक्षक: जा का? [यो के हो?] (शिक्षकले शब्द देखाउँछन् र यो कसरी पढिन्छ भनेर सोध्छन्) (त्यो विद्यार्थीले पढ्न सक्दैन र अन्यले सक्छन् केहीले मोहर भन्ने शब्दलाई मोहडा भनेर पढ्छन् र शिक्षकले मोहर सही हो भनेर भनिदिन्छन्।मिसले 'मोहोर को अर्थ के हो हाम्रो?' (शिक्षक कक्षाको चारैतिर घुम्छन्)

कक्षाको उदाहरण**:** बहुभाषिक विद्यालयमा कक्षा भाषाको प्रयोग

यो उदाहरण शिक्षकले कक्षामा विद्यार्थीलाई सहयोग गर्न नेपाली र राना थारुको भाषिक स्रोतहरू प्रयोग गरेको एक राम्रो उदाहरण हो। अवलोकनले देखाए बमोजिम शिक्षकले कक्षाको सुरुवातमा नेपाली भाषाको प्रयोग गरिन् भने विद्यार्थीले मातृभाषामा प्रतिक्रिया दिए र सङ्कोच बिना डर सङ्कोच मातृभाषाको प्रयोग गरिरहँदा विद्यार्थी सिकाइका लागि उत्साहित भएको पाइन्थ्यो।शिक्षकका प्रश्नप्रति नेपाली र आफू परिचित दुबै भाषामा प्रतिक्रिया दिन पाउँदा कक्षा शिक्षण प्रक्रियमा विद्यार्थीको राम्रो सहभागिता रहेको थियो। शिक्षकले पनि उदाहरणका लागि विद्यार्थीको भाषालाई लचकताका साथ प्रयोग गरिन्।नेपाली विषयका शब्दहरूको शिक्षण गरिरहदा उनले नेपाली भाषा र विद्यार्थी परिचित भाषा दुबैको प्रयोग गरिन्। उनले शब्दहरूको अर्थलाई स्थानीय र विद्यार्थी परिचित भाषामा अनुवाद गर्दा विद्यार्थीको बोध गर्ने क्षमता बढ्यो। परिचित भाषाको प्रयोग गरेर बालबालिकाको सिकाइलाई सहयोग पुर्‌याउने अभ्यासलाई अभिभावक र समुदायका अगुवाहरूले मान्यता दिए जसले बालबालिकाको परिचित भाषा प्रयोगले समग्र सिकाइ र आत्म विश्वासमा निर्धारण गर्छ भनी विश्वास गरे।

# मुख्य बुँदाहरू

- नेपालका विद्यालयका कक्षाकोठाहरू एकभाषिक विरलै हुन्छन् र एकमात्र शिक्षण माध्यम हुने कुरा सुनिश्चित हुँदैन,
- सहभागिता, सिकाइ र बुझाइ अभिवृद्धि गर्न शिक्षक र विद्यार्थीले विभिन्न भाषा प्रयोग गर्छन्,
- आधारभूत ज्ञानको विकास गर्नका लागि विद्यार्थी परिचित भाषाको प्रयोग आवश्यक छ र यसले विद्यार्थीलाई उनीहरूको सिकाइ प्रदर्शन गर्ने मौका प्रदान गर्छ,
- विद्यार्थीले आफू परिचित भाषा स्वतन्त्र तवरले प्रयोग गर्नसकेमा उनीहरू प्रभावकारी सिकाइ गर्न सक्छन्,
- बहुभाषिक र बहुविधि मूल्याङ्कनको प्रयोगले आफ्नो सिकाइलाई प्रदर्शन गर्न विद्यार्थीलाई सहमित दिन्छ,
- विद्यालयको शिक्षण माध्यमका सम्बन्धमा गरिने निर्णयहरू आम्दानीका लागिभन्दा सिकाइ उपलब्धिका लागि हुने फाइदामा आधारित हुन आवश्यक हुन्छ,
- अङ्ग्रेजी माध्यमको शिक्षणबाट विद्यार्थीका लागि गुणस्तरीय शिक्षा वा शैक्षिक सफलता/सिकाइ उपलब्धिको सुधार स्वतः हुदैन,

## ३.२. विशेष गरी प्रारम्भिक कक्षाहरूका बालबालिकाको आफू सबैभन्दा बढी परिचित भाषामा सिक्न पाउने आवश्यकतालाई पूरा गर्न सङ्घीय**,** प्रदेश र स्थानीय सरकारले कसरी सम्बोधन गरेका छन् **?**

यसै प्रतिवेदनमा यस अगाडि छलफल गरिए अनुसार नेपालको वर्तमान शासकीय पद्धति सङ्घीय, प्रदेश र स्थानीय तह गरी तीन तहको प्रशासनिक तथा शासन प्रणालीमा आधारित छ। शिक्षा व्यवस्थापनको बढ्दो जिम्मेवारी स्थानीय सरकारमा रहेता पनि नीति निर्देशन र स्रोत व्यवस्थापनका हिसावले तिनओटै तहका सरकार एक आपमा अन्तर्सम्बन्धित छन्। शिक्षक र अभिभावकहरूको अनुभवको अलवा नीति कार्यान्वयनमा तिनै तहका सरकारको संलग्नता स्तर राम्रोसँग बुझ्नका लागि हामीले शिक्षा अधिकृतहरू र अन्य सरोकारवालाको विचार र अनुभव लिने चाहना गर्‍यौँ।

प्रस्तुत गरिएको तथ्याङ्क शिक्षा अधिकृतहरूसँग गरिएको सर्वेक्षणबाट लिइएको हो। स्थानीय तहका शिक्षा अधिकृतहरू ( MEOs ) लाई मातृभाषा बहुभाषिक शिक्षाको कार्यान्वयनमा उनीहरूको संलग्नताका बारेमा टिप्पणी गर्न लगाएर हामीले कुल १५५ उत्तरहरू सङ्कलन गरेका थियौँ।सोबाट हामीले प्राप्त गरेको नतिजाबाट करिब एक तिहाई (३१.३%) शिक्षा अधिकृतहरूले चालु नीतिको कार्यान्वयनमा संलग्न नभएको बताए भने थोरै (१२.३%) ले नीति कार्यान्वयनमा संलग्न भएको बताए ( चित्रहरू ४ र ५ हेर्नुहोस्)।यस तथ्याङ्कले स्थानीय तहका शिक्षा अधिकृतहरूसँग वर्तमान भाषा नीतिहरूको जानकारी र कार्यान्वयनमा संलग्नता सीमित मात्रामा रहेको देखाउँछ जुन समस्याग्रस्त अवस्था हो। हाम्रा तथ्याङ्कले नीति निर्माताहरू र स्थानीय तहका शिक्षा अधिकृतहरूको संलग्नतामा भिन्नता देखाउँछ। सहभागिताका यी भिन्नताका स्तरले नीतिलाई कसरी लिइएको छ र कार्यान्वयन गरिएको छ भन्ने विषयलाई प्रभाव पार्छन्।





Figure 4: Familiarity with policy on mother tongue education

चित्र ४: मातृभाषा शिक्षाको नीतिसँगको परिचित अवस्था





Figure 5: Involvement in implementing mother tongue education policy

चित्र ५: मातृभाषा शिक्षा नीतिको कार्यान्वयनमा संलग्नता

हाम्रो अध्ययनले विद्यालयको शिक्षण माध्यम भाषाभन्दा फरक पहिलो भाषा भएका बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्न स्थानीय तहका शिक्षा अधिकृतहरूको योगदान पनि खोजी गरेको छ। स्थानीय तहका बहुसङ्ख्यक शिक्षा अधिकृतहरूले उनीहरूले यसमा महत्त्वपूर्ण कार्य गरेको बताए र तालिका ८ ले स्थानीय तहका शिक्षा अधिकृतहरू भने अनुसार उनीहरू संलग्न भएका विभिन्न प्रकारका क्रियाकलापको विस्तृत सूची प्रदान गरेको छः


| स्थानीय शिक्षा अधिकृतहरूका क्रियाकलापहरू | बारम्वारता | प्रतिशत |
|---|---|---|
| स्थानीय तहमा पाठ्यक्रमको विकास सुरुवात भएको | ८५ | ५४.८४ |
| सिकाइ आवश्यकता भएका बालबालिकाको खोजी गर्न विद्यालयहरूको भ्रमण गरिएको | ६८ | ४३.८७ |
| बालबालिकाको सिकाइ आवश्यकता सम्बोधन गर्न विद्यालयसँग सम्बन्धित कार्यक्रम विकास गर्न सहयोग गरेको | ५६ | ३६.१३ |
| बालबालिकाको घरको भाषा वा उनीहरू सबैभन्दा बढी परिचित भाषामा शिक्षा प्रदान गर्दा हुने फाइदासम्बन्धी जानकारीको प्रबोधीकरण गरिएको | ५५ | ३५.४८ |
| बालबालिकाको सम्बन्धित कक्षामा उनीहरूको भाषिक आवश्यकता अनुसार शिक्षण अभ्यासमा सुधार ल्याउन शिक्षकलाई तालिम दिइएको | ३५ | २२.५८ |
| स्थानीय तहको स्रोतसाधनको प्रयोग गरी स्थानीय समुदायबाट मातृभाषाका शिक्षक नियुक्तिमा प्राथमिकता दिइएको | २४ | १५.४८ |
| स्थानीय तहमा प्रयोगमा रहेका भाषाको नक्साङ्कन गर्न सर्वेक्षण गरिएको | २१ | १३.५५ |
| मातृभाषामा शिक्षा कार्यान्वयनका लागि स्रोत व्यवस्थापन गर्न बजेट विनियोजन गरिएको | १६ | १०.३२ |
| मातृभाषा शिक्षालाई सहयोग गर्नका लागि अभिभावक समूहको गठनमा विद्यालयहरूलाई सहजीकरण गरेको | ११ | ७.१० |

तालिका ८: मातृभाषा बहुकक्षा शिक्षालाई सहयोग पुर्याउन विद्यालयमा स्थानीय तहका अभिकृतहरूको संलग्नता

तालिका ८ मा प्रस्तुत गरिएको नतिजाहरूले के देखाउँछ भने स्थानीय तहका बहुसङ्ख्यक अधिकारी (५४.८४%) ले स्थानीय तहको पाठ्यक्रमको विकासमा योगदान पुर्‍याएका कुरा व्यक्त गरे भने ४३.८७% ले बालबालिकाको सिकाइ आवश्यकताको खोजी गर्न विद्यालय भ्रमण गरेको बताए । तिनीहरू मध्ये थोरै (७.१०%) ले मातृभाषा वा बहुभाषिक शिक्षामा सहयोग पुर्‍याउनका लागि अभिभावकहरूको समूह गठन गरेको बताए। मातृभाषा/ बहुभाषिक शिक्षकको नियुक्तिका लागि बजेट व्यवस्थापनतर्फ स्थानीय तहका अधिकृत (१५.४८%) ले न्यूतम योगदान पुर्‍याएको विषय अर्को समान प्रकृतिको प्राप्ती हो रमातृभाषा शिक्षाका लागि स्रोत व्यवस्थापन गर्ने अधिकृत (१०.३२%) छन्। यसले के देखाउँछ भने यी क्षेत्रमा स्थानीय सरकारको सहायता र सक्रिय संलग्नतामा जोडदार प्रयासहरू गरिनु आवश्यक छ।

अन्तर्वार्ताबाट लिइएका हाम्रा तथ्याङ्कहरूमा धेरै सहभागीहरू (अभिभावकहरू, प्रधानाध्यापकहरू र समुदायका अन्य सदस्यहरू) ले विद्यालयहरूमा बहुभाषिक अभ्यास विकास गर्न विशेष गरी स्थानीय भाषामा कक्षा सञ्चालन गर्न स्रोत व्यवस्थापनका लागि धेरै सहायता आवश्यक भएको बताए । विद्यालयहरूमा स्थानीय भाषाको प्रयोगका लागि चाहना र उत्साह हुँदाहुँदै पनि यस विषयको कार्यान्वयनमा पाठ्यक्रम दस्तावेज र शिक्षक तालिम कार्यक्रमहरूको अभावमा प्रायः बाधा हुने गरेको धेरै सहभागीहरूले जोड दिएका थिए। बहुभाषिक शिक्षाको कार्यान्वयन गरेको  अभ्यासलाई कतैबाट पनि अनुगमन वा मार्गदर्शन नभएको विद्यालयका प्रधानाध्यापकहरूले बताए तापनि यसबाट कार्यान्वयनलाई बढी मार्गदर्शन गर्न सहयोगी हुन्थ्यो।

सर्वेक्षणले नेपालमा मातृभाषा र बहुभाषिक माध्यमको शिक्षाका सम्बन्धमा विभिन्न निकायहरूका कार्य वा क्रियाकलापहरूको सङ्कलन गरेको थियो। १५० जना सहभागीहरू मध्ये १३३ जनाले उनीहरू संलग्न भएका विभिन्न क्रियाकलापहरू बताए जसलाई चित्र ६ मा विस्तृतीकरण गरिएको छ र यिनीहरू दिइएका उत्तरहरूको वारम्बारतामा आधारित छन्:




चित्र ६: मातृभाषा माध्यम शिक्षामा विभिन्न निकायहरूका क्रियाकलापहरू

चित्र ६ ले नीति निर्माणमा सङ्घीय (सङ्ख्या=१३५) , प्रदेश (सङ्ख्या=६३) र स्थानीय (सङ्ख्या=२७) तहको सहभागिता उच्च रहेको र सोही कामका लागि त्योभन्दा कम सहभागिता दाता/ साझेदार निकाय (सङ्ख्या=८) र समुदाय (सङ्ख्या=६) र स्थानीय (सङ्ख्या=६) निकायको भएको देखाउँछ। विद्यालय तहको नीति कार्यान्वयनका सम्बन्धमा नगरपालिका (सङ्ख्या=६८) र विद्यालय (सङ्ख्या=८४) को संलग्नता अरू निकायको तुलनामा उच्च रहेको पाइयो र क्षमता विकास कार्यक्रममा भने दाता/ विकास साझेदारहरूको भूमिका उच्च रहेको पाइयो।परीक्षण र दस्तावेजका सम्बन्धमा निकै कम स्थानीय शिक्षा अधिकारीहरूले  सबै निकायहरूको संलग्नता बताए तापनि बाँकी निकायहरूको संलग्नताको तुलनामा विद्यालयहरूको संलग्नता (सङ्ख्या=११) एकदमै कम रहेको पाइयो। स्रोत परिचालनका सम्बन्धमा अन्य निकायहरूभन्दा स्थानीय तह (सङ्ख्या=६७),  विद्यालय (सङ्ख्या=५९) र स्थानीय निकायहरू (सङ्ख्या=५३) बढी संलग्न भएका थिए रनागरिक समाजका सङ्घसस्थाहरू (सङ्ख्या=८६), भाषा अभियान्ताहरू (सङ्ख्या=८१), र अभिभावक तथा समुदायको (सङ्ख्या=७०) संलग्नता उच्च रहेको पाइयो र वहस तथा पक्षपोषणका हिसाबले केन्द्रीय (सङ्ख्या=१९), प्रदेश (सङ्ख्या=२४) र विद्यालयको (सङ्ख्या8=२७) को भूमिका कम रहेको पाइयो।  समग्रमा यी नतिजाले नीति निर्माणमा केन्द्रीय सरकार बाहेक अन्य निकायहरूको कम संलग्नताले मातृभाषा शिक्षाको अप्रभावकारी कार्यान्वयन भएको देखिन्छ।

यहाँ हामीले प्रस्तुत गरेको सर्वेक्षणको अन्तिम तथ्याङ्क भविष्यमा मातृभाषा वा बहुभाषिक शिक्षाको सफलतापूर्वक कार्यान्वयनका लागि कस्ता विशिष्ट कार्यहरू आवश्यक हुन्छन् भनी स्थानीयतहका शिक्षा अधिकृतहरूलाई सोधिएकोमा उनीहरूको प्रतिक्रियाका बारेमा छ। उनीहरूको प्रतिक्रिया बारम्बारता र प्रतिशतमा लिइएको थियो द्वारा थियो।दिइएको तालिका ९ ले प्रतिक्रियाको सारांश प्रस्तुत गर्छ।

| भावी नीति सफलताका लागि आवश्यक क्रियाकलापहरू | वारम्बारता | प्रतिशत |
|---|---|---|
| मातृभाषा शिक्षा कार्यान्वयन गर्नका लागि विद्यालयलाई सक्षम बनाउन स्थानीय तहको नीतिहरूको विकास गरिएको | ११८ | ७२.३९ |
| अभिभावकहरूलाई नीति निर्माण र कार्यान्वयनमा सहभागी गराइएको | १०८ | ६६.२६ |
| छुट्टै भाषा विषयकारूपमा मातृभाषाको शिक्षण गर्न विद्यालयहरूलाई अनुमति दिइएको | ७७ | ४७.२४ |

| | | |
|---|---|---|
| बहुभाषिक शिक्षा कार्यान्वयन गर्न निजी र सार्वजनिक दुबै विद्यालयहरूलाई प्रोत्साहन गरिएको | १०२ | ६२.५८ |
| कक्षा शिक्षण र सिकाइका क्रममा बहुभाषिक स्रोतहरूको प्रयोग गर्न शिक्षक र विद्यार्थी दुबैलाई एकै साथ प्रोत्साहित गरेको | १०५ | ६४.४२ |

तालिका ९: मातृभाषा शिक्षाको सफलता पूर्वक कार्यान्वयनका लागि आवश्यक क्रियाकलापहरू

तालिका ९ ले मातृभाषा शिक्षा कार्यान्वयनका लागि विद्यालयहरूलाई सक्षम बनाउन स्थानीय तहमा नीतिको विकास सबैभन्दा महत्त्वपूर्ण कार्य भएको भनी करिब दुई तिहाइ उत्तरदाताहरूले बताएको देखाउँछ (७२.३९%)। यस्ता कार्यहरू भविष्यमा मातृभाषा वा बहुभाषिक शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि गर्न सकिन्छ। स्थानीय तहका अधिकृत पछि नीति निर्माण र कार्यान्वयनमा संलग्ने हुने व्यक्तिहरू अभिभावकहरू थिए (६६.२६%)। उत्तरदाताहरूले पहिचान गरेको अर्को महत्त्वपूर्ण कार्य भने बहुभाषिक शिक्षाको कार्यान्वयन गर्न निजी र सार्वजनिक दुबै विद्यालयहरूलाई प्रोत्साहित गर्ने (६२.५८%) र कक्षा शिक्षण र सिकाइका क्रममा उनीहरूको बहुभाषिक स्रोतहरू सँगसँगै प्रयोग गर्न शिक्षक र विद्यार्थीलाई अनुमति प्रदान गर्न विद्यालयहरूलाई प्रोत्साहित गर्ने (६४.४२%) थियो ।

# मुख्य बुँदाहरू:

- नीतिहरूको सफलतापूर्वक कार्यान्वयन हुनका लागि यिनलाई सरकारका सबै तहहरूमा सफलतापूर्वक सहयोग गरिनु आवश्यक छ,
- सङ्घीय, प्रदेश र स्थानीय तिनै तहका सरकारबिच सञ्चार र उत्तरदायित्वको स्पष्ट माध्यम (channel) हुन आवश्यक छ,
- नीति विकास र कार्यान्वयन गर्न स्थानीय सरकारको महत्त्वपूर्ण भूमिका हुन्छ,
- प्रभावकारी नीति कार्यान्वयनका लागि सबै निकाय र सरोकारवालाबिच प्रभावकारी सञ्चार हुन आवश्यक छ,,
- नीतिसम्बन्धी निर्णय र कार्यान्वयनका लागि अभिभावक, समुदायका सदस्य र बृहत् रूपमा सरोकारवालालाई सहभागी गराइनु आवश्यक छ,
- सार्वजनिक/ निजी जुनसुकै अवस्थाका विद्यायलय भएता पनि सबै विद्यालयलाई नीति, नियम र प्रावधानहरू एकै किसिमको हुने सुनिश्चित गर्नुपर्छ,
- बहुभाषिक नीतिहरू सबै विद्यालयमा र विद्यालयका सबै तहहरूमा विशेषगरी प्रारम्भिक कक्षाहरूमा लागु गरिनु आवश्यक छ।

३.३. नेपालका विद्यालयहरूमा प्रभावकारी बहुभाषिक शिक्षाको प्रवाह गर्ने सन्दर्भमा अर्थपूर्ण परिवर्तन कार्यान्वयन गर्न र सबै विद्यार्थीको सिकाइ उपलब्धि उकास्नका लागि हस्तक्षेपका मुख्य क्षेत्रहरू के के हुन् ?

यस अध्ययनको लागि तथ्याङ्क सङ्कलन र सङ्कलन गरिएका तथ्याङ्कको विश्लेषण प्रक्रियमा हामी मुख्य क्षेत्रहरू पहिचान गर्न सक्षम भएका छौँ।यसबाट नेपालमा बहुभाषिक शिक्षाको कार्यान्वयन प्रभावकारी हुन र विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पर्न परिवर्तन आवश्यक भएको विश्वास गर्छौं। यस्ता केही परिवर्तनहरू स्वभावैले संरचनागत भएता पनि अन्य केही मात्रामा बढी दार्शनिक वा अमूर्त स्तरमा सञ्चालित हुन्छन्।त्यसैले  भाषा र बहुभाषिकता बुझ्ने तरिकामा महत्त्वपूर्ण परिवर्तन आवश्यक छ।

परिवर्तनको आवश्यकताकारूपमा हामीले पहिचान गरेको पहिलो र सायद् सबैभन्दा महत्त्वपूर्ण त्यस्तो उपाय हो जसमा भाषा र अझ विशेषगरी शिक्षण माध्यमको अवधारणा  नीतिगत स्तरमा बुझिएको छ। पहिलाका नीतिहरूको पुनरवलोकनका साथसाथै यस अध्ययनका क्रममा सङ्कलन गरिएको तथ्याङ्कमा हामीले देखे अनुसार शिक्षण माध्यमको परम्परागत धारणा एकलभाषीय दृष्टिकोणमा आधारित हुन्छ। यसले एउटा भाषाका माध्यमबाट मात्र शिक्षण सिकाइ सम्भाव र आवश्यक हुने बताउँछ। हामीले यस अध्ययनमा देखाएको कुरा वास्तविक धरातलमा जे हुन्छ त्यो होइन र यो सफल अभ्यासको आधार पनि होइन भन्ने हो । यसको अर्थ बहुभाषिकता के हो र बहुभाषिक शिक्षण माध्यमले केलाई जनाउँछ भनी स्पष्ट र सुन्दर तरिकाले परिभाषा  तय गर्नु हो।

यस अध्ययनले नेपालका विद्यालका कक्षाकोठामा शिक्षक र विद्यार्थी उच्च रुपले सफल बहुभाषिक अभ्यासमा संलग्न भइरहेका छन् जहाँ सिकाइलाई टेवा दिन र सहयोग पुर्‍याउन भाषाको लचकताका साथ प्रयोग भइरहेको भन्ने देखाउँछ। बहुभाषिक उपागमहरू र शिक्षण विधिका लागि स्पष्ट ढाँचा विकास गरिनु आवश्यक छ रयसलाई शिक्षक तालिम र निरन्तर पेसागत विकासका रूपमा विद्यालयहरूको पहुँचमा पुर्‍याउनुपर्छ। यस्ता संरचनागत परिवर्तनले नेपालका विभिन्न क्षेत्रमा भाषा सिकाइलाई प्रवर्धन र सहयोग गर्न स्थानीयस्तरमा उत्पादित सामग्रीको विकासका लागि स्थान बनाउने छन्। साथै उक्त परिवर्तनले अभिभावक र सामुदायको चेतना बढाउनु बहुभाषिक उपागमहरूको विकास र ती उपागमहरूसँगको संलग्नताका लागि विद्यालयहरू तथा समुदायलाई स्पष्ट रणनीतिहरू प्रदान गर्न सहयोग गर्ने छ।

यो कार्य हस्तक्षेपको दोस्रो मुख्य क्षेत्रसँग सम्बन्धित छ जुन हामीलाई आवश्यक छ।हामी अङ्ग्रेजी माध्यमको शिक्षा वा अङ्ग्रेजी माध्यमको शिक्षणको मूल्यका सम्बन्धमा रहेका गलत अवधारणाको सामना गर्न आवश्यक छ भनी विश्वास गर्छौं।यहाँ अङ्ग्रेजी शिक्षण गरिनु हुँदैन वा यसको शिक्षामा कुनै भूमिका छैन भन्ने उद्धेश्य होइन तर कथित मूल्य र शिक्षामा अन्य भाषाको भूमिकामा अङ्ग्रेजीको नकारात्मक प्रभावलाई कम गर्नमा जोड दिनुपर्छ। नेपालका विद्यालयमा अहिले पनि अङ्ग्रेजीलाई मूल्यवान् भाषाका रूपमा लिइएता पनि हाम्रो तथ्याङ्कले स्थानीय भाषा/ मातृभाषा हाम्रा गर्वका विषय मात्र होइनन् यी सिकाइ र सहभागिताका लागि गतिला साधन पनि हुन् भन्ने देखाउँछ। स्थानीय भाषाले सिकाइ स्रोतका रूपमा स्पष्टरुपमा अङ्ग्रेजी भाषा समान नै स्थान लिएका छन्। सबै विद्यार्थीका लागि समतामूलक सिकाइ अवस्थाहरू सिर्जना गर्न स्थानीय भाषा प्रयोग भएका हुन्छन् भनी सुनिश्चित गर्न आवश्यक छ।

यहाँ उठाउनुपर्ने अन्तिम बुँदा पहिलाका अध्ययनहरू विशेषगरी MILE अध्ययनसँग सम्बन्धित छ।यसर्थ  सङ्घीय, प्रदेश र स्थानीय सरकारका लागि उपयुक्त र एकै किसिमको शिक्षा नीति कार्यढाँचा विकासमा आधारभूत कार्य गरिनु आवश्यक हुन्छ। प्रदेश र स्थानीय सरकारलाई पनि समूहमा राखी सँगसँगै लैजानका लागि सहभागितामूलक, समावेशी र परामर्शिक उपागमका माध्यमबाट नीति मार्गदर्शन विकास गर्न र विद्यालयहरूमा भाषाका सम्बन्धमा बौद्धिक र सन्दर्भ विशेष छनोट हुने बनाउन आवश्यक छ।सङ्घीय, प्रदेश र स्थानीय सरकारले खेलेका विशिष्ट भूमिका स्पष्ट र अनुगमन तथा मूल्याङ्कन गर्न सहज छ भनी सुनिश्चित गर्न नीति कार्यान्वयनका लागि स्पष्ट कार्य सञ्चालन मार्गदर्शन हुन आवश्यक छ।

# मुख्य बुँदाहरू:

- बहुभाषिक भनेको के हो र बहुभाषिक शिक्षण माध्यमको प्रयोग कुन किसिमको हुन्छ भन्ने विषयमा समझदारीको आवश्यक छ,
- त्यस्ता शिक्षण सिकाइका अभ्यास विकास गर्न जरुरत छ जसले बहुभाषिक र बहुविधि विद्यार्थी मूल्याङ्कनलाई अँगालेको हुन्छ,
- शिक्षामा भाषा नीति विकास गर्न आवश्यक छ जुन विद्यार्थीका भाषिक अभ्यासका आधारमा विकास गरिन्छ,
- स्पष्ट नीति मार्गदर्शनहरू र कार्यान्वयन योग्य रणनीतिहरूको विकास गरिनु आवश्यक छ।यसका लागि सरोकारवाला आफ्नो भूमिका र उत्तरदायित्वका सम्बन्धमा सचेत हुन आवश्यक हुन्छ।

# भाग ४: नीति र अभ्यासका लागि सिफारिसहरू

यस अध्ययनबाट नीति निर्माताहरू नीति निर्माताहरूका (उदाहरणका लागि मन्त्रालयहरू, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, विकास साझेदारहरू) साथै प्रमुख नीति कार्यान्यन कर्ताहरू (विद्यालय, प्रधानाध्यापक, शिक्षक) का लागि महत्त्वपूर्ण बुँदा वा सन्दर्भ सामग्रीका रूपमा प्रयोगमा आउने तीन ओटा  अत्यन्तै महत्त्वपूर्ण सिफारिस प्रस्तुत गरेका छौँ।यी सिफारिस सबै सरोकारवालाको सहभागिताका लागि महत्त्वपूर्ण हुने महसुस गर्छौं। अन्तरसम्बन्धित यी सिफारिस नीतिगत तहमा मात्र निर्देशित नभई सूचित गर्ने, शिक्षण गर्ने, तालिम दिने, श्रोत व्यवस्थापन गर्नेतर्फ पनि निर्देशित हुन्छन्। यसका साथै भाषालाई देशभित्र कसरी लिइएको र तथा कस्तो मूल्य दिइएको छ भन्ने प्रवृत्तितर्फ पनि यी सिफारिस निर्देशित हुन्छन्।

# ४.१. प्रमुख नतिजाहरू

Bयी नतिजाको आधारमा हामी यसप्रकारका निम्नानुसारका सिफारिस प्रस्तुत गर्छौं। अन्तरसम्बन्धित यी सिफारिस नीतिगत तहमा मात्र निर्देशित नभई सूचित गर्ने, शिक्षण गर्ने, तालिम दिने, श्रोत व्यवस्थापन गर्नेतर्फ पनि निर्देशित हुन्छन्। यसका साथै भाषालाई देशभित्र कसरी लिइएको र तथा कस्तो मूल्य दिइएको छ भन्ने प्रवृत्तितर्फ पनि यी सिफारिस निर्देशित हुन्छन्।

- विशेषगरी प्रारम्भिक कक्षाका बालबालिका मातृभाषा/ आफू परिचित भाषामा अन्तरक्रिया गर्न र सिक्न सक्षम भएमा कक्षामा उनीहरू सबैभन्दा बढी सक्रिय सहभागी हुन्छन् र कक्षामा बढी व्यस्त हुन्छन्।  अभिभावकहरू, प्रधानाध्याकहरू, शिक्षक र अन्य सरोकारवालाले यसलाई अन्तर्वार्ताका क्रममा दोहोर्‍याएर जोड दिए र यो नतिजा बृहत् साहित्यकारूपमा प्रतिध्वनित भएको छ। तोकिएको शिक्षण माध्यममा परिवर्तन भएमा कक्षामा बालबालिकाको/ विद्यार्थीको प्रवृत्ति र सहभागितामा महत्त्वपूर्ण परिवर्तनहरू हुने भनी यस अध्ययनका सहभागीहरूले बताए। अङ्ग्रेजी माध्यमको प्रावधानतर्फ लागेका विद्यालयहरूका कक्षामा विद्यार्थी कम अभिव्यक्तिशील र अन्तरक्रियात्मक हुने भनी हामीले प्राप्त गरेका साझा धारणाहरू नै हुन्।

- बालबालिका (विशेषगरी प्रारम्भिक कक्षाका) ले मातृभाषा/ परिचित भाषामा सिक्न पाएमा  सिकाइका लागि बलियो आधार विकास गर्छन्।साथै उनीहरूको सिकाइ बढी सुरक्षित हुन्छ।  अभिभावकहरू, प्रधानाध्याकहरू, शिक्षक र अन्य सरोकारवालाले अङ्ग्रेजी माध्यम शिक्षणको प्रयोग सम्बन्धमा प्रत्यक्षरूपमा उठाइएका चासोकारूपमा यसलाई दोहोर्‍याएर जोड दिए।बालबालिका वा विद्यार्थी उनीहरूको क्षमताले भ्याएसम्म सिक्न र कार्यसम्पादन गर्न सक्षम हुनुका पछाडि अङ्ग्रेजी भाषा नभएको धेरैले बताए। यस सँगसँगै विद्यार्थीको भावी सिकाइ उपलब्धिमापर्ने दीर्घकालीन असरसम्बन्धी चासो पनि रहेको थियो। यसका अतिरिक्त विषयवस्तुलाई विद्यार्थीको आफ्नै भाषामा व्याख्या गरिदिएमा सोसम्बन्धी धारणा उनीहरूले सजिलै राम्रोसँग बुझ्ने र उनीहरू परिचित भाषामा बोल्न दिएमा उनीहरू स्वतस्फूर्तरूपमा अभिव्यकत गर्न सक्षम हुने धेरै शिक्षकले बताए।

- बालबालिकाले मातृभाषा/ परिचित भाषामा सिक्न पाएमा उनीहरूले परीक्षण वा परीक्षामा राम्रो उपलब्धि हासिल गर्न सक्दछन्। सीमित स्तरमा भएता पनि विद्यालय स्तरको उपलब्धिको नतिजाको विश्लेषणले नेपाली माध्यम (जहाँ बहुसङ्खयक विद्यार्थीको सबैभन्दा बढी परिचित भाषा नेपाली थियो) मा शिक्षण गरिएका बालबालिकाले नेपाली, अङ्ग्रेजी र विज्ञान विषयहरूमा अङ्ग्रेजी विषयमा शिक्षण गरिएका बालबालिकालेभन्दा बढी उपलब्धि हासिल गरे। बालबालिकालाई एक निश्चित भाषामा मात्र शिक्षण र मूल्याङ्कन गर्ने कार्यले उनीहरूले जानेको ज्ञान र बोध प्रदर्शन गर्न बाधा पुर्‍याउँछ भन्ने प्रमुख बुँदा यो नतिजाबाट लिन सकिन्छ। बहुभाषिक तरिकाले  मूल्याङ्कन हुने (उदारणका लागि बालबालिकाको आफ्ने मातृभाषा वा परिचित भाषामा भन्न वा लेख्न लगाएर ज्ञाको मूल्याङ्कन गर्नु ) अवसर विद्यार्थीलाई प्रदान गरिनु कार्य प्रणालीमा भएको एक आवश्यक परिवर्तन हो।    यस्ले विद्यार्थीलाई उनीहरूले जाने बुझेको कुरा पूर्णरूपमा प्रदर्शन गर्ने मौका प्रदान गर्छ।

- बहुभाषिक अभ्यासको सट्टा एकभाषीय अभ्यासलाई प्राथमिकतामा राखेमा शिक्षक, विद्यार्थी र अभिभावक/परिवारहरू सुविधाबिहीन हुन्छन् र सिकाइमा प्रभाव पर्छ। यस अध्ययनका नतिजाले बहुभाषिक कक्षा शिक्षणका लागि प्रयोग हुने चाहे त्यो नेपाली, मातृभाषा वा अङ्ग्रेजी माध्यम किन नहोस् शिक्षणको विशिष्ट र एकल माध्यमलाई टेवा दिने एकल भाषीय अभ्यासलाई चुनौती दिएका छन्। आफू परिचित भाषा/ भाषा र धेरै अवस्थाहरूमा दुई वा दुईभन्दा बढी भाषाको मिश्रणबाट शिक्षण गरिएका विद्यार्थीको सिकाइ र कक्षामा सहभागिता राम्रो हुने गरेको हाम्रा तथ्याङ्कले देखाएका छन्।

- शिक्षकले आफ्नो र विद्यार्थीको भाषाको पूर्णरूपमा प्रयोग गरेमा सिकाइ उपलब्धिमा सुधार हुन्छ। धेरै शिक्षक र विद्यार्थीले कक्षाकोठामा हुने भाषिक अभ्यासको फराकिलो दायरालाई प्रयोग गर्नुपर्ने देखिन्छ। शिक्षण माध्यमकारूपमा सधैँ एक भाषामात्र कामयावी हुन सक्दैन। उदाहरणका लागि शिक्षण माध्यमका रूपमा अङ्ग्रेजी भाषा भएको कक्षामा हामीले अवलोकन गर्दा शिक्षक तथा विद्यार्थीहरले अङ्ग्रेजी बाहेक अन्य धेरै भाषा प्रयोग गरेको देख्यौँ। यस्तो अवस्था शिक्षण माध्यम भाषा नेपाली र मातृभाषा भएका कक्षामा पनि पाइयो। यसमा शिक्षक तथा विद्यार्थीबाट उनीहरूको विभिन्न भाषिक स्रोत प्रयोग भएको थियो। भाषिक अभ्यास तरल र गतिशील एवम् थिए र कक्षाकोठाको आवश्यकतालाई सम्बोधन गर्ने किसिमका थिए।शिक्षकले विद्यार्थीलाई नयाँ भाषा शिक्षण गरिरहेका छन् भन्नु मातृभाषामा आधारित शिक्षणको अर्थ होइन तर शिक्षकले सिकाइलाई टेवा दिन तथा सहयोग पुर्‍याउन विद्यार्थीको मौजुदा भाषा र भाषाको ज्ञान प्रयोग गरिरहेका छन् भन्नु हो।

- शिक्षण विधिमा सुधार ल्याउने उद्धेश्यले विद्यालयको शिक्षण माध्यममा परिवर्तन नगरेमा बालबालिकाको समग्र सिकाइ, सहभागिता र सिकाइ उपलब्धि घट्छ। विद्यालयहरू आफ्नो शिक्षण माध्यमलाई अङ्ग्रेजीमा परिवर्तन गर्न प्रायः आर्थिक कारणले गर्दा दवावमा रहेको हामीले पत्ता लगायौँ। शिक्षक तालिम र उपयुक्त सामग्री विकासका लागि कम समय दिई वा दिँदै नदिई शिक्षण माध्यमको भाषामा उल्लिखित परिवर्तन हतारमा भएको बताइएको थियो।हाम्रा बहुसङ्ख्यक सहभागीमा यस्ता परिवर्तनप्रति नकारात्मक अनुभवहरू थिए। उक्त कारणले उनीहरूले विद्यार्थीको सिकाइ उपलब्धिमा असर पुगेको विशेषरूपमा जोड दिए।

- विद्यालयहरूलाई उपयुक्त र स्पष्ट सहयोग, मार्गदर्शन र स्रोतसाधन प्रदान गरिन्छ भने बालबालिकालाई गुणस्तरीय शिक्षा दिने कार्यमा विद्यालयलाई सक्षम बनाउन सकिन्छ। हामीले जहाँ विद्यालयमा स्रोत साधनको पहुँच थियो (उदाहरणका लागि पाठ्यक्रम सामग्री, शिक्षक तालिम, सल्लाह तथा सुझाव, मार्गदर्शन र अनुवाद गरिएका सामग्रीहरू) त्यहाँ विद्यालयहरू, शिक्षक र बृहत् समुदाय उनीहरूले विद्यार्थीलाई गरेको सहयोग र हासिल गरेको सिकाइ उपलब्धिप्रति उनीहरू बढी सकारात्मक भएको पायौँ। अन्य सहभागीहरूले सहायता वा मार्गदर्शनका साथसाथै चालु नीतिसम्बन्धी ज्ञानको कमी भएको अभिव्यक्ति दिए।यो अभिव्यक्ति विद्यालयमा भएको स्रोत साधन र सहयोगको उपलब्धताका आधारमा आएकोहो। यो अवस्था विशेष गरी पाठ्यक्रम र सामग्रीको अनुवादसँग सम्बन्धित थियो। यसो हुनुमा धेरैले उनीहरूको अधिकार के हो वा विद्यालय, शिक्षक र विद्यार्थीलाई के के उपलब्ध गराउँनु पर्छ भन्ने विषयमा कमै मात्रामा स्पष्टता भएको बताइयो। तथ्याङ्कले  शिक्षाका भाषाका सम्बन्धमा बनेका नीतिको ज्ञान स्थानीय सरकार र प्रधानाध्यापकहरूसँग सीमित मात्रामा थियो भन्ने देखायो।साथै यी नीतिलाई अभ्यासमा उतार्न आवश्यकपर्ने सिपको कमी भएको वा सिप नै नभएकोअवस्था समेत देखायो।

## ४.२. प्रमुख सिफारिसहरू

यी नतिजाका आधारमा हामीले यस प्रकारका बृहत् सिफारिसहरू सिफारिस गर्छौं जुन अन्तर सम्बन्धित सिफारिस नीतिगत तहमा मात्र निर्देशित नभएर शिक्षण, तालिम र स्रोतसाधनको व्यस्थापनसम्बन्धी सूचना दिन साथै देशमा भाषालाई बृहत् रूपमा कसरी लिइएको छ र कस्तो मूल्य दिइएको छ ? सोसम्बन्धीको मनोवृत्तितर्फ समेत निर्देशित हुन्छः

- पक्षपोषण गर्ने र संवाद सिर्जना गर्ने – वर्तमान सम्बिधानले सबै भाषाका मूल्यमान्यातालाई पहिचान गर्न सफल भएता पनि सबै भाषालाई विशेषगरी शिक्षा र विद्यालयको सन्दर्भमा समानरूपमा मान्यता दिइएको छैन। विद्यालय, परिवार, विद्यार्थी र नागरिकहले निश्चित भाषा अभ्यासलाई अङ्गाल्नुपर्ने (जस्तो कि अङ्ग्रेजी भाषाको चाहनामा रैथाने भाषाको प्रयोगबाट टाढा रहनु) दवावलाई कम गर्न र हटाउन बहुभाषिकतालाई अनुमोदन गर्न आवश्यक छ। सङ्घीय, प्रदेश र स्थानीय तहका सरोकारवालाले बहुभाषिकताका फाइदा र यसले कसरी शैक्षिक अभ्याससम्बन्धी जानकारी दिन्छ भन्ने सम्बन्धमा पैरवी र सचेतना वृद्धि गर्ने क्रियाकलापलाई प्राथमिकता दिनुपर्छ। नेपालका भाषा नीति र सोको कार्यान्वयनमा देखिनु पर्छ, तिनीहरूलाई मान्यता दिइनु पर्छ र यो सामाजिक न्याय र समताका लागि महत्त्वपूर्ण उपाय हो।एउटा प्रदेशभित्र वा एउटा समुदायभित्रै पनि रहेको विविधतालाई दृष्टिगत गर्दा मातृभाषामा आधारित शिक्षाबाट बहुभाषिक शिक्षा वा बालबालिकाको सबैभन्दा बढी परिचित भाषामा दिइने शिक्षामा हुने परिवर्तन निकै महत्त्वपूर्ण हुन्छ। यस अनुसन्धानबाट सङ्कलित तथ्याङ्क, MILE प्रतिवेदन र अन्य धेरै अध्ययनले बहुभाषिक सिकाइका फाइदा राम्रोसँग प्रबोधीकरण र सरकार, समुदाय तथा विद्यालय तहमा यससम्बन्धी राम्रोसँग जानकारी हुन आवश्यक छ भनी देखाएका छन्। MILE अध्ययनमा उल्लेख भएका सिफारिस अनुसार स्थानीय तहमा बहुभाषिक शिक्षा कार्यान्वयन इकाइको स्थापनाले बहुभाषिक शिक्षाका सम्बन्धमा सम्बद्ध सरोकारवालाका बिचमा हुने महत्त्वपूर्ण संवादलाई सहजीकरण गर्ने छ।

विशिष्ट कार्यहरूः

- प्रत्येक स्थानीय तहका भाषिक समुदायमा मातृभाषासम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने। यो मातृभाषालाई शिक्षण माध्यमकारूपमा प्रवर्धन गर्ने र समग्र सिकाइलाई सहायता पुर्‍याउन स्थानीय भाषालाई विषयकारूपमा शिक्षण गर्ने कार्यका लागि उपयुक्त हुन्छ
- व्यवहारमा मातृभाषा शिक्षाको दिगोपनाको सुनिश्चित गर्नका लागि मातृभाषाको प्रयोगलाई प्रबर्धन गर्न विद्यालयमा नियमितरूपमा बजेट विनियोजन गर्ने
- नेपालका विद्यालयका राम्रो कार्यसम्पादन वा शिक्षकका आफ्नै पहलमा भएका असल अभ्यासहरूलाई लिएर बहुभाषिक शिक्षामा अभ्यास गरिएका सफल उदाहरणहरू देखाउने ताकि अभिभावकहरूको र सम्बद्ध सरोकारवालाको हालको अङ्ग्रेजी भक्त विचारधाराहरूमा परिवर्तन ल्याउन सकियोस्।यसबाट बहुभाषिक शिक्षाप्रतिको अभिप्रेरणामा सुधार हुन्छ।
- विद्यालयहरूमा प्रयोग गरिने सान्दर्भीकरण गरिएका बहुभाषिक सामग्री विकास गर्न सम्बद्ध समुदायलाई परिचालन गर्ने। त्यसो गर्न प्राविधिक समूहसँग सहकार्य गर्ने।
- मातृभाषा/ बालबालिकाले सबैभन्दा राम्रोसँग जानेको भाषामा गरिने शिक्षण सिकाइको फाइदा देखाउनका लागि प्रमाणको दस्तावेजीकरण र सो प्रमाण विकास गर्न सघन अनुसन्धान गर्ने
- मूल्याङ्कन अभ्यास र कक्षाकोठाको शिक्षण प्रक्रियामा हुने क्रियाकलापहरूबिच कसरी तालमेल हुन्छ भन्ने सम्बन्धमा अनुसन्धान गर्ने उदाहरणका लागि बालबालिकाको विषयबोधको मूल्याङ्कनमा विद्यार्थीको अन्तर्भाषिकीकरणको पहिचान गर्ने
- बहुभाषिक शिक्षाको कार्यान्वयनका लागि संवाद र पैरवी गर्ने सुसङ्गत र प्रभावकारी माध्यमको स्थापना गर्ने

- विद्यार्थीले बुझ्ने शिक्षण भाषाको प्रयोग – बालबालिकालाई सिक्न सहयोग पुर्‍याउने शिक्षणको उपयुक्त माध्यम छनोट गर्नु सिकाइको समतामूलक अवस्था सिर्जनाका लागि प्रमुख तत्त्व हो। सबै विद्यालयले बालबालिकाले जाने बुझेको भाषालाई शिक्षण माध्यमकारूपमा प्रयोग गर्ने लक्ष्य राख्नु पर्छ।विद्यालय शिक्षाका साथै जीवनपर्यन्तसिकाइ दुबैमा सफलता हासिल गर्न विद्यार्थीलाई सहयोग गर्ने हिसावले सिकाइ कुनै पनि कक्षा शिक्षणको केन्द्र हुनुपर्छ न कि शिक्षण सिकाइ हुने भनिएको माध्यम भाषामा।स्थानीय सरकारसँग समुदायमा र विद्यार्थीबिच रहेको भाषिक विविधताको स्पष्ट जानकारी र नक्साङ्कन हुनु पर्छ र कक्षा अभ्यास यसमा आधारित हुनु पर्छ। यसको अर्थ कक्षाका लागि एउटा भाषा मात्र छनोट गर्नु होइन। यसको अर्थ सिकाइ र बुझाइलाई अगाडि बढाउन र सहजीकरण गर्न आवश्यक भएमाबहुभाषाको प्रयोग गर्नु भनेको शिक्षक तथा विद्यार्थीका लागि वातावरण सिर्जना गर्नु हो। यस दृष्टिकोणले एकभाषीय मूल्याङ्कन अभ्यासबाट टाढा रहन मूल्याङ्कन अभ्यासलाई टेवा दिनुपर्छ। एक भाषीय मूल्याङ्कनमा विद्यार्थीले वास्तविकरूपमा जानेका भाषामाभन्दा अन्य निश्चित भाषामा क्षमता प्रदर्शन गर्न सक्छन् भन्ने मान्यता रहेको छ। विद्यार्थी आफूले जे जानेका छन् त्योभन्दा निश्चित भाषाको प्रयोग गरी जे प्रदर्शन गर्छन् त्यसको मूल्याङ्कन हुने एक भाषीय मूल्याङ्कनबाट टाढा रहने गरी मूल्याङ्कनका अभ्यासलाई यस दृष्टिकोणले टेवा दिन्छ।

विशिष्ट कार्यहरूः

- मातृभाषा/ समुदायको भाषामा अभिभावकहरूका साथसाथै बालबालिकाको साक्षरता सिप विकास गर्न प्रत्येक भाषिक समुदायमा आधारभूत साक्षरता कार्यक्रम सञ्चालन गर्न स्थानीय सरकारलाई सहयोग गर्ने। त्यसका लागि स्थानीय सरकारका इकाइलाई र/ वा विद्यालयहरूलाई सहयोग गर्ने
- अङ्ग्रेजीभाषालाई विषयका रूपमा गरिने शिक्षण सुधार गर्ने र सामुदायिक विद्यालयहरमा हुने गरेको अङ्ग्रेजी माध्यमको शिक्षणतर्फको योजनाबिहीन प्रस्थानलाई निरुत्साहित गर्ने।

- बहुभाषिक शिक्षा कार्यक्रमहरूको परीक्षणका लागि लगानी गर्ने - सरकार, विकास साझेदार र दातृ समुदायले विभिन्न सन्दर्भमा के ले काम गर्छ भन्ने प्रमाणहरूको सिर्जना गर्न बहुभाषिक शिक्षा कार्यक्रमहरूको कार्यान्वयनलाई सहयोग पुर्‍याउँनु पर्छ। यी कार्यक्रम भाषाको मूल्य र बालबालिका कक्षाकोठाको बहुभाषिक व्यवस्थापनबाट कसरी लाभान्वित हुनसक्छन् भनी देखाउन प्रभावकारी हुनसक्छन्। शिक्षण भाषाका साथसाथै उपयुक्त स्रोतसाधन र शिक्षक विकास गुणस्तरीय शिक्षाका विशेषता हुन्। यिनीहरूलाई प्रथामिकतामा राखिनु पर्छ। कक्षामा बालबालिकाले जानेको भाषा बोल्न र बुझ्न सक्ने शिक्षक नियुक्तिका प्रयासहरूलाई सम्भव भएसम्म यी कार्यक्रमहरूले प्रवर्धन गर्नुपर्छ।तैपनि नेपालको सन्दर्भमा यो सधैँ सम्भव नहुनसक्छ। यस्ता अवस्थाहरूमा विविधतायुक्त र बहुभाषिक कक्षा व्यवस्थापनसम्बन्धी सिप विकास हुने गरी शिक्षक क्षमता विकासका तत्त्वहरू यी परीक्षण कार्यक्रमहरूमा हुनु पर्छ। अनुसन्धान र प्रमाणको सिर्जना (उदाहरणका लागि अनियमित नियन्त्रण परीक्षण, आधार रेखा र अन्तिम रेखा तुलनाहरू वा लम्बीय अध्ययनहरू ) भाषाले कसरी बालबालिकाको सिकाइमा सकारात्मक असर पार्छ भन्ने देखाउँने तथ्याङ्क सिर्जना गर्न समाहित हुनुपर्छ।

विशिष्ट कार्यहरूः

- विषयका रूपमा अङ्ग्रेजी शिक्षणमा सुधार गर्न शिक्षक र विद्यालयलाई गुणस्तरीय स्रोतसाधन दिई सहयोग गर्ने
- विद्यालय शिक्षाका अङ्ग्रेजी शिक्षकको सक्षमता अभिवृद्धि गर्न पूर्वसेवाकालीन तालिम दिई सहयोग पुर्‍याउने
- बहुभाषिक शिक्षाको कार्यान्वयन गर्न सघन शैक्षिक  मार्गदर्शन विकास गर्ने र सम्बन्धित कक्षाकोठामा यस शिक्षालाई लागु गर्न शिक्षकलाई तालिम दिने
- बहुभाषिक शिक्षण विधिहरूको कार्यान्वयनका सम्बन्धमा शिक्षकलाई  संलग्न गराउन र सहयोग गर्न प्रदेशतहमा प्रशिक्षकको एक समूह गठन गर्ने
- बहुभाषिक शैक्षिक कार्यक्रमहरूको दिगोपनाको सुनिश्चित गर्न अनिवार्य निरन्तर सेवाकालीन शिक्षक तालिमकारूपमा बहुभाषिक शिक्षण विधिको स्थापना गर्ने

- बहुभाषिक शिक्षाका लागि मार्गदर्शन र स्रोतसाधनको विकास गर्ने - वर्तमान समयमा विद्यालयहरूमा बहुभाषिक शिक्षा कार्यान्वयनका लागि स्थानीय सरकार र विद्यालयहरूलाई सहयोग पुर्‍याउन सङ्गठित मार्गदर्शनहरू नभएको अवस्था छ।मार्गदर्शनहरूसँग वर्तमान नीतिहरूका स्पष्ट र पहुँचयोग्य सूचनाहरूहुन आवश्यक छ जसले बहुभाषिकतालाई सहयोग गर्न र यसलाई व्यवहारमा उतार्न विभिन्न सरोकारवालाका लागि प्राप्त हुने निर्देशनहरू समेटेको हुन्छ। मार्गदर्शनहरूले बहुभाषिकता के हो र कक्षाकोठामा, कार्यक्षेत्रमा र समाजमा यो कस्तो देखिन्छ भन्ने विषय बृहत् रूपमा समेटेको हुनु पर्छ। मार्गदर्शनले सबै भाषाको मूल्यलाई प्रवर्धन गर्न आवश्यक छ र शिक्षक तालिम, पाठ्यक्रम विकास र शिक्षाको सबैतहमा विद्यार्थी मूल्याङ्कन र पेसागत विकासका लागि स्पष्ट सिद्धान्त तय गर्नुपर्छ। यी मार्गनिर्देशनलाई नेपालका सबै विद्यालयमा विस्तार गरिनु आवश्यक छ। साथै बहुभाषिकता सिकाइमा हुने वाधाभन्दा सिकाइको सकारात्म स्रोत हो भन्ने सिद्धान्तको जगमा यी मार्गदर्शन तय गरिनुपर्छ।

विशिष्ट कार्यहरूः

- व्यवहारमा, अभ्यासमा बहुभाषिक शिक्षा के कस्तो हुन्छ भनी विस्तृतीकरण गर्ने र विद्यालयमा शिक्षणको माध्यम छनोट गर्नेसम्बन्धी निर्णयका लागि पूर्व निर्धारित आधारको तय गर्न मार्गदर्शन विकास गर्ने
- बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन गर्न समुदाय र विद्यालयहरूलाई सहयोग गर्न प्रत्येक स्थानीय तहमा शिक्षा एकाइको संयोजकत्वमा भाषा विज्ञहरू, शिक्षक र अभिभावकहरू रहने गरी प्राविधिक कार्य समूह गठन गर्ने
- गठित प्राविधिक समूहलाई मार्गदर्शनको प्रबोधीकरण गर्न र मार्गदर्शनको कार्यान्वयनसम्बन्धी अनुगमन गर्न लगाउने
- सामग्रीमा गुणस्तर र विषयक्षेत्र समेटी विकासका लागि सामान्य मार्गदर्शन तयार गर्ने
- विशेषगरी प्रारम्भिक कक्षा (पूर्वप्राथमिकदेखि कक्षा ३ सम्म) का बालबालिकाका लागि बहुभाषिक सिकाइ सामग्री जस्तैः पाठ्यपुस्तक र भाषा सिकाइका पूरक सामग्री विकास गर्ने। यी सामग्रीको विकास गर्दा विकास भएका सामग्रीको अनुवादका साथसाथै नयाँ सामग्री विकास गर्न सकिन्छ (विद्यालय शिक्षाको स्थानीय सन्दर्भको आवश्यकता अनुसार).
- यथेस्ट बजेटको सुनिश्चित गरेर स्रोत व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई प्रत्यायोजन गर्ने

- बहुभाषिक विषयवस्तु विकास गर्नका लागि सामुदायिक ज्ञानको उपयोग गरी सामग्री लेखन गर्न लेखकहरूलाई प्रोत्साहन र सहयोग गर्ने

# ४.३ सिफारिसको कार्यान्वयन र भावी कदमहरू

यस प्रतिवेदनमा हामीले प्रस्तुत गरेका नतिजाहरू र सिफारिसले एउटा बलियो आधारको प्रतिनिधित्व गर्छन्।यसका आधारमा नेपालका विद्यार्थीको समग्र सिकाइ अनुभवहरू र उपलब्धि सुधार गर्न महत्त्वपूर्ण परिवर्तन गर्न सकिन्छ । प्रभावकारी परिवर्तनका लागि यस अध्ययनमा व्याख्या गरिएका कार्य कार्यान्वयन गर्न नेपालका सङ्घीय, प्रदेश र स्थानीय सरकार राष्ट्रिय कार्यढाँचा विकासका लागि एकजुट हुन आवश्यक छ। यस्तो ढाँचाले कम्तीमा पनि यी बुँदालाई समेटेको हुनु पर्छ।

१) बहुभाषिक शिक्षा के हो र यो कसरी शिक्षाका लागि मात्र नभएर समाजका लागि पनि फाइदाजनक छ भन्ने बृहत् र स्पष्ट परिभाषाः
राष्ट्रिय कार्यढाँचा वा सुस्पष्ट मार्गदर्शन विकास गरिनु आवश्यक छ।यसले सिकाइका लागि स्रोतहरूकारूपमा रहेको भाषाको महत्त्वको साझा बुझाइ विकास गर्ने छ।यसले विद्यार्थी परिचित रहेको भाषामा प्रदान गरिने शिक्षामा पहुँच सुनिश्चित गर्न प्रतिबद्धता जनाउनुपर्छ। यो प्रतिबद्धता शिक्षाका सबै तहमा विशेषगरी प्रारम्भिक कक्षाहरूमा र सबै विद्यालयमा विस्तार गरिनु आवश्यक छ।

२)स्रोतसाधनको विनियोजनका लागि एक स्पष्ट प्रतिबद्ध बजेट तथा समयतालिकाः
राष्ट्रिय कार्यढाँचाले परिवर्तनका लागि कोषको व्यवस्था कसरी गर्ने र स्रोतसाधनको बाँडफाँड कोद्वारा, कसरी गर्ने भन्ने सम्बन्धमा विस्तृत योजना प्रदान गरिनु आवश्यक छ। यसले शिक्षक तालिम कार्यक्रमका लागि लगानी गर्न प्रतिबद्धताको माग गर्छ।साथै यसले शिक्षकलाई बहुभाषिक शिक्षण विधिहरूको प्रयोगसम्बन्धी तालिम प्रदान गर्ने मात्र होइन बहुभाषिक स्रोतहरूको विकासमा लगानी गर्छ। यस कार्यको मूख्य कुरा बहुभाषिक मूल्याङ्कन अभ्यासको विकास गर्नु हो। यस्ता अभ्यासले बालबालिकाको ज्ञान र बुझाइलाई पूर्णरूपमा देखाउन विद्यार्थीलाई प्रदान गरिने अवसरको सुनिश्चित प्रयोजनार्थ लागि सहयोग गर्ने मात्र नभई यसले कक्षाकोठाहरूमा जे जे भइरहेको छ सो उपयुक्त ढङ्गले प्रतिबिम्बित गर्छ।

३) असल अभ्यासको अनुगमन र दस्तावेजीकरणसम्बन्धी प्रतिबद्धता र सफल अभ्यासको साझा गर्नेः
प्रस्तावित परिवर्तनहरूको विकास र कार्यान्वयन हुन समय लाग्नेछ। त्यसैले राष्ट्रिय कार्यढाँचाले असल अभ्यासको विकास गर्नका लागि स्पष्ट समयरेखा र संयन्त्र प्रदान गरिनु आवश्यक हुन्छ। असल अभ्यासको अभिलेखीकरण र शिक्षक सञ्जाल तथा पेसागत सङ्घसस्थाहरूका माध्यमबाट साझा गर्नका लागि प्रतिबद्धताको आवश्यकता छ। यसको अर्थ विभिन्न विद्यालय र जिल्ला बिच तुलना गर्न सकिने र सरोकारवालाका लागि सहज पहुँच भएका तथ्याङ्क सङ्कलनका लागि विधि प्रक्रिया तय गरिनु हो। हामी यस प्रतिवेदनमा उल्लेख भएका मुख्य नतिजा र सिफारिसमा विश्वास गर्छौं। कुनै पनि नीतिगत सीफारिसहरू र अनुसन्धानका नतिजामा भए जस्तै समग्र सफलताका लागि नतिजा र सिफारिसलाई कसरी लिइन्छ, अभ्यासमा कसरी उतारिन्छ भन्ने विषय महत्त्वपूर्ण हुन्छ। नेपालको शिक्षा क्षेत्रमा अर्थपूर्ण परिवर्तन ल्याउन प्रभाव पार्न आवश्यकपर्ने साहस र विश्वासका साथ ती सिफारिसको कार्यान्वयन गर्न सकिनेमा हामी विश्वास गर्छौं।

**समाप्त**

# अनुसूची १: सर्वेक्षण

बालबालिकाको सिकाइ उपलब्धिमा भाषा र भाषिक नीतिहरूको प्रभाव
**(**स्थानीय शिक्षा अधिकृतका लागि सर्वेक्षण प्रश्नावली**)**

आदरणीय सहभागीहरू,

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, भाषा आयोग, युनेस्को र ब्रिटिस काउन्सिलसँगको सहकार्यमा युनिसेफ नेपालले नेपालका बालबालिकाको सिकाइ उपलब्धिमा भाषा र भाषिक नीतिहरूले पारेको प्रभाव पत्ता लगाउने लक्ष्य राखेको छ। तपाईँलाई यस सर्वेक्षणमा हार्दिकतापूर्वक आमन्त्रण गरिएको छ। तपाईँका व्यक्तिगत सूचनाहरू र तपाईँले प्रदान गर्नुभएका तथ्याङ्कहरू एकदमै गोप्यरूपमा राखिन्छ। यस अनुसन्धानको उद्धेश्यका लागि मात्र प्रयोग गरिनेछ। सर्वेक्षण प्रश्नावली भर्नु र सो बुझाउनुले नै यस अध्ययनमा तपाईँको सहभागिताको सुनिश्चित हो भन्ने कुरालाई कृपया ध्यानमा राख्नुहोला।
सहयोग र सहभागितका लागि धन्यवाद।

लिङ्ग: ☐ पुरुष ☐ महिला ☐ अन्य
उमेर: ☐ २०-२९ ☐ ३०-३९ ☐ ४०-४९ ☐ ५० वा माथि
मातृभाषा पृष्ठभूमि: ………………………......................
तपाइको अहिलेको कार्यरत इकाइ: ☐ महानगरपालिका/ उपमहानगर पालिका/नगरपालिका ☐ गाउँपालिका

ख: बालबालिकाको सिकाइ उपलब्धिमा भाषा र भाषिक नीतिहरूको प्रभाव

१. तपाईँ मातृ भाषा शिक्षा नीतिसँग कत्तिको परिचित हुनुहुन्छ?
☐ अपरिचित ☐ परिचित ☐ केही मात्रामा परिचित ☐ धेरै परिचित

२. मातृभाषा शिक्षा नीतिको कार्यान्वयनमा कत्तिको संलग्न हुनु भएको छ?
☐ धेरै संलग्न भएको ☐ केहीमात्रामा संलग्न भएको ☐ संलग्न नभएको

३. तपाईँले आफ्नो स्थानीय तहमा शिक्षणको भाषाभन्दा फरक मातृभाषा भएका बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्न के कस्तो योगदान पुर्‍याउनु भएको छ? (कृपया सान्दर्भिक बहुविकल्पहरूमा ठिक चिह्न (✓) लगाउनुहोस्)
☐ बालबालिकाको सिकाइ आवश्यकता र यस्ता आवश्यकता सम्बोधन गर्न विद्यालयहरूले गरेका कार्यहरू थाहा पाउन विद्यालय भ्रमण गरेको
☐ स्थानीय तहमा पाठ्यक्रम विकासको सुरुवात गरेको
☐ सम्बन्धित कक्षामा विद्यार्थीको भाषिक आवश्यकता अनुसार शैक्षिक अभ्यास सुधार गर्न प्रारम्भिक बाल शिक्षा तहमा तालिम प्राप्त शिक्षक व्यवस्था गरेको
☐ स्थानीय तहको कोष प्रयोग गरेर स्थानीय समुदायका मातृभाषी शिक्षकको नियुक्तिलाई प्राथमिकता दिइएको
☐ बालबालिकाको घरमा बोलिने भाषा वा सबैभन्दा बढी परिचित भाषामा बालबालिकालाई शिक्षा दिनुका फाइदाका सम्बन्धमा प्रबोधीकरण गरेको।
☐ मातृभाषा शिक्षालाई सहयोग गर्नका लागि अभिभावकहरूको समूह बनाउन विद्यालयहरूलाई सहजीकरण गरेको
☐ मातृभाषामा शिक्षा कार्यान्वयनका लागि स्रोतको व्यवस्थापन गर्न वजेट विनियोजन गरेको
☐ स्थानीय तह क्षेत्रमा भाषाको नक्साङ्कन गर्न सर्वेक्षण गरेको
☐ तपाईँ संलग्न भएको अरु कुनै क्रियाकलापहरू (कृपया तिनीहरूलाई विस्तृतीकरण गर्नुहोस्)
………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………..

४. तपाईँको दृष्टिमा सङ्घीय, प्रदेश र स्थानीय सरकारको नीतिगत सम्बोधनहरू के कस्तो रहेको छ? कृपया दिइएको तालिकमा रहेका उपयुक्त कोठामा ठिक चिह्न ( लगाउनुहोस्।
धेरै राम्रो = मजबुत र अनिवार्य नीतिगत प्रावधान; राम्रो= कार्यान्वयन मार्गदर्शनसहितको उपयुक्त नीतिहरू; औसत = कार्यान्वयन रणनीतिहरू नभएको उपयुक्त नीतिहरू; कमजोर = सतहीरूपमा उल्लेख भएका नीतिहरू; धेरै कमजोर = नीतिहरू नै नभएको

| नीतिगत सम्बोधन | सरकारका तहहरू | धेरै राम्रो | राम्रो | औसत | कम जोर | धेरै कमजोर |
|---|---|---|---|---|---|---|
| मातृभाषा शिक्षा नीति [3] | सङ्घीय<br>प्रदेश<br>स्थानीय | | | | | |
| मातृभाषा पाठ्यक्रम नीति | सङ्घीय<br>प्रदेश<br>स्थानीय | | | | | |
| मातृभाषा शिक्षकसम्बन्धी नीति | स्थानीय | | | | | |
| मातृभाषामा आधारित मूल्याङ्कन नीति | | | | | | |
| मातृभाषाका प्रयासहरूका लागि प्रोत्साहन नीति | | | | | | |

*[3]* यस अध्ययनमा हामीले मातृभाषाको अर्थलाई अझ बढी समावेशी तरिकाले बुझ्दछौँ। यसले फरक सम्पदा वा जातीय भाषा भएका सिकारुको सबैभन्दा बढी परिचित भाषा समावेश गरेको हुन्छ।

५. विद्यालय शिक्षण माध्यमको भाषाभन्दा घरमा फरक भाषा बोल्ने बालबालिकाको उच्च सिकाइ उपलब्धि हासिल गर्दा आउने बाधाहरूलाई श्रेणीकरण गर्न कृपया दिइएको तालिकाको उपयुक्त कोठामा ठिक चिह्न (✓) लगाउनुहोस्।
SA= strongly agree (एकदमै सहमत) ; A= agree(सहमत); DNK= do not know (थाह छैन); D= disagree (असहमत)SD= Strongly disagree (एकदमै असहमत)

| बाधाहरू | SA | A | DNK | D | SD |
|---|---|---|---|---|---|
| शिक्षण माध्यमकारूपमा नेपाली | | | | | |
| शिक्षण माध्यमकारूपमा अङ्ग्रेजी | | | | | |
| अनुपयुक्त शिक्षण विधि | | | | | |
| पाठ्यक्रमका अपरिचित विषयवस्तु | | | | | |
| नेपाली भाषाभन्दा अन्य भाषा बोल्ने बालबालिकाका लागि विदेशी विद्यालय वातावरण | | | | | |
| विद्यार्थीको मातृ भाषामा शिक्षक परिचित नभएको अवस्था | | | | | |
| बालबालिकाको मातृषाषामा तयार गरिएका सिकाइ स्रोतसामग्रीको अनुपलब्धता | | | | | |
| नेपाली र अङ्ग्रेजीभन्दा अन्य भाषाको प्रयोगमा विद्यालयमा प्रतिबन्ध | | | | | |
| बालबालिकाको मातृभाषामा शिक्षाको कार्यान्वयनमा अभिभावको संलग्नता नहुनु | | | | | |

अन्य: ( केही भए कृपया खुलाउनुहोस्)
...........................................................................................................................................
..........

६. सफल मातृभाषा शिक्षा कार्यक्रमहरूको कार्यान्वयन गर्न दिइएका तत्त्वहरू कत्तिको महत्त्वपूर्ण छन्? कृपया एउटामा ठिक चिह्न (✓) लगाउनुहोस् र प्रत्येक लहरमा केवल एउटा मात्र। (VI= very important(धेरै महत्त्वपूर्ण); I= important(महत्त्वपूर्ण); A= average(औसत); SI= slightly important(थोरै महत्त्वपूर्ण); NI= not important (महत्त्वपूर्ण नभएको)

| प्राथमिकताहरू | VI | I | A | SI | NI |
|---|---|---|---|---|---|
| बालबालिकाको मातृभाषा बोल्न सक्ने स्थानीय सहजकर्ता/ शिक्षकको नियुक्ति | | | | | |
| बालबालिकाको मातृभाषामा पाठ्यक्रमका विषयवस्तु शिक्षण गर्ने सक्षमताका लागि प्रारम्भिक बाल शिक्षा र विकास (ECED) र प्रारम्भिक कक्षाका शिक्षकका लागि तालिम | | | | | |
| स्थानीय विषयवस्तु र पूर्वप्राथमिक शिक्षा देखि कक्षा ३ सम्मको भाषाका आधारमा स्थानीय पाठ्यक्रमको विकास | | | | | |
| मूल्याङ्कन तथा परीक्षण अभ्यासमा बालबालिकाहरूलाई उनीहरूको मातृभाषा प्रयोग गर्न अनुमति दिइएको | | | | | |
| मातृभाषामा आधारित बहुभाषिक प्रारम्भिक बालशिक्षाका लागि यथेस्ट स्रोतसाधनको विनियोजन भएको | | | | | |
| अभिभावकहरूसँगको सहकार्यबाट घर-विद्यालयको सम्बन्धमा सुधार गरिएको | | | | | |
| विज्ञहरूको सहभागितामा बालबालिकाको भाषासँग सम्बन्धित आवश्यकताहरूको खोजी | | | | | |
| अन्य (कृपया उल्लेख गर्नुहोस्): ................................................................... | | | | | |

७. बालबालिकाको मातृभाषामा शिक्षा कार्यान्वयनका लागि दिइएका हस्तक्षेपहरू कत्तिको महत्त्वपूर्ण छन्? कृपया उपयुक्त कोठामा ठिक चिह्न (✓) लगाउनु होस्।
(VI= very important(धेरै महत्त्वपूर्ण); I= important(महत्त्वपूर्ण); A= average(औसत); SI= slightly important(थोरै महत्त्वपूर्ण); NI= not important (महत्त्वपूर्ण नभएको)

| हस्तक्षेपहरू | VI | I | A | SI | NI |
|---|---|---|---|---|---|
| स्थानीय तहको नीति | | | | | |
| विद्यालयको प्रतिबद्धता | | | | | |
| प्रमाणमा आधारित बहस | | | | | |
| अभिभावकसँगको सहकार्य | | | | | |
| बहुभाषी शिक्षकको विकास | | | | | |
| मातृभाषामा आधारित बहुभाषिक पाठ्यक्रमको विकास | | | | | |
| शिक्षकको शिक्षण अभ्यासमा सुधार | | | | | |
| मूल्याङ्कनका प्रश्नहरूको उत्तर दिन बालबालिकालाई घरको भाषा प्रयोग गर्न अनुमति दिइएको | | | | | |
| बालबालिकाको संज्ञानात्मक विकासका लागि मातृभाषाका प्रयोगका सम्बन्धमा अनुसन्धान र नवप्रवर्तन | | | | | |
| सिकाइ स्रोतको व्यवस्थापन र भाषाको पुनर्जीवनका लागि कोषको विनियोजन | | | | | |
| मातृभाषामा शिक्षा अँगालेका विद्यालयहरूलाई प्रोत्साहनको व्यवस्था | | | | | |
| अन्य (कृपया उल्लेख गर्नुहोस्): ................................................................ | | | | | |

८. विभिन्न निकायहरूले नेपालमा मातृभाषा माध्यम भएको शिक्षासम्बन्धी के गरिरहेका छन्?

| निकायहरू | **नीति निर्माण** | विद्यालय स्तरीय नीति कार्यान्वयन | क्षमता विकास | परीक्षण/ दस्तावेजीकरण | स्रोत परिचालन | वहस वा पैरवी | अन्य (कृपया उल्लेख गर्नुहोस्) |
|---|---|---|---|---|---|---|---|
| शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सहितका केन्द्रीय निकायहरू | | | | | | | |
| प्रदेशहरू | | | | | | | |
| स्थानीय तहरहरू | | | | | | | |
| विद्यालयहरू | | | | | | | |
| दाता/साझेदार निकायहरू | | | | | | | |
| नागरिक समाज सङ्घसंस्थाहरू | | | | | | | |
| अभिभावक र समुदायहरू | | | | | | | |
| स्थानीय निकायहरू (एनजीओहरू ) | | | | | | | |
| भाषा अभियन्ताहरू | | | | | | | |

९. नेपालका सरकार र अन्य सरोकारवालाले प्रारम्भिक कक्षाहरू (पूर्वप्राथमिक शिक्षा देखि कक्षा ३ सम्म) मा बालबालिकाको पहिलो भाषाका प्रयोगका लागि आफ्ना कार्यलाई कसरी सुदृढ बनाउँछन्?

| कार्य क्षेत्रहरू | **सङ्घीय सरकार** | प्रदेश | स्थानीय तह | विद्यालय | अभिभावक हरू | साझेदार निकाय हरू |
|---|---|---|---|---|---|---|
| मातृभाषा माध्यम (MTM) शिक्षाको नीति विकास | | | | | | |
| मातृभाषा माध्यम (MTM) शिक्षाको कार्यान्वयन | | | | | | |
| पाठ्यक्रमको प्रावधानहरूको अभिवृद्धि | | | | | | |
| शिक्षक विकास र नियुक्ति | | | | | | |
| स्थानीय तहको क्षमता विकास | | | | | | |
| मातृभाषा माध्यम (MTM) शिक्षाको परीक्षण | | | | | | |
| घरमा मातृभाषाको प्रयोग र सो का लागि उत्साहित गर्नु | | | | | | |
| मातृभाषा माध्यम (MTM) शिक्षाका क्रियाकलापहरूका लगि प्रोत्साहन गर्नु | | | | | | |
| मातृभाषा माध्यम (MTM) शिक्षाका अनुभवहरू र हस्तक्षेपहरूमा पारस्परिक साझेदारी स्थापना गर्नु | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विद्युतीय र सामाजिक माध्यमबाट मातृभाषा माध्यम (MTM) शिक्षाको प्रवर्धन गर्नु | | | | | | |
| अन्य (कृपया उल्लेख गर्नुहोस्) | | | | | | |

१०. तपाईँको स्थानीय तहभित्र कक्षा ३ सम्म शिक्षण माध्यमकारूपमा प्रयोग गरिएका वा विषयकारूपमा शिक्षण गरिएका भाषाको सूचि तयार गर्नुहोस्।

..........................................................................................................................................................
..........................................................

११. तपाईँको स्थानीय तहभित्र विद्यालयहरूमा स्थानीय पाठ्यक्रमको अंशकारूपमा कुन कुन भाषा प्रयोग हुँदै आएका छन्?

..........................................................................................................................................................
................................................................

१२. विद्यालय अवलोकनका क्रममा तपाईँको स्थानीय तहभित्रका आधारभूत विद्यालयहरूमा मातृभाषामा आधारित बहुभाषिक शिक्षाको कार्यान्वयनद्वारा विद्यार्थी सिकाइका कुन कुन पक्षहरू प्रभावित भएका छन्?

☐ सिकाइमा विद्यार्थी उत्प्रेरणाको वृद्धि भएको
☐ विद्यार्थीको विषयवस्तुको बोधलाई टेवा पुर्‍याइएको
☐ प्रारम्भिक कक्षाहरूमा विद्यार्थीको कक्षा छाड्ने प्रवृत्ति घट्दै गएको
☐ विद्यार्थीको पहिचान र मूल्यहरूको प्रवर्दधन भएको
☐ अङ्ग्रेजी वा नेपाली भाषामा अध्ययन गर्ने विद्यार्थीको तुलनामा कमजोर र हिनतावोध महसुस गरेको
☐ अन्य (कृपया उल्लेख गर्नहोस्): ...................................................................

१३. दिइएका मध्ये तपाईँको विचारमा नेपालमा मातृभाषा शिक्षाको सफलतापूर्वक कार्यान्वयनका सम्बन्धमा कुन कुन विशिष्ट क्रियाकलापहरू कार्यान्वयन गर्नुपर्ने हुन्छ? (कृपया सान्दर्भिक बहु विकल्पहरूमा ठिक चिह्न (✓) लगाउनुहोस्)

☐ मातृभाषा शिक्षाको कार्यान्वयन गर्न विद्यालयहरूलाई सक्षम बनाउँनका लागि स्थानीय तहको नीति विकास गर्ने
☐ नीति निर्माण र सोको कार्यान्वयनमा अभिभावकहरूलाई संलग्न गराउने
☐ छुट्टै भाषा विषयका रूपमा मातृभाषाको शिक्षण गर्न विद्यालयलाई अनुमति प्रदान गर्ने
☐ निजी र सार्वजनिक दुवै विद्यालयहरूलाई प्रोत्साहित गर्ने
☐ विद्यालयमा अन्तर्भाषिक शिक्षण विधिलाई प्रोत्साहन गर्ने
☐ अन्य (कृपया उल्लेख गर्नुहोस्):............................................................

१४. यदि तपाईँले मातृभाषामा आधारित बहुभाषिक शिक्षा (MTMLE) कार्यान्वयनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट अनुदान पाउनु भएको भए कुन कुन क्रियाकलापहरूमा विद्यालयहरूले त्यस्तो अनुदान पाएका छन्।

..........................................................................................................................................................
......................................................................

१५. मातृभाषा शिक्षा र बहहुभाषिक शिक्षा कार्यक्रमका सम्बन्धमा तपाईँका अरु कुनै टिप्पणी भएमा यहाँ ढुक्कसँग उल्लेख गर्नुहोस्।

..........................................................................................................................................................
......................................................................

सहकार्यका लागि धेरै धेरै धन्यवाद!

# अनुसूची २: अन्तर्वार्ता प्रश्नहरू

बालबालिकाको सिकाइ उपलब्धिमा भाषा र भाषिक नीतिहरूको प्रभाव

शिक्षकसँगको अन्तर्वार्ता

समय: ३०-४५ मिनेट

सामान्य जानकारी:
कृपया सङ्क्षिप्तरूपमा आफ्नो परिचय दिनुहोस्। (तपाईँको नाम,जातीय र भाषिक पृष्ठभूमि, शैक्षिक पृष्ठभूमि र अनुभव आदि)

| नाम: (ऐच्छिक) | **शिक्षण अनुभव** | मातृभाषाको पृष्ठभूमि | जानेको भाषा | शिक्षण गरेका विषय (हरू) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

क) प्रारम्भिक बाल शिक्षा र आधारभूत शिक्षाको प्रारम्भिक कक्षाहरू (विशेषगरी कक्षा ३ सम्म)मा बालबालिकाको पहिलो वा सबैभन्दा बढी परिचित भाषाको प्रयोग गर्नुको औचित्य ।
१.तपाईँको विद्यालयमा कुन शिक्षण माध्यम प्रयोग गरिएको छ?
२.तपाईँले कक्षामा कुन शिक्षण माध्यम प्रयोग गर्नुहुन्छ?
३.तपाईँको कक्षामा प्रयोग भएको शिक्षण माध्यमको भाषालाई कति प्रतिशत विद्यार्थीले बुझ्दछन् र सहज महशूस गर्छन्?
४.बालबालिकाको मातृभाषा/हरूको भाषा विषयहरू, गणित र सामाजिक अध्ययन (मेरो सेरोफेरो) विषयहरूको शिक्षणमा गरिएको प्रयोगले उनीहरूको सिकाइमा कुन किसिमले प्रभाव परेको हुन्छ?
५.कक्षा कोठामा हुने सञ्चारमा बालबालिकाको मातृ भाषाको प्रयोगलाई अनुमति दिनुभएको छ? किन, दिनु नभएको भए पनि किन?
६.तपाईँले कक्षामा शिक्षण माध्यम भाषाको छनोट गरेको कारणबाट बालबालिकाको सिकाइमा के कस्ता सकारात्मक/ नकारात्म प्रभावहरू देखिएका छन्?
७.विद्यालयमा मातृभाषामा आधारित बहुभाषिक शिक्षाको कार्यान्वयन उपयुक्त किसिमले भएको छ? किन वा भएको छैन भने पनि किन?
८.बालबालिकाको मातृभाषा वा सबैभन्दा बढी परिचित भाषा कक्षा शिक्षणमा प्रयोग भएमा सिकाइ उपलब्धिमा हामीले के कस्ता फरकहरू पाउन सक्छौँ?

ख) सिकाइका बाधाहरू
९ .विद्यालयमा शिक्षकको शिक्षण माध्यम भाषाले विद्यार्थीको सिकाइमा कस्तो प्रभाव पार्छ?
१०.तपाईँले कक्षा कोठामा बालबालिकाको मातृभाषा/हरू वा उनीहरू सबैभन्दा बढी परिचित भाषाको प्रयोग गर्दा कुन कुन पक्षहरूले बाधा पुर्‍याएका छन्?
११ .तपाइँको कक्षाकोठामा विद्यार्थीले अनुभूत गरेका भाषासँग सम्बन्धित चुनौतीहरू के के हुन्?
१२.विद्यार्थीले नबुझेको वा परिचित नभएको भाषाका माध्यमबाट गणित र सेरोफेरो जस्ता विषयहरू शिक्षण गर्दा के हुन्छ?
१३ .विद्यार्थीको मातृभाषा वा सबैभन्दा परिचित भएको भाषाका माध्यमबाट गणित र सेरोफेरो जस्ता विषयहरू शिक्षण गर्दा के हुन्छ?

ग ) हस्तक्षेपका क्षेत्रहरू
१४.तपाईँले कक्षामा विद्यार्थीको सिकाइ आवश्यकतालाई के कसरी सहयोग गर्नु हुन्छ?
१५. कक्षाकोठामा हुने अन्तरक्रियाका लागि बालबालिकालाई उनीहरूको मातृभाषा वा राष्ट्रभाषा प्रयोग गर्न अनुमति दिनुहुन्छ?
१६ .तपाईँले कक्षा शिक्षणकाक्रममा बालबालिकाको मातृभाषा वा समुदायको भाषाको प्रयोग गर्नुहुन्छ?
१७ .तपाईँले बालबालिकाको मातृभाषा/ हरू जान्नु भएको छ?

१८ .विद्यालयमा बहुभाषिक शिक्षाको कार्यान्वयन गर्ने सम्बन्धमा तपाईँले कुनै तालिम वा पेसागत विकासका अवसरहरू प्राप्त गर्नु भएको छ?
१९ .तपाईँले विद्यालयमा बहुभाषिक शिक्षा कार्यान्वयनका लागि सरकारी र गैह्रसरकारी सङ्घसंस्थाहरूमा सहयोग प्राप्त भएको छ? यदि पाउनु भएको छ भने के कस्ता सहयोग पाउनु भएको छ?

घ ) भावी रणनीतिहरू
२० .तपाईँलाई आधारभूत तहका विद्यालयहरू विशेषगरी कक्षा ३ सम्म शिक्षण सिकाइका लागि कुन कुन भाषा/ हरूको गरिनुपर्छ जस्तो लाग्छ?
२१.धेरै विद्यालयहरू नेपाली माध्यमबाट अङ्ग्रेजी माध्यममा रुपान्तरित भइरहेका छन्। यसप्रति तपाईँ के महसुस गर्नुहुन्छ?
२२.तपाईँलाई विद्यालयमा शिक्षणको भाषा त्यहीको परिस्थितिसँग मिल्नुपर्छ जस्तो लाग्छ?
२३.बालबालिकाको मातृभाषा वा उनीहरू सबैभन्दा बढी परिचित भाषाको शिक्षामा प्रभावकारी कार्यान्वयनका लागि तयारी गर्न सरकारलाई के कुराको आवश्यकता पर्छ?
२४.एक शिक्षकको हैसियतले तपाईँको कक्षामा बहुभाषिक शिक्षाको कार्यान्वयन गर्न के कस्ता रणनीतिहरूको कार्यान्वयन गर्नुहुन्छ?
२५.यदि तपाईँसँग प्रारम्भिक कक्षाहरूमा मातृभाषा र बहुभाषिक शिक्षासँग सम्बन्धित यसभन्दा अन्य कुनै टिप्पणी तथा मुद्धाहरू छन् भने कृपया भन्नुहोस्।

# अनुसूची ३: अवलोकन मार्गदर्शन

बालबालिकाको सिकाइ उपलब्धिमा भाषा र भाषिक नीतिहरूको प्रभाव
**(**कक्षा अवलोकन फारम**)**

क) सामान्य सूचनाहरू:
क१) विद्यालयको पृष्ठभूमि:
नाम:
स्थानीय तह:
किसिम (आधारभूत / माध्यमिक):
शिक्षणको माध्यम:
क२) कक्षाको पृष्ठभूमिसम्बन्धी तथ्याङ्क:
विद्यालय:
मिति:
कक्षामा भएका कुल विद्यार्थी सङ्ख्या:
शिक्षण गरिएको विषय:
ख) अवलोकन पूर्वको छलफल

ख१)कक्षाका विद्यार्थीको भाषिक र जातीय विवरण: (यो कक्षा शिक्षकलाई सोधेर भरिनेछ
)
ख१.१) विद्यार्थीको जातीय विवरण:
oजन्मका आधारमा बहुसङ्ख्यक विद्यार्थी कुन जातीय समूहहरूमा पर्छन्?:
- .........................

oजन्मका आधारमा अल्पसङ्ख्यक विद्यार्थी कुन जातीय समूहहरूमा पर्छन्?:
- .........................

oविभिन्न समूहहरूमापर्ने विद्यार्थीको प्रतिशत: (अनुमानित)
- बाहुन/ क्षेत्री:
- मधेसी:
- जनजाति समुदायहरू (जस्तै नेवार, गुरुङ, तामाङ, आदि):
- अन्य:

oतपाईँको कक्षामा दिइएको मध्ये कुन चाहि कथन सबैभन्दा बढी सही हो?
- विद्यार्थी सबैभन्दा मजबुत भाषा[1] जातीय/ रैथाने भाषा हुन्।
- विद्यार्थी सबैभन्दा मजबुत भाषा नेपाली हो।
- विद्यार्थी सबैभन्दा मजबुत भाषा जातीय भाषा र नेपाली भाषाभन्दा अन्य भाषा हो। (उदाहरणका लागि कुनै अवस्थामा हिन्दी भाषा)।

ख२) शिक्षकको भाषिक विवरण:
जातीय पृष्ठभूमि:
शिक्षण गरिएको विषय:
जानेका भाषा: भाषिक प्रवीणताको स्वनिर्धारित अनुभूति (शिक्षकलाई कक्षा अगि वा पछि सोध्नुहोस्)

*[4]* विद्यार्थीले कक्षामा सबै भन्दा बढी मात्रामा प्रयोग गर्ने भनी शिक्षकलाई लागेको भाषा।

| भाषा | धारा प्रवाह | औसत | सीमित | नजानेको |
|---|---|---|---|---|
| अङ्ग्रेजी | | | | |
| नेपाली | | | | |
| मातृभाषा (यदि भएमा) | | | | |
| जानेका अतिरिक्त भाषा (यदि भएमा) | | | | |

खइ) कक्षाकोठामा भाषा प्रयोगको अवस्था:
खइ.१) यो कक्षा शिक्षण गर्दा तपाईंले सबैभन्दा बढी मात्रामा कुन भाषाको प्रयोग गर्नु भयो?
☐ विद्यार्थीको मातृभाषा ☐ नेपाली ☐ अङ्ग्रेजी☐ अन्य (कृपया उल्लेख गर्नुहोस्):...
खइ.२) कक्षामा विद्यार्थीले सबैभन्दा बढीमात्रामा प्रयोग गरेको भाषा कुन हो?
☐ विद्यार्थीको मातृभाषा ☐ नेपाली ☐ अङ्ग्रेजी ☐ अन्य (कृपया उल्लेख गर्नुहोस्):...
खइ.३)कहिले काही तपाईंले प्रयोग गर्ने भाषा परिवर्तन गर्नुहुन्छ? ☐गर्छु ☐ गर्दिन
यदि गर्नुहुन्छ भने कहिले र किन गर्नुहुन्छ भनी उदाहरण दिन सक्नु हुन्छ?
कहिले: ..................................................................................................................
किन: ..................................................................................................................
..................................................................................................................
खइ.४) तपाईंलाई विद्यार्थीले कुनै एक निश्चित भाषामा राम्रोसँग सिक्छन् भन्ने लाग्छ? यदि त्यस्तो हो भने कुन भाषामा र किन?
..................................................................................................................
अतिरिक्त विचारहरू (यदि भएमा)

ग ) अवलोकन
ग १) कक्षामा प्रयोग भएका सामग्रीहरू:
पाठ्यपुस्तकको भाषा:
पाठ्यपुस्तकको प्रकृति:
अ) नेपालीबाट अङ्ग्रेजीमा अनुवाद गरिएको
आ) अङ्ग्रेजीमा मौलिकरुपमै लेखिएको
इ) अन्य भाषामा लेखिएको

पाठ्यपुस्तक प्रकाशन गर्ने निकायहरू: ☐ सरकारी निकाय☐ नेपालका निजी कम्पनीहरू
☐ शिक्षकद्वारा निर्मित ☐विदेशी प्रकाशन कम्पनी

अन्य सन्दर्भ सामग्री (कृपया उल्लेख गर्नुहोस्): .........................................................
सन्दर्भ सामग्रीको माध्यम:.........................................
कक्षामा प्रदर्शन गरिएका सामग्रीको भाषा: ☐ नेपाली (.......) ☐ अङ्ग्रेजी (..............) ☐ मातृभाषा (.......)

ग२) कक्षाअवलोकन (कक्षाकोठाका क्रियाकलापहरू)

| **पाठ संरचनाहरूमा प्रयोग गरिएका भाषा** | | |
|---|---|---|
| १. कक्षाको सुरुवात | | |
| विद्यार्थीलाई अभिवादन गर्दा प्रयोग गरिएका भाषा | अङ्ग्रेजी | |
| | नेपाली | |
| | विद्यार्थीका मातृभाषा | |
| | अङ्ग्रेजी र नेपाली दुबै | |
| | अन्य | |
| अभिवादन फर्काउँदा विद्यार्थीले प्रयोग गरेका भाषा | अङ्ग्रेजी | |
| | नेपाली | |
| | विद्यार्थीका मातृभाषा | |
| | अङ्ग्रेजी र नेपाली दुबै | |
| | अन्य | |
| शिक्षक प्रतिक्रियाको भाषा | | |

२. कक्षा अवधिमा

पक्षहरू/क्रियाकलापहरू

| शिक्षक केन्द्रित | | विद्यार्थी केन्द्रित | |
|---|---|---|---|
| वोर्डमा लेखिएको भाषा/ हरू | ............ | सामान्य प्रश्नहरू सोध्न विद्यार्थीद्वारा प्रयोग गरिएका भाषा | ............ |
| विषयवस्तुको व्याख्या गर्न प्रयोग भएका भाषा/ हरू | ............ | जोडी समूहमा अन्तरक्रिया गर्न विद्यार्थीद्वारा प्रयोग भएका भाषा/ हरू | ............ |
| निर्देशनहरू दिन शिक्षकद्वारा प्रयोग गरिएका भाषा | ............ | विषयवस्तुसम्बन्धी प्रश्नहरू सोध्नका लागि विद्यार्थीद्वारा प्रयोग गरिएका भाषा/हरू | ............ |
| व्याख्या गर्नका लागि शिक्षकद्वारा प्रयोग भएका भाषा/हरू | ............ | विषयवस्तु बाहेकका अन्य कुराहरूका सम्बन्धमा कुरा गर्दा विद्यार्थीद्वारा प्रयोग गरिएका भाषा/ हरू | ............ |
| प्रश्न गर्दा शिक्षकले प्रयोग गरेको भाषा | ............ | जोडी/ समूहकार्यमा विद्यार्थीले प्रयोग गरेका भाषा | ............ |
| कक्षामा समूह वा जोडी कार्य गराउँदा शिक्षकले प्रयोग गरेका भाषा | ............ | शिक्षकको अनुमति खोज्दा विद्यार्थीद्वारा प्रयोग गरिएका भाषा | ............ |
| कक्षा शिक्षणमा प्रयोग भएका सामग्रीको भाषा | ............ | बुँदा टिपोटका लागि विद्यार्थीले प्रयोग गरेका भाषा/हरू | ............ |
| विद्यार्थीले नबुझेको वेलामा शिक्षकद्वारा प्रयोग गरिएका भाषा/ हरू | ............ | आउन सक्ने अन्य वुदाहरू (उल्लेख गर्नुहोस्) ..................................... ......................................... | ............ |
| प्रष्टीकरणका लागि प्रयोग भएका भाषा/हरू<br><br>आउन सक्ने अन्य बुँदाहरू (उल्लेख गर्नुहोस्) | ............ | Other emerging notes. (Specify)..................................... ......................................... | ............ |

३. कक्षाको अन्त्यमा

पक्षहरू/क्रियाकलापहरू

| शिक्षक केन्द्रित | | विद्यार्थी केन्द्रित | |
|---|---|---|---|
| सङ्क्षेपीकरणका लागि प्रयोग भएका भाषा/ हरू | ............. | गृह तथा कक्षा कार्यको प्रष्टीकरणका लागि अनुरोध गर्न प्रयोग गरिएका विद्यार्थीको भाषा | ............. |
| कक्षा वा गृहकार्यको व्याख्या गर्न प्रयोग गरिएका भाषा | ............. | अन्य (यदि भएमा): | ............. |
| शिक्षकले कक्षा वा गृहकार्य दिँदा प्रयोग हुने भाषा/ हरू | ............. | | |

अन्य टिप्पणीहरू **(**माथि समावेश नभएका कुनै रमाइला कुराहरू भए छोटकरीमा उल्लेख गर्नुहोस्**)**

..............................................................................................................................................................

घ)कक्षा अवलोकनमा अवलोकन कर्ताको धारणा

घ१) शिक्षकले कक्षामा विभिन्न भाषा प्रयोग गर्न विद्यार्थीलाई प्रोत्साहित गरेका छन्?यदि छन् भने कसरी?

..........................................................................................................................................................................

घ२). कक्षामा विद्यार्थीले सबैभन्दा सहजैसँग प्रयोग गरेको भाषा कुन हो?

..........................................................................................................................................................................

घ३) शिक्षकले कक्षाकोठामा सबैभन्दा बढी कुन भाषाको प्रयोग गरेको देखिन्छ?

.......................................................................................................................

घ४) विद्यार्थीले के के उद्धेश्यहरू पूरा गर्न कुन कुन भाषाको प्रयोग गर्छन्?

| भाषा | उद्धेश्य |
|---|---|
| नेपाली | |
| अङ्ग्रेजी | |
| विद्यार्थीका स्थानीय/ मातृभाषाहरू | |
| अन्य (कृपया उल्लेख गर्नुहोस्) | |

घ५) विद्यार्थीको बुझाइको स्तर ( शिक्षकद्वारा कक्षाकोठामा गरिने मूल्याङ्कनका आधारमा)

- सबै विद्यार्थीले राम्रोसँग विषयवस्तु बुझेको देखिन्थ्यो
- थोरै विद्यार्थीले मात्र विषयवस्तु बुझे
- अति कम विद्यार्थीले मात्र विषयवस्तु बुझे

थप बुँदाहरू **(**यदि भएमा**)**

# Bibliography


Awasthi, L.D. (2011). The making of Nepal's language policy: Importation of ideologies'. In L. Farrell, U.N. Singh, & R.A. Giri (Eds), English Language Education in South Asia: From policy to pedagogy (pp. 73–88). Cambridge University Press India.

Bagwasi, M. &, Costley, T. (2022). A defiance of language policy: Seamless boundaries between languages in Botswana classrooms. Journal of the British Academy, 10 (s4), 125-140. https://doi.org/10.5871/jba/010s4.125

Baker, C. (2011). Foundations of bilingual education and bilingualism. Multilingual Matters.

Brown, R. (2018) English and its Roles in Education: Subject or Medium of Instruction? In: Hayes, David ed. English Language Teaching in Nepal: Research, Reflection and Practice. Kathmandu: British Council, pp. 13–35.

Cenoz, J., & Gorter, D. (2020). Teaching English through pedagogical translanguaging. World Englishes, 39(2), 300-311. https://doi.org/10.1111/weng.12462

Costley, T., & Reilly, C. (2021). Methodological principles for researching multilingually: reflections on linguistic ethnography. Tesol Quarterly, 55(3), 1035-1047.

Cushing, I. (2020). The policy and policing of language in schools. Language in Society, 49(3), 425-450.

Dearden, J. (2015). English as a medium of instruction—A growing global phenomenon . London, UK: British Council.

Erling, E. (2014). Role of English in skills development in South Asia. British Council India.

Erling, E. J., Seargeant, P., & Solly, M. (2014). English in rural Bangladesh: How is language education perceived as a resource for development in rural communities?. English Today, 30(4), 15-2.

Erling, E. J., Clegg, J., Rubagumya, C. M., & Reilly, C. (2021). Introduction: Multilingual learning and language supportive pedagogies in Sub-Saharan Africa. In Multilingual Learning and Language Supportive Pedagogies in Sub-Saharan Africa (pp. 1-30). Routledge.

García, O. (2009). Bilingual education in the 21st century: A global perspective. Blackwell Publishing.

García, O., & Kleyn, T., (2016) Translanguaging with multilingual students: Learning from classroom moments. London, UK: Routledge.

García, O., & Wei, L. (2014). Language, bilingualism and education. London: Palgrave Macmillan.

Gogolin, I. (1997). The "monolingual habitus" as the common feature in teaching in the language of the majority in different countries. Per Linguam, 13(2). https://doi.org/10.5785/13-2-187

Gorter, D. & Cenoz, J. (2017). Language education policy and multilingual assessment. Language and Education, 31(3), 231-248.

Government of Nepal. (1990). The Constitution of the Kingdom of Nepal. Nepal Law Commission.

Government of Nepal. (2007) The Interim Constitution of Nepal. Nepal Law Commission.

Government of Nepal. (2015). Constitution of Nepal. Nepal Law Commission.

Guzula, X. (2021). Constructing a pedagogical third space with multilingual children: A case study of the bilingual Stars of Today.Literacy Club. A Doctoral dissertation submitted to the University of Cape Town.

Himalayan News Service. (2021, 07 September). Languages recommended for official use. Accessed on 03 June 2023 at https://thehimalayantimes.com/environment/languages-recommended-for-official-use

Khanal, B., Biswokarma, A., Acharya, S. P., Acharya, D., & Bhatta, L. D. (2020). Report on National Assessment of Student Achievement in Mathematics, Science, Nepali and English for Grade 8. Education Review Office Bhaktpur.

Language Commission. (2019). Annual Report-2019. Language Commission.

Leung, C., Harris, R., & Rampton, B. (1997). The idealised native speaker, reified ethnicities, and classroom realities. TESOL Quarterly, 31(3), 543-560. https://doi.org/10.2307/3587837

Lewis, G., Jones, B., & Baker, C., (2012). Translanguaging: Origins and development from school to street and beyond. Education Research & Evaluation, 18(7), 641-654.

McSwan, J. (2019). A multilingual perspective on translanguaging. In D. Macedo (Ed.), Decolonizing Foreign Language Education (pp. 186-219). Routledge. https://doi.org/10.4324/9780429453113

Makalela, L. (2015). Moving out of linguistic boxes: The effects of translanguaging strategies for multilingual classrooms. Language and Education, 29(3), 200-217. https://doi.org/10.1080/09500782.2014.994524

Makalela, L. (2016). Ubuntu translanguaging: An alternative framework for complex multilingual encounters. Southern African Linguistics and Applied Language Studies, 34(3), 187-196. https://doi.org/10.2989/16073614.2016.1250350

Makalela, L. (2017). Bilingualism in South Africa: Reconnecting with ubuntu translanguaging. Bilingual and Multilingual Education, 3, 297-310. https://doi.org/10.1007/978-3-319-02258-1_14

Makoni, S., & Pennycook, A. (Eds.). (2007). Disinventing and reconstituting languages (Vol. 62). Multilingual Matters.

Makoni, S., & Pennycook, A. (2012). Disinventing multilingualism: From monological multilingualism to multilingua francas. In M. Martin-Jones, A. Blackledge & A. Creese (Eds.), The Routledge handbook of multilingualism (pp. 451-465). Routledge.

May, S. (Ed.). (2013). The multilingual turn: Implications for SLA, TESOL, and bilingual education. Routledge.

Ministry of Education [MOE] (1961). Report of All-Round National Education Committee. MOE.

MOE (1971). Report of the National Education System Plan. MOE. https://www.moe.gov.np/assets/uploads/files/2028_English.pdf.

MOE (1992). Report of the National Education Commission. MOE. https://www.moe.gov.np/assets/uploads/files/2049_English_Summary. pdf.

MOE (2007). National Curriculum Framework- 2007. MOE. https://www.moe.gov.np/assets/uploads/files/National-Curriculum- Framework2007-English.pdf.

Ministry of Education, Science and Technology [MoEST] (2016). School Sector Development Plan- 2016/17–2022/23. https://moe.gov.np/assets/ uploads/files/SSDP_Book_English_Final_July_5, 2017.pdf.

MoEST (2019). National Curriculum Framework- 2019. https://moecdc.gov.np/Publications/National_ Curriculum_Framework_Nepali.pdf.

MOEST (2022). School Education Sector Plan- 2022/23- 2031/32. https://moest.gov.np/upload_file/files/institute/1668690280_1489956552_Nepal%20School%20Education%20Sector%20Plan%20final%202022%20.pdf

National Statistics Office [NSO]. (2023). National population and housing census 2021. Kathmandu: NSO.

Pennycook, A. (2007). ELT and colonialism. In J. Cummins & C. Davison (Eds.), International Handbook of English Language Teaching (pp. 13-24). Springer.

Pennycook, A. (2017). The cultural politics of English as an international language. Routledge.

Phillipson, R. (2009). Linguistic imperialism continued. Orient Blackswan.

Phyak, P. (2016). Local-global tension in the ideological construction of English language education policy in Nepal. In R. Kirkpatrick (Eds), English language education policy in Asia (pp. 199-217). Springer.

Poudel, P. P., Jackson, L., & Choi, T. H. (2022). Decolonisation of Curriculum: The Case of Language Education Policy in Nepal. London Review of Education, 20(1), 13. https://doi.org/10.14324/LRE.20.1.13.

Pradhan, V. (2018). Project NIITE: National Initiative to Improve Teaching in English. In D. Hayes (Eds), English Language Teaching in Nepal: Research, Reflection and Practice (pp. 267-282). British Council.

Rampton, B. (1990). Displacing the “native speaker”: Expertise, affiliation and inheritance. ELT Journal, 44, 97-101. https://doi.org/10.1093/eltj/44.2.97

Reilly, C., Costley, T., Gibson, H., Kula, N., Bagwasi, M., Dikosha, D., Mmolao, P., Mwansa, J., Mwandia, M., Mapunda, G. and James, E., (2023). Emerging principles for researching multilingually in linguistics ethnography: reflections from Botswana, Tanzania, the UK and Zambia. Journal of Multilingual and Multicultural Development, 1-13.

Sah, P. K., & Li, G. (2018). English medium instruction (EMI) as linguistic capital in Nepal: Promises and realities. International Multilingual Research Journal, 12(2), 109-123.

UNESCO (2007). Advocacy kit for promoting multilingual education: Including the excluded (six modules). UNESCO.

UNESCO (2008). Improving the quality of mother tongue-based literacy and learning: Case studies from Asia, Africa and South America. UNESCO.

UNESCO. (2016). If You Don't Understand, How Can You Learn? Policy Paper 24. Paris: Global Education Monitoring Report. http://unesdoc.unesco.org/images/0024/002437/243713E.pdf.

UNICEF. (2019). Early literacy and multilingual education in South Asia. UNICEF Regional Office for South Asia. UNICEF Kathmandu.